नेपाल सरकार

# राष्ट्रिय किसान आयोग

# आयोगको आवधिक रणनीतिक योजना

जेष्ठ २०८०

# विषयसूची


**सार संक्षेप**

**परिच्छेद – १** **१**

**१ परिचय :** **१**

१.१ पृष्ठभुमि १

१.२ अध्ययनको औचित्य २

१.३ लक्ष्य तथा उद्देश्य ४

**परिच्छेद – २** **५**

**२ अध्ययन विधि :** **५**

२.१ अध्ययनको क्षेत्र ५

२.१.१ कार्य क्षेत्र र सम्पादन गर्ने कामहरु: ५

२.१.२ राष्ट्रिय किसान आयोगको आवधिक रणनिती को समयाबधि ७

२.२ तथ्याङ्कका स्रोतहरु (Source of Information) ८

२.२.१ प्रारम्भिक.सुचना सङ्कलन (Primary Information Collection) ८

२.२.२ दोश्रो चरणका सूचना सङ्कलन (Secondary Information Collection) ८

२.३ तथ्याङ्क सकंलन बिधि र प्रक्रिया ८

२.३.१ प्रारम्भिक तथ्याङ्क तथा जानकारी संकलन ९

२.३.२ समुहगत छलफल (Focus Group Discussion) १०

२.३.३ मुख्य जानकार व्यक्तिसंगको अन्तरवार्ता (Key informant interviews/KII) १०

२.३.४ तथ्याङ्क तथा जानकारीको द्धितिय श्रोत (Secondary Sources of Information) १०

२.४ तथ्याङ्क बिश्लेषण बिधि १०

२.४.१ राष्ट्रिय किसान आयोग बाट गरिने अनुगमन कार्ययोजनाको मोडेल एबम् फलोअप १०

**परिच्छेद – ३** **११**

**३ सन्दर्भ सामाग्रीहरुको समिक्षा ( Literature Review)** **११**

३.१ रणनिती तयार गर्ने आधार ११

३.१.१ कृषि बिकास रणनिती ( सन् २०१५ देखि २०३५ सम्म) ११

३.१.२ नेपाल सरकारको पन्ध्रौं पन्चबर्षीय योजना १५

३.१.३ कृषि क्षेत्रमा देखिएका समस्या तथा चुनौतीहरु १७

३.१.४ खाद्य तथा पोषण सुरक्षा १९

३.१.५ गरीबी न्युनीकरण २२

३.१.६ खाद्य सम्प्रभुता तथा किसान अधिकार २३

३.१.७ समाबेशी तथा दिगो कृषि बिकास २५

३.१.८ सुशासन २५

३.१.९ सरकारी, नीजी तथा उत्पादक साझेदारी (Public, Private and Producers Partnership),4P २५

३.२ राष्ट्रिय किसान आयोगको गठन २६

३.२.१ राष्ट्रिय किसान आयोगलाई प्रदत काम, कर्तब्य र अधिकार २६

३.२.२ किसान आयोगले संचालन गर्ने गरेका कार्यक्रमहरु २७

३.२.३ आयोगको दुरदृष्टि, लक्ष्य र ध्येय २९

३.२.४ नेपालमा किसान अधिकार सम्बन्धी ब्यवस्थाहरु २९

**परिच्छेद– ४** **३३**

**४ तथ्याङ्क प्रस्तुति र विश्लेषण :** **३३**

४.१ राष्ट्रिय किसान आयोग गठन समबन्धमा ३३

४.२ राष्टिय किसान आयोगलाई सबल बनाउन कानुनी ब्यबस्था सम्बन्धमा ३३

४.३ आबधिक रणनिती तयार हुँदाका सबल पक्ष सम्बिन्धमा ३४

४.४ आबधिक रणनितीको कार्यान्वयनमा चुनौतीहरु सम्बन्धमा ३५

४.५ श्रोतको बाँडफाँडमा किसान आयेगको भुमिका सम्बन्धमा ३६

४.६ आयोगले सहकारीसँग गर्ने सहकार्य सम्बधमा ३६

४.७ राष्ट्रिय किसान आयोगले रणनिती तयार गर्दा अपनाउने कार्य सम्बन्धमा ३७

४.८ भुमि ब्यबस्थापनका बिभिन्न उपायहरुका बारेमा किसानको जानकारीःसम्बन्धमा ३७

४.९ कृषि भुमि संरक्षण ऐन निर्माण प्रति किसानको धारणा ३८

४.११ प्रांगारिक मलको उत्पादन , ब्यबस्थापन र बजारीकरण सम्बन्धमा ३९

४.१२ साना किसानको उत्थान गर्ने सम्बन्धमा ३९

४.१३ कृषिलाई सम्मानजनक पेशामा रुपान्तरण गर्ने सम्बन्धमा ४०

४.१४ मल उत्पादन, खरीद तथा बितरणमा किसानका सुझाव ४०

४.१५ उत्पादन बृद्धि तथा बजार मुल्य निर्धारणका उपायहरु ४१

४.१६ किसान सूचकिरण , बर्गीकरण र सुबिधाहरु सम्बन्धमा ४१

४.१७ खाद्य अधिकार, अनुबांशिक श्रोत संरक्षण तथा प्रांगारिक खेती सम्बन्धमा ४२

**परिच्छेद– ५** **४३**

**५ आयोगको प्रस्तावित आबधिक रणनीतिक योजना :** **४३**

**परिच्छेद – ६** **१२१**

**६. निष्कर्ष एवं सुझाव :** **१२१**

**सन्दर्भ सामग्रीः** **१२३**

**अनुसुचिहरु** **१२४**

**अनुसुची १ : अध्ययनमा सलंग्न जनशक्तिहरु** **१२४**

**अनुसुची २: प्रारम्भीक.सुचना सङ्कलन(Primary Information Collection) का लागि सोधिएका प्रश्नहरु :** **१२४**

**अनुसुची ३ : अध्ययनको क्रममा सम्पर्क गरिएका कार्यालय तथा निकायहरु** **१२८**

**अनुसुचि ४ : अध्ययनको क्रममा सम्पर्क गरिएका व्यक्तिहरु :** **१३०**

**अनुसुचि ५ : आवधिक रणनीतिक योजना बनाउने अध्ययनको क्रममाअन्तवार्ता दिने ब्यक्तिहरुको नामावली** **१३१**

**अनुसुचि ६ : अध्ययनको क्रममा खिचिएका तस्विहरुः** **१३३**

**अनुसुचि ७ : अध्ययनको क्रममा गरिएका गोष्टीहरुको झलक** **१४२**

# सार संक्षेप

नेपालको अर्थतन्त्रमा महत्वपुर्ण योगदान गर्ने कृषिक्षेत्रको कुल ग्राहस्थ्य उत्पादनमा २४.१ प्रतिशत योगदान र ६०.४ प्रतिशत जनसंख्याको रोजगारी र जीविकोपार्जन लागि यस क्षेत्रमा निर्भर रहनुपरेको छ । अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रलाई आधुनिकीकरण, व्यवसायिकरण र विविधिकरण गरी किसानको हक, हित संरक्षण एवं प्रवर्दनका लागि कृषि सम्बन्धी नीति,ऐन, कानुन तथा योजना तर्जुमा गर्नु साथै कृषि अनुसन्धान र प्रसारलाई किसान मैत्री बनाइ किसानहरुको हक, हित र अधिकारको रक्षा गर्दै कृषिको उत्पादनलाई आत्मनिर्भर बनाउन भएको तथ्यलाई आत्मसात गर्दै कृषि विकास रणनीतिले (२०१५-२०३५) परिलक्षित गरेअनुसार नेपाल सरकारको आदेश अनुसार २०७३-१०-०६ मा किसान आयोग गठन भएको हो । राष्ट्रिय किसान आयोगले आम किसानको हक, हित र अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने मूल मन्त्र लाई आत्मसात गर्दै खाद्यान्नमा आत्मनिर्भर, खाद्य तथा कृषि उत्पादनका साधन श्रोतमा सबै किसानको पहुँच र लाभांशको समन्वय र बाँडफाँड, जवाफदेहीता, पारदर्शीता, स्वतन्त्रता र समावेशीकरणको सम्मान गर्नु आयोगको मूल मान्यता हो।

यस १० वर्षे (२०८०।८१-२०९०।९१) आवधिक रणनीतिमा आयोगको कार्यक्षेत्र विश्लेषण सहित कार्ययोजना तयार गर्न किसानहरूको हक, हित प्रवर्द्धनका लागि योजनाबद्ध रुपमा किसान कल्याणगरी योजना तर्जुमा गरी सरकारबाट जारी भएका कृषि सम्बन्धी नीती, ऐन, नियम, कानुन किसानहरूको पहुँच वृद्धि गर्ने  रणनीतिका उद्देश्य रहेका छन् । खासगरी यस रणनीतिको तयार गर्ने  आधारहरु  कृषि विकास रणनीति,  पर्धौ पन्चबर्षीय योजना, राष्ट्रिय किसान आयोगको कार्यक्षेत्रहरु एवं नेपालको विद्यमान ऐन, कानुनहरु नै हुन् । १४बुँदाहरु उल्लेख भएका कार्यक्षेत्रहरुलाई नै रणनीतिको रुपमा चित्रण गरी सो को मुख्य कार्य क्षेत्र, सोच, लक्ष्य, उद्देश्य कार्यनीतिहरु गरी रणनितिहरुको विश्लेषण गरिएको छ । प्रत्येक बुदाँको सफल पक्ष, कमजोर पक्ष, अवसर र जोखिम  विश्लेषण गरिएको छ ।

राष्ट्रिय किसान आयोगको आवधिक रणनिती तयार गर्दा कार्य योजना सहित प्रस्तुत गरिएको छ । साथै १० वर्षको आवधिक कार्यक्रमको बाँडफाँड योजना समेत प्रस्तुत गरिएको छ । राष्ट्रिय किसान आयोग  लाई सर्वपक्षीय एवं किसानको हक, हित, संरक्षण र अधिकार स्थापित गर्न प्रधानमन्त्री एवं मन्त्रिपरिषदको कार्यालय अन्तर्गत रहने गरी पाचँ वटा मुख्य महाशाखाहरुमा बिभाजन गरिएको छ । किसानको नीति, ऐन तर्जुमा र सुझाव महाशाखा, कल्याणकारी योजना महाशाखा, किसान योजना महाशाखा, किसान समस्या सम्बोधन र अनुगमन महाशाखा र किसान क्षमता विकास गरी कार्य विभाजन गरिएको छ । राष्ट्रिय किसान आयोगले मुख्यतया पहल गर्ने , सिफारिस गर्ने,  सहकार्य गर्ने, समन्वय गर्ने जस्ता कामहरु गरिने भएकाले किसानको हक, हित एवं अधिकार संरक्षणका लागि उत्पादनदेखि बजारसम्मका सम्पूर्ण मूल्य श्रृंखलाहरुमा सहजीकरण गर्ने, किसानको उपजको न्यूनतम समर्थन मूल्य तोक्न सहयोग र सिफारिस गर्ने, भौतिक पूर्वाधारको निर्माणको लागि पहल गर्ने किसानको सेवा प्रवाहको लागि अनुसन्धान, प्रसार र कृषि शिक्षालाई किसानको घर दैलोसम्म पुर्याउन र समन्वय गर्न जस्ता कार्यहरु रणनीतिको प्राथमिकतामा रहेका छन् ।

किसान सूचीकरण, वर्गीकरण, किसानलाई समाजिक सुरक्षा, विशेष सम्मानजनक पेशामा रुपान्तरण हुने, वैकिंङ्ग सुविधा, बिमा साथै उत्पादन र बजारमा आधारित अनुदानलाई सरल र किसानको पहुँच पु-र्याउन पहल गर्ने उल्लेख छ । त्यस्तै उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न सामुहिक खेती, करार खेती, भूमि बैंक, सहकारी खेतीलाई प्रवर्द्धन गर्न विशेष पहल गरिने भएको छ। किसानको विद्यमान ऐन, नियम, नीतिमा किसानको पहुँचलाई विश्लेषण गर्दै आगामी दिनहरुमा निर्माण हुने ऐन, नियम, नीतिमा प्रत्यक्ष पहुँच र सहभागिता रहने भनिएको छ। प्राकृतिक स्रोत लगायत रैथाने बीउ, बिजनमा किसानको पहुँच बढ्ने र किसान संघ, संगठन, सहकारी संस्था एबम् सन्जाललाई कृषि विकासको लागि समन्वय र सहकार्यमा विशेष महत्व दिइएको छ । आयोगले किसान संघ,समूह, सगंठन, सञ्जालको दर्ता नियमन गर्ने, आयोजनाहरूको अनुगमन एवं प्रभावकारिता अध्ययन गर्ने भएको छ ।

आयोगले e-agriculture र डिजिटल कृषिलाई बढावा दिने, जलवायु परिवर्तनको प्रभावकारितालाई अध्ययन गर्दै सिफारिस गर्ने, किसान डाटाबेस तयार पार्ने कार्य गर्ने छ । यस अवधि र रणनीति अनुसार किसान आयोगले तोकिएको १४ बुँदा बाहेक थप ६ बुँदाहरु रणनितीमा समाबेश भएका छन् । यस अनुसार दैविक विपद, बाढी, पहिरो, प्राकृतिक प्रकोपमा क्षतिपूर्ति सिफारिस, किसान रोजगार एवं भुमिहिन, निम्न आय भएका महिला, दलित , श्रमिक किसानहरुका लागि बिशेष रोजगार वृद्धि गर्ने एवं क्षमता विकास गर्ने, किसानको गुनासो व्यवस्थापन गर्ने जस्ता कार्ययोजनाहरु रहेका छन् । यस रणनीतिले गर्दा कृषिमा व्यवसायीकरण हुने , किसानको अधिकार स्थापित हुने, सम्मानजनक पेसामा रुपान्तरण हुने, किसानको न्यूनतम आवश्यकता पूर्ति हुने, भूमिमा अधिकार बढ्ने जस्ता प्रतिफलहरु प्राप्त हुनेछन् ।

# परिच्छेद – १

## १ परिचय :

### १.१ पृष्ठभुमि

नेपालको अर्थतन्त्रमा महत्वपुर्ण योगदान गर्ने कृषि क्षेत्रका कूल ग्राहस्थ्य उत्पादनमा २५.१ प्रतिशत योगदान र ६०.४ प्रतिशत जनसंख्या रोजगारी तथा जिबिकोपार्जनका लागि यस क्षेत्रमा निर्भर रहनु परेको छ । (कृषि तथा पशुपन्छी बिकास मन्त्रालय, २०७८), नेपालमा योजनाबद्ध विकास शुरु भए देखि नै कृषि क्षेत्रको बिकासलाई उच्च प्राथमिकतामा राखिदै आएको भएता पनि अपेक्षाकृत रुपमा कृषि क्षेत्रले गति लिन नसकेको देखिन्छ । आर्थिक रुपले सक्रिय जनशक्ति बिदेशिने क्रम बढ्दै जाँदा कृषि क्षेत्रमा बढ्दै गईरहेको श्रम शक्ति को अभाव, बढ्दो जग्गा को खण्डीकरण, उर्बर कृषि भुमि को गैर कृषि क्षेत्रमा प्रयोग , कृषि तथा पशु जन्य उत्पादनमा बढ्दो उत्पादन लागत, उत्पादन सामाग्रीहरुको अपर्याप्तता , प्राबिधिक सेवामा पहुँचको अभाब, जलबायु परिबर्तन को नकरात्मक प्रभाब र कृषि शिक्षा, अनुसन्धान र प्रसार बीच समन्वयको अभाब जस्ता समस्या र चुनौतीहरुले गर्दा आशातीत उपलब्धि हासिल हुन सकेको देखिदैन । तथापी पछिल्लो करीब एक दशकमा कृषि क्षेत्रका कतिपया बाली बस्तुहरु परम्परा कृषि प्रणाली भन्दा ब्यबसायोन्मुख, आधुनिकीकरण तथा यान्त्रीकरण तर्फ अग्रसर भएको छ , यसले ग्रामीण अर्थतन्त्रलाई सबल बनाउन सहयोग पुरयाएको छ ।

संबिधानमा उल्लेखित भएका किसानका लागि हक, हित र अधिकार संरक्षण र प्रबर्द्धनका लागि निर्माण हुने कानूनहरुको अभाब साथै भएका ऐन कानूनहरुको प्रभाबकारी कार्यान्वयन हुन नसक्नु किसान र कृषि संरक्षण साथै कृषि बिकासका लागि बाधक देखिएका छन् । अर्थतन्त्रको मेरुदण्ड को रुपमा रहेको कृषि क्षेत्रलाई आधुनिकीकरण, ब्यबसायीकरण र बिबिधीकरण गरी किसानको हक, हित संरक्षण एबम् प्रबर्द्धन का लागि कृषि सम्बन्धी निती, ऐन, कानून तथा योजना तर्जुमाको साथै कृषि अनुसन्धान र प्रसारलाई किसान मैत्री बनाई किसानहरुको हक, हित र अधिकारको रक्षा गर्दै कृषि उत्पादनमा नेपाललाई आत्मनिर्भर बनाउन बान्छनीय भएको तथ्यलाई आत्मसात गर्दै कृषि बिकास रणनिती (२०१५ देखि २०३५ सम्म) ले परिलक्षित गरे अनुसार नेपाल सरकारको मिती २०७३ । १०। ६ मा जारी किसान आयोग गठन कार्यकारी आदेश, २०७३ अनुसार राष्ट्रिय किसान आयोग गठन भएको हो । उक्त गठन आदेश अनुसार कृषि उत्पादन , उत्पादकत्व अभिबृद्धि गरी किसानको हक, हित र अधिकारको संरक्षण एबम् प्रबर्द्धन गर्ने कार्य सँग सम्बन्धित बिषयमा नेपाल सरकारलाई सहयोग पुरयाउनु आयोग को कर्तब्य रहेको छ । यसै सन्दर्भमा कार्यकारी आदेश अनुसार प्राप्त क्षेत्राधिकार भित्र रही किसानको हक, हित र अधिकारको संरक्षण एबम् प्रबर्द्धन गर्नका लागि बिभिन्न बिषयमा अध्ययन तथा अनुसन्धान गर्ने उद्धेश्यका साथ आयोगको आबधिक रणनितीक योजना तयार गर्ने कार्यक्रम रहेको छ । राष्ट्रिय किसान आयोगको काम, कर्तब्य र अधिकार पूर्ण रुपले कार्यान्वयन गर्न तयार पारिएको आबधिक रणनितीले भाबी दिनहरुमा किसान कल्याणकारी कार्यक्रम तर्जुमा गरी प्रभाबकारी रुपमा कार्यक्रम कार्यान्वयन गर्न योगदान पुग्ने छ ।

राट्रिय किसान आयोगले आम किसानको हक हित र अधिकारको संरक्षण र प्रबर्द्धन गर्ने मूल मर्मलाई आत्मसात गर्दै कृषि नै बिकास र समृद्धिको आधार हो भन्ने मान्यताका साथ किसान अधिकार संस्कृतिको बिकास गर्ने दूर दृष्टि रहेको छ । खाद्य सम्प्रभुता, किसानमुखी र आत्मनिर्भर कृषि , समानता र न्याय, निस्पक्षता, खाद्य तथा कृषि

उत्पादनका साधन श्रोतमा सबै किसानको पहुंच र लाभांशको सम न्यायिक बांडफांड, जबाफदेहिता, पारदार्शिता, स्वतन्त्रता र स्वायतता, सहभागिता र समाबेशीकरण बिबिधताको सम्मान गर्नु आयोगका मूलभूत मान्यताहरु हुन्।

## १.२ अध्ययनको औचित्य

नेपालको संबिधान, २०७२ भाग ३ ले मौलिक हकको बिषयमा आकृष्ट गरेको छ । यसको उपभाग (३६) ले खाद्य सम्बन्धी को हक स्थापित गरेको छ । खाद्य तथा कृषि सँग सम्बन्धित मौलिक हकको रुपमा यस अनुसार उल्लेख भएको देखिन्छः (१) प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुने छ । (२) प्रत्येक नागरिकलाई कानून बमोजिम सम्प्रभुताका हक हुनेछ । (३) प्रत्येक नागरिकलाई कानून बमोजिम खाद्य सम्प्रभुताको हक हुने छ ।

खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ ले तोकेको कृषि तथा खाद्य सम्बन्धी काम, कर्तब्य तथा अधिकारलाई उजागर गरेको छ । भाग (२) परिभाषाः उपभाग (ख) मा किसान भन्नाले कृषिलाई मुख्य पेशा वा ब्यबसाय बनाई त्यसबाट नै आफ्नो जिबिकोपार्जन गर्ने नागरिक सम्झनु पर्छ र सो शब्दले त्यस्तो नागरिकमा आश्रित परिबारका सदस्य वा बर्षको ६ महिना वा सो भन्दा बढी अबधि कृषि कार्यमा श्रम गर्ने वा परम्परागत कृषि औजार निर्माण गर्ने नागरिकमा आश्रित परिबार सदस्यलाई समेत वुझाउँद छ । सोही ऐनको दफा (१३) अनुसार कृषि पेशाको संरक्षण र किसानको जीबनस्तरको प्रबर्द्धन : नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले पारिस्पारिक समन्वयमा कृषि पेशाको संरक्षण गरी किसानको जीबनस्तरको प्रबर्द्धन गर्न उपलब्ध श्रोत साधनको आधारमा यस बमोजिमको ब्यबस्था मिलाउने छः (क) कृषि तथा खाद्य उत्पादनको क्षेत्रमा लगानी अभिबृद्धि गर्ने । (ख) खाद्य उत्पादनको उन्नत प्रबिधि, बाताबरण मैत्री , मल , बिउका बिभिन्न प्रकार, जीबनाशक बिषादी वा कृषि सामाग्रीको दिगो पहुँच लाई बिस्तार गर्ने । (ग) नगदेबाली वा निकासि योग्य बालीलाई बिशेष ग्राहयता दिने । (घ) बिउ, बाली वा पशुपन्छी बिमामा किसानको सरल तथा सहज पहुँचलाई बिस्तार गर्ने । (ङ.) कृषि बजारमा किसानको पहुँचलाई अभिबृद्धि गर्ने । (च) जैबिक खेतीका लागि आबश्यक पर्ने पूर्बाधारमा किसान पहुँचलाई बिस्तार गर्ने । (छ) रासायनिक, बिषादीयुक्त वा अनुबांशिक अभियान्त्रिक ( जिएमओ) खेतीबाट हुने हानिबाट संरक्षण प्रदान गर्ने । (ज) लामो समयसम्म सन्चय गर्न सक्ने तोकिएको बालीको न्युनतम मुल्य तोक्ने । (झ) अतिबृष्टि, अनाबृष्टि वा खडेरी लगायात मौसमको बारे पूर्बसूचना दिने प्रणालीको बिकास गर्ने । (ञ) जैबिक बिबिधितामा अधारित दिगो कृषि प्रणाली प्रबर्द्धन गर्ने । (ट) कृषि पेशाको संरक्षण गर्न कृषिको ब्यबसायीकरण , औद्योगीकिकरण र आधुनिकीकरण र प्रबिधिकरण गर्ने । (ठ) महिला किसान तथा कृषिमा अधारित भुमिहीन परिबारलाई प्राथमिकताको आधारमा कृषि योग्य भुमि तथा कृषि सामाग्रीमा पहुँच बिस्तार गर्ने । (ड) कृषि, फलफुल तथा पशुपन्छी उत्पादन मा प्रयोग भएको जलश्रोत को त्यस्तो उत्पादनलाई प्रतिकुल हुने गरी अन्यथा उपयोग गर्न नदिने । (ढ) कृषि उत्पादन वा कृषि बालीको हानि, नोक्शानी बिरुद्ध किसानलाई तोकिए बमोजिमको क्षतिपुर्ति प्रदान गर्न ब्यबस्था मिलाउने । (ण) लागत मुल्यमा अधारित भई कृषि उत्पादन को समर्थन मुल्य तोक्ने । सोही ऐनको दफा (१४) ले किसानको पहिचान र सम्मानको ब्यबस्था गरेको छ । उपदफा (१) बमोजिम नेपाल सरकारले किसानको तोकिए बमोजिम पहिचान गरी बर्गीकरण गर्ने छ । (२) स्थानीय तहले उपदफा (१) बमोजिम बर्गीकरणको आधारमा परिचयपत्र जारी गर्ने छ । (३) उपदफा (१) बमोजिमको बर्गीकरण को आधारमा किसानलाई राज्यबाट प्राप्त हुने सहुलियत, छुट, सुबिधा तथा प्रचलित कानून बमोजिम योगदानमा अधारित

निबृतभरण उपलब्ध गराईनेछ ।। (४) परिचय पत्रको मान्य अबधि नबीकरण तथा तत्सम्बन्धी अन्य ब्यबस्था तोकिए बमोजिम हुने छ। सम्बन्धित ऐनले ब्यबस्था गरे अनुसार दफा (१५)मा कृषि योग्य भुमिको दिगो उपयोग, (१६) स्थानीय कृषि बाली तथा पशुजन्य उत्पादनको प्रबर्द्धन (१७) कृषि योग्य भूमिको दिगो ब्यबस्थापनको जिम्मेबारी (१८) लक्षित कृषि बिकास कार्यक्रम सन्चालन (१९) जलबायु परिबर्तनबाट हुन सक्ने असरको न्युनीकरणको ब्यबस्था (२०) क्षतिपूर्तिको ब्यबस्था, समेत गरेको छ।

हाल संचालनमा रहेको पन्ध्रौं पंचबर्षीय योजनाको आधार बर्ष २०७५। ०७६ लाई मानी अबको कार्यकाल अत्यन्त महत्वपूर्ण रहने देखिन्छ । कोभिड १९ जस्तो महामारीको चपेटामा रहेको बिश्वकै अर्थतन्त्र शिथिल भएको छ, नेपाल पनि यसबाट अक्षुण्न छैन । यस योजनाको आधार बर्षमा आर्थिक बृद्धिदर अपेक्षित रुपमा नरहे पनि २०८०।०८१ सम्म आर्थिक बृद्धिदर १०.३ प्रतिशत प्राप्त गर्न सक्नु चुनौती रहेको छ । सोही कार्यकाल सम्म प्रति ब्यक्ति आय अमेरिकी डलर १०४७ बाट १५९५ , गरीबी न्यूनीकरण १८.७ बाट ९.५ प्रतिशतमा झार्नु, प्रमुख बालीहरुको उत्पादकत्व (रु.००० ) १८४.६ बाट २७६.०, सिंचाई योग्य भूमि ३३ प्रतिशत बाट ५० प्रतिशत पुरयाउनु आफैमा अत्यन्त चुनौतीपुर्ण रहेको छ । त्यस्तै आधारभूत खाद्य सुरक्षा को स्थितिमा रहेका परिबारको प्रतिशत ४८.२ बाट ८० प्रतिशत पुरयाउनु, कुल आयातमा अत्याबश्यक बस्तु (कृषि उपज, जीबजन्तु र खाद्य पदार्थको अंश ) १४.७ बाट ५ प्रतिशतमा पुरयाउनु , बेरोजगार दर ११.४ बाट ४ प्रतिशतमा झार्नु, बिश्व बाजार घट्दो श्रम बाजार आफैमा समस्या को रुपमा देखिन्छ। निजी क्षेत्रको लगानी बृद्धि गर्ने ,लक्ष्य अनुसार ६१ प्रतिशत पुरयाउने समेत कृषि बिकास बिना सम्भब छैन। (पन्ध्रौं पन्चबर्षीय योजना, राष्ट्रिय योजना आयोग, २०७६)

राष्ट्रिय किसान आयोग को स्थापना पश्चात बिगत ६ बर्षको कार्यकालमा यसले आफना मूलभुत सिद्धान्त अनुरुप किसानको पैरबी गर्ने, किसानको हक अधिकार बारे सरकारलाई सुझाव दिने, संघीयताको मर्म अनुरुप प्रादेशिक सरकारसंग समन्वय गरी समस्या र समाधानका उपायहरु उजागर गर्ने जस्ता नीतिगत कार्यहरु गर्दै आएका छन्। यर्थाथमा किसानका आबाज, कृषि पेशालाई सम्मानजनक पेशाको रुपमा स्थापना, कृषिमा ब्यबसायीकरण एबम् यान्त्रीकरणको तीब्रता, कृषिजन्य उत्पादनलाई सहज बजारीकरणमा उपलब्धिमूलक कार्य गर्न सकिएको छैन । किसानको आयस्तरमा सुधार नआएसम्म मुलुकको समग्र बिकास हुन नसक्ने देखिन्छ। किसानको उत्पादन लागत मूल्य आउने गरी ब्यबसाय फस्टाउने किसिमले किसानको हक हित संरक्षण र सम्बर्धन गर्न सक्नु आजको आबश्यकता हो। ( राष्ट्रिय किसान आयोग, २०७८)

लक्ष्य र रणनिती बिना बनाईएका कार्यक्रम सफल हुन कठीन हुन्छ। राष्ट्रिय किसान आयोग स्थापना भएको एक कार्यकाल समाप्ति पछि यस आयोगले गरेका कामकाजको आफ्नो समीक्षा गर्नु अत्यन्त सराहनीय छ। अब को अर्को दोश्रो कार्यकालमा किसानको हक हित लाई संरक्षण र सम्बर्धन गर्दे प्रभाबकारी रुपमा कार्यक्रम कार्यान्वयन गर्नु पर्ने हुन्छ। कृषि बिकास रणनिती ( २०१५ देखि २०३५ सम्म) ले उल्लेख गरे अनुसार राष्ट्रिय किसान आयोग गठन भई कार्यान्वयनमा आएको हुँदा यो रणनितीले निर्देश गरे बमोजिम समसामयिक सुधार सहित सो लक्ष्य र उद्देश्यलाई सफल बनाउन आयोगको आबधिक रणनिती सफल हुने अपेक्षा गरिएको छ।

## १.३ लक्ष्य तथा उद्देश्य

यस कार्यक्रमको मुख्य लक्ष्य आम किसानको हक हित र अधिकार को संरक्षण र प्रबर्द्धन गर्न आयोगको १० बर्षे आबधिक रणनिती तयार गर्नु रहेको छ। यसका मुख्य मुख्य उद्‌देश्य हरु यस प्रकार रहेका छन्।

- राष्ट्रिय किसान आयोगको कार्य क्षेत्रको बिश्लेषण सहित रोडम्याप तयार गर्नु ,
- किसानहरुको हक, हित प्रबर्द्धन का लागि योजनाबद्ध रुपले किसान कल्याणकारी योजना तर्जुमा गरी कार्यक्रम कार्यान्वयन गर्न आबधिक रणनिती योजना तयार गर्नु र
- नेपाल सरकारबाट जारी भएका कृषि सम्बन्धी नीती ,ऐन, नियम , कानूनमा किसानहरुको पहुँच बृद्धिका लागि आबधिक रणनितीक योजना तयार गर्नु।

# परिच्छेद – २

## २ अध्ययन विधि :

### २.१ अध्ययनको क्षेत्र

#### २.१.१ कार्य क्षेत्र र सम्पादन गर्ने कामहरु:

संघ र ३ वटै भौगोलिक क्षेत्रको प्रतिनिधित्व हुने गरी ५ वटा प्रदेश, १८ वटा जिल्ला र २१ वटा स्थानिय तहमा स्थलगत अध्ययन , छलफल तथा अर्न्तक्रिया गरिएको थियो । अध्ययन गरिएको भौगोलिक क्षेत्र, जिल्ला र स्थानिय तह देहाएको चित्र र तालिकामा उल्लेख गरिएको छ ।




चित्र १ : नेपालको नक्सामा अध्ययन गरिएको भौगोलिक क्षेत्र तथा जिल्लाहरु

तालिका १ : अध्ययन गरिएको भौगोलिक क्षेत्र, प्रदेश, जिल्ला र स्थानिय तहहरु

| भौगालिक क्षेत्र | **संघ र प्रदेश** | **जिल्ला** | **स्थानीय तह** | **सरोकारवालाहरु** |
|---|---|---|---|---|
| पहाड | संघ | काठमाण्डौ | काठमाण्डौ म.न.पा. | कृषक, कृषक समुह, सहकारी, कृषिमा संलग्न मुलय श्रृंखलाका सरोकारवालाहरु, बिभाग , निर्देशनालय , कृषक तथा कृषि बजारका संघ, संस्थाहरु सरकारी, निजी तथा गैरसरकारी संस्थाहरु |
| हिमाली | कोशी प्रदेश | सोलुखुम्बु | सोलु दुधकुण्ड | कृषक, कृषक समुह, सहकारी, कृषिमा संलग्न मुलय श्रृंखलाका सरोकारवालाहरु, बिभाग , निर्देशनालय , कृषक तथा कृषि बजारका संघ, संस्थाहरु सरकारी, निजी तथा गैरसरकारी संस्थाहरु |
| पहाडी | कोशी प्रदेश | ओखलढुंगाा | सिद्धिचरण | कृषक, कृषक समुह, सहकारी, कृषिमा संलग्न मुलय श्रृंखलाका सरोकारवालाहरु, बिभाग , निर्देशनालय , कृषक तथा कृषि बजारका संघ, संस्थाहरु सरकारी, निजी तथा गैरसरकारी संस्थाहरु |
| प्हाडी | कोशी प्रदेश | खोटांग | दिक्तेल रुपाकोट मम्फुवागढी | कृषक, कृषक समुह, सहकारी, कृषिमा संलग्न मुलय श्रृंखलाका सरोकारवालाहरु, बिभाग , निर्देशनालय , कृषक तथा कृषि बजारका संघ, संस्थाहरु सरकारी, निजी तथा गैरसरकारी संस्थाहरु |
| भित्री मधेश | कोशी प्रदेश | उदयपुर | बेलका नगरपालिका | कृषक, कृषक समुह, सहकारी, कृषिमा संलग्न मुलय श्रृंखलाका सरोकारवालाहरु, बिभाग , निर्देशनालय , कृषक तथा कृषि बजारका संघ, संस्थाहरु सरकारी, निजी तथा गैरसरकारी संस्थाहरु |
| पहाडी | | उदयपुर | हलेसि तुवाचुंग | कृषक, कृषक समुह, सहकारी, कृषिमा संलग्न मुल्य श्रृंखलाका सरोकारवालाहरु, बिभाग , निर्देशनालय , कृषक तथा कृषि बजारका संघ, संस्थाहरु सरकारी, निजी तथा गैरसरकारी संस्थाहरु |
| तराई | मधेश प्रदेश | धनुषा | जनकपुर उ.म.न.पा. | कृषक, कृषक समुह, सहकारी, कृषिमा संलग्न मुल्य श्रृंखलाका सरोकारवालाहरु, बिभाग , निर्देशनालय , कृषक तथा कृषि बजारका संघ, संस्थाहरु सरकारी, निजी तथा गैरसरकारी संस्थाहरु |
| तराई | | धनुषा | नगराईन न.पा. | कृषक, कृषक समुह, सहकारी, कृषिमा संलग्न मुल्य श्रृंखलाका सरोकारवालाहरु, एग्रोभेट, कृषक तथा कृषि बजारका संघ, संस्थाहरु सरकारी, निजी तथा गैरसरकारी संस्थाहरु |
| तराई | | महोतरी | बर्दिबास न.पा. | कृषक, कृषक समुह, सहकारी, कृषिमा संलग्न मुल्य श्रृंखलाका सरोकारवालाहरु, एगग्रभेट, कृषक तथा कृषि बजारका संघ, संस्थाहरु सरकारी, निजी तथा गैरसरकारी संस्थाहरु |
| तराई | | सर्लाही | लालबन्दी न.पा. | कृषक, कृषक समुह, सहकारी, कृषिमा संलग्न मुल्य श्रृंखलाका सरोकारवालाहरु, एग्रोभेट, कृषक तथा कृषि बजारका संघ, संस्थाहरु सरकारी, निजी तथा गैरसरकारी संस्थाहरु |
| तराई | | बारा | कलैया | कषक, कृषक समुह, सहकारी, कृषिमा संलग्न मुल्य श्रृंखलाका सरोकारवालाहरु, एग्रोभेट, कृषक तथा कृषि बजारका संघ, संस्थाहरु सरकारी, निजी तथा गैरसरकारी संस्थाहरु |
| पहाड | बाग्मती प्रदेश | चितवन | भरतपुर म.न.पा. | कृषक, कृषक समुह, सहकारी, कृषिमा संलग्न मुल्य श्रृंखलाका सरोकारवालाहरु, एग्रोभेट, कृषक |

| | | | | |
|---|---|---|---|---|
| | | | | तथा कृषि बजारका संघ, संस्थाहरु, सरकारी, निजी तथा गैरसरकारी संस्थाहरु |
| पाहाड | | चितवन | ईच्छाकामना गा.पा. | कषक, कृषक समुह, सहकारी, कृषिमा संलग्न मुल्य श्रृंखलाका सरोकारवालाहरु, एग्रोभेट, कृषक तथा कृषि बजारका संघ, संस्थाहरु, सरकारी, निजी तथा गैरसरकारी संस्थाहर |
| हिमाली | | दोलखा | भिमेश्वर | कृषक, कृषक समुह, सहकारी, कृषिमा संलग्न मुल्य श्रृंखलाका सरोकारवालाहरु, एग्रोभेट, कृषक तथा कृषि बजारका संघ, संस्थाहरु, सरकारी, निजी तथा गैरसरकारी संस्थाहर, बिभाग, निर्देशनालय। मन्त्रालय |
| पाहाड | | धादिंग | नीलकण्ठ | कषक, कृषक समुह, सहकारी, कृषिमा संलग्न मुल्य श्रृंखलाका सरोकारवालाहरु, एग्रोभेट, कृषक तथा कृषि बजारका संघ, संस्थाहरु, सरकारी, निजी तथा गैरसरकारी संस्थाहरु |
| पाहाड | | काभ्रेपलान्चोक | पनौती न.पा. | कृषक, कृषक समुह, सहकारी, कृषिमा संलग्न मुल्य श्रृंखलाका सरोकारवालाहरु, एग्रोभेट, कृषक तथा कृषि बजारका संघ, संस्थाहरु, सरकारी, निजी तथा गैरसरकारी संस्थाहरु |
| पहाड | कर्णाली प्रदेश | सुर्खेत | बिरेन्द्रनगर न.पा. | कृषक, कृषक समुह, सहकारी, कृषिमा संलग्न मुल्य श्रृंखलाका सरोकारवालाहरु, एग्रोभेट, कृषक तथा कृषि बजारका संघ, संस्थाहरु, सरकारी, निजी तथा गैरसरकारी संस्थाहरु |
| पहाड | | दैलेख | दुल्लु न.पा. | कृषक, कृषक समुह, सहकारी, कृषिमा संलग्न मुल्य श्रृंखलाका सरोकारवालाहरु, एग्रोभेट, कृषक तथा कृषि बजारका संघ, संस्थाहरु, सरकारी, निजी तथा गैरसरकारी संस्थाहरु |
| पहाड | सुदुर पशिचिम | अछाम | मगंलसेन न.पा | कृषक, कृषक समुह, सहकारी, कृषिमा संलग्न मुल्य श्रृंखलाका सरोकारवालाहरु, एग्रोभेट, कृषक तथा कृषि बजारका संघ, संस्थाहरु, सरकारी, निजी तथा गैरसरकारी संस्थाहरु |
| पहाड | | बाजुरा | बुढिगंगा न.पा. | कृषक, कृषक समुह, सहकारी, कृषिमा संलग्न मुल्य श्रृंखलाका सरोकारवालाहरु, एग्रोभेट, कृषक तथा कृषि बजारका संघ, संस्थाहरु, सरकारी, निजी तथा गैरसरकारी संस्थाहरु |
| तराई | | कैलाली | धनगढि उप महा न.पा. | कृषक, कृषक समुह, सहकारी, कृषिमा संलग्न मुल्य श्रृंखलाका सरोकारवालाहरु, एग्रोभेट, कृषक तथा कृषि बजारका संघ, संस्थाहरु, सरकारी, निजी तथा गैरसरकारी संस्थाहरु |

### २.१.२ राष्ट्रिय किसान आयोगको आबधिक रणनिती को समयाबधि

यो रणनितीको कार्यकाल पाँच बर्ष रहेको भए पनि आबश्यकता अनुसार सुधारका रणनिती सहित थप बर्ष हरुमा समेत संचालन हुने छ। खासमा यो रणनितीक कार्ययोजना अगामी बर्ष २०८०/०८१मा शूरु भई २०९०/०९१ सम्म संचालन हुने छ।

## २.२ तथ्याङ्कका स्रोतहरु (Source of Information)

### २.२.१ प्रारम्भिक.सुचना सङ्कलन (Primary Information Collection)

प्राथमिक सूचना Semi Structural Questionair को माध्यमबाट कृषक समुह, सहकारी, प्रगतीशिल किसानहरु, बिज्ञहरु, कार्यक्षेत्रका कार्यरत कर्मचारीहरु, सरोकारबालाहर, वार्डका जनप्रतिनिधीहरुसँग अन्तरवार्ता गरी सङ्कलन गरिएको थियो ।

### २.२.२ दोश्रो चरणका सूचना सङ्कलन (Secondary Information Collection)

दोश्रो चरणका सूचनाहरु राष्ट्रिय योजना आयोग, मन्त्रालय, बिभाग, निर्देशनालय तथा नगरपालिकामा प्रकाशित पुस्तीका, किताबहरु, बुक्लेट, सूचना जर्नल आदिबाट सङ्कलन गरीएको थियो । यस्ता सूचनाहरु संकलन गर्न सम्बीन्धत सरकारी तथा गैरसरकारी संस्थाहरुले प्रकाशित गरेका पुस्तिका र अन्य तथ्यांक संलगन पुस्तक समेत उपयोगमा ल्याईएको थियो ।

## २.३ तथ्याङ्क सकंलन बिधि र प्रकिया

यो अध्ययन संचालन गर्ने एउटा ठोस कार्ययोजना बनाई, अध्ययन टोली गठन गरि निश्चित प्रदेशको लागी निश्चित ब्यक्ति संयोजक तोकेर संचालन गरिएको थियो यसैगरि, संघ/प्रदेशमा पनि आवश्यकता अनुसार जानकारी संकलन गर्न पहल गरिएको थियो । यो अध्ययनमा तपसिल अनुसारको कार्य योजना बनाई क्रियाकलपहरु गरिएको थियो ।

तालिका २ : कार्य योजना

| क.स. | क्रियाकलाप | समयाबधि | सरोकारबाला |
|---|---|---|---|
| १ | अध्ययन शुरुवातको लागि प्रस्ताव माथि अर्न्तक्रिया, छलफल, कार्य प्रारम्भ Inception ) बैठक | १ दिन | राष्ट्रिय किसान आयोगका पदाधिकारी तथा बिज्ञ समुह र अन्य सरोकारवालाहरु |
| २ | आयोगमा सरोकारबाला सहितको कार्यशालामा बिस्तृत प्रस्ताब पेश गरी पृष्ठपोषण लिई शुरुवाती कार्यशाला गोष्ठी पश्चात तयार भएको प्रतिबेदन आयोगमा पेश | ३ दिन | नेपाल फारमार्स एडभाईजरी काउन्सिल प्रा.लि, राष्ट्रिय किसान आयोगका पदाधिकारी तथा बिज्ञ समुह |
| ३ | सेकेण्डरी तथ्यांक र सुचना सङ्कलन तथा बिश्लेषण, आयोग सँग सन्दर्भ सामाग्रीहरुको अध्ययन तथा बिश्लेषण | १५ दिन | नेपाल फारमर्स एडभाईजरी काउन्सिल प्रा.लि., राष्ट्रिय किसान आयोग अन्य सरकारी तथा गैर सरकारी कार्यालयहरु |
| ४ | आयोगको आबधिक रणनितीको उद्देश्य अनुसार सेमि स्टक्चरड प्रशनाबली तयार | ३ दिन | नेपाल फारमर्स एडभाईजरी काउन्सिल प्रा.लि, बिज्ञ समुह |
| ५ | नेपाल फारमर्स एडभाईजरी काउन्सीलले इन्सेप्सन गोष्ठीमा प्रस्ताब पेश भए अनुसार , आयोगको समर्थन पश्चात ३ भौगोलिक क्षेत्र, १ संघ, ५ प्रदेश , प्रत्येक प्रदेशमा कम्तीमा ५ वटा स्थानीय निकाय पर्ने गरी २१ स्थानहरुमा रणनितीक कार्ययोजना बारे प्रश्नाबली अनुसार अर्न्तबार्ता, तथा ,सरोकारवालाहरु सँग छलफल | १५ दिन | नेपाल फारमर्स एडभाईजरी काउन्सिल प्रा.लि, संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कृषकहरु, सम्बन्धित संघ, संस्थाहरु, सरोकार बाला हरु |
| ६ | अध्ययनका लागि तोकिएका स्थानहरुको डिजीटल स्वाइल मैपिंग | ३ दिन | नेपाल फारमार्स एडभाईजरी काउन्सिल प्रा.लि |
| ७ | अर्न्तबार्ता तथा सूचना संकलन गर्न अर्न्तबार्ताकर्ता | ३ दिन | नेपाल फारमर्स एडभाईजरी |

| | | | |
|---|---|---|---|
| | एबम् संकलनलाई सम्बन्धित कामका लागि प्रशिक्षण, अभिमुखीकरण तथा छलफल | | काउन्सिल प्रा.लि तथा अन्य सरोकारवालाहरु, अर्न्तबार्ताकर्ता एबम् डाटा संकलक |
| ८ | टिम लीडर, बिज्ञ एबम् डाटा संकलक समेतको संलग्नतामा कृषक, कृषिमा संलग्न संस्थाहहरु, सरोकारवालाहरु, सरकारी, नीजी तथा सहकारीहरु, कृषि उपज बजार लगाायतका संघ, संस्थाहरुमा अर्न्तबार्ता गर्ने, डाटा संकलन गर्ने, KII and household survey सन्चालन । | ७ दिन | नेपाल फारमर्स एडभाइजरी काउन्सिल, कृषि व्यबसायमा संलग्न सरकारी, गैरसरकारी, नीजी तथा सहकारी, कृषि बजार संचालक एबम् अन्य सरोकारबाला |
| ९ | रणनिती को रुपरेखा तयार भए सँगै संघीय मन्त्रालय, बिभाग र निर्देशनालयहरु को बिज्ञ प्रतिनिधीको उपस्थितिमा राष्ट्रिय किसान आयोगको संलग्नता, त्यस्तै प्रदेश मन्त्रालय र अर्न्तगतका निर्देशनालय , कार्यालयहरु, स्थानीय तहका निकायहरु सग छलफल | ३ दिन | नेपाल फारमर्स एडभाईजरी काउन्सिल , माउन्ट डिजिट प्रा.लि., संघीय मन्त्रालय, प्रदेश मन्त्रालय एबम् स्थानीय तह एबम् अर्न्तगतका निकायहरु, कृषक, कृषि व्यबसाय एबम् अन्य सरोकारवालाहरु |
| १० | संकलित तथ्यांक एबम् बिषय बस्तुको बिश्लेषण, स्टाटिकल बिश्लेषण एबम् रिपोर्ट लेखन | १५ दिन | नेपाल फारमर्स एडभाइजरी काउन्सिल, माउन्ट डिजिट प्रा.लि.,का बिज्ञहरु |
| ११ | प्रतिबेदन प्रस्तुतीकरण, अर्न्तक्रिया, गोष्ठी एबम् फिड ब्याक | १ दिन | नेपाल फारमर्स एडभाईजरी काउन्सिल , माउन्ट डिजिट प्रा.लि., राष्ट्रिय किसान आयोग एबम् अन्य आमन्त्रित बिज्ञहरु |
| १२ | अन्तिम प्रतिबेदन तयार | १५ दिन | नेपाल फारमर्स एडभाइजरी काउन्सिल प्रा.लि. र माउन्ट डिजिट प्रा.लि., |

### २.३.१ प्रारम्भिक तथ्याङ्क तथा जानकारी संकलन

ब्यक्तिगत रुपमा संघ, प्रदेश तथा स्थानिय तहमा कार्यरत बिभिन्न बौद्धिक व्यक्तित्व तथा पदाधिकारी संग छलफल तथा अन्तरक्रिया गरि प्रारम्भिक जानकारीहरु संकलन गरिएको थियो । यसैगरि किसानहरुको अवधारणा बुझ्न ५ प्रदेशका १८ जिल्लाका किसान तथा समुहहरु संग छलफल गरिएको थियो ।

**किसान आयोगमा बैठक तथा भेटघाट :** किसान आयेगका अध्यक्ष लगायतका पदाधिकारीहरु र कर्मचारीहरु लगायत संग बिभिन्न चरणमा भेटघाट, बैठक तथा छलफल गरि आवस्यक पृष्ठपोषण लिईएको थियो ।

**संघस्तरमा बैठक तथा भेटघाट :** सम्बन्धित संध स्तरका सरोकारवाला निकायहरुमा सम्बन्धित व्यक्तिहरुसंग सञ्चार माध्यमबाट सर्म्पक भेटघाट तथा बैठक गरि कार्यक्रमको उद्देस्यबारे प्रकास पारी खास खास व्यक्तिहरु संग सम्लंग्न भएको खाका अनुसार सूचना तथा जानकारीहरु संकलन गरिएको थियो ।

**प्रदेशस्तरमा बैठक तथा भेटघाट :** प्रदेश स्तरका सरोकारवाला निकायहरु जस्तै कृषि तथा पशुपन्छि बिकास मन्त्रालय, पशुपन्छि तथा मत्स्य बिकास निर्देशनालय, कृषि बिकास निर्देशनालय, कृषि ज्ञान केन्द्रहरुमा प्रत्यक्ष भेटघाट तथा अन्तरक्रिया, सञ्चार माध्यमबाट सर्म्पक गरि सम्बन्धित बिज्ञ तथा जानकार व्यक्तिहरुसंग जानकारी संकलन गरिएको थियो ।

**स्थानिय सरकार स्तरमा बैठक तथा भेटघाट :** स्थानिय सरकारको निकायमा अध्ययन टोलीले आफ्नो भ्रमण अनुसारको जानकारी लिन समुहगत छलफल गरिएको थियो ।

### २.३.२ समुहगत छलफल (Focus Group Discussion)

स्थानिय सरकारको निकायमा कार्यरत अधिकृत/प्राबिधिकको सहयोगमा अध्ययन टोलीले कृषकहरुको २ समुहसंग छलफल गरि जानकारी संकलन गरिएको थियो । यसरी ५ वटा प्रदेशका १८ वटा जिल्लाका किसान तथा किसान समुहहरु संग छलफल गरिएको थियो ।

### २.३.३ मुख्य जानकार ब्यक्तिसंगको अन्तरवार्ता (Key informant interviews/KII)

माथी उल्लेखित तिनै तहका सरकारी निकाय तथा कृषक प्रतिनिधि संग भेटघाट पछि अध्ययनको बिषयबारे जानकार ब्यक्तिहरु संग खुला रुपमा छलफल गरि जानकारी संकलन गरिएको थियो ।

### २.३.४ तथ्याङ्क तथा जानकारीको द्धितिय श्रोत (Secondary Sources of Information)

किसान आयोगको आवधिक योजना सम्बन्धमा किसान आयोगसंग सम्बन्धित प्रकाशनहरु, कृषि बिकास मन्त्रालयको कृषि बिकास रणनीति लगायत यस बिषय संग सम्बन्धित लेख, रचना, निर्देशिका, बिभिन्न प्रकासनहरु ल्गायतका बिषयबस्तुहरु अध्ययन गरि प्रतिबेदन तयार गरिएको छ ।

## २.४ तथ्याङ्क बिश्लेषण बिधि

प्रारमिभक जानकारीको लागी तयार गरिएका प्रश्नावलीहरु मर्फत बिभिन्न संघीय, प्रादेशिक तथा स्थानिय तहबाट र जिल्ला र स्थानिय तहहरु लगायत किसानहरुसंग छलफल गरि आएका जानकारीहरु सबै ठाँउबाट संकलन गरिएको थियो । ती प्रश्नावली फारममा संकलन गरिएका तथ्याङ्क तथा अन्य जानकारीहरु एम एस एक्सल (MS Excel) मा उपलब्ध सुबिधाको प्रयोग गरि प्रविष्ट गराइएको थियो । यसरी प्रविष्ट गराईएको तथ्याङ्कहरु, जानकारीहरु बिषयबस्तु अनुसार कोडिगं गरी बिश्लेषण गरि बिभिन्न बिधिहरुको प्रयोग गरि नतिजा निकालिएको थियो र नती्जालाई चार्ट, चित्र, ग्राफ आदिमा प्रस्तुत गरिएको छ ।

### २.४.१ राष्ट्रिय किसान आयोग बाट गरिने  अनुगमन कार्ययोजनाको मोडेल एबम् फलोअप

किसान को उपजलाई बजारीकरण गर्न आई पर्ने समस्या, प्राकृतिक प्रकोप बाट हुने क्षति न्युनकिरण एबम् क्षति पुर्ति बो अबस्था साथै सरकारी, गैरसरकारी, नीजी एबम् सहकारीबाट सन्चालित कृषि सम्बन्धी कार्यक्रमहरु को अनुगमन प्रक्रिया मिलाउन, बजारको अनुगमनमा सहयोग गर्न एबम् सोको फीड ब्याक दिन एउटा मोडेल प्रस्तुत गरिने छ ।

# परिच्छेद – ३

## ३ सन्दर्भ सामाग्रीहरुको समिक्षा ( Literature Review)

### ३.१ रणनिती तयार गर्ने आधार

### ३.१.१ कृषि बिकास रणनिती ( सन् २०१५ देखि २०३५ सम्म)

नेपाल सरकारले राष्ट्रिय तथा अर्न्तराष्ट्रिय बिषय बिशेषज्ञको सहयोगमा सन् २०१५ देखि २०३५ सम्म संचालन हुने २० बर्षीय कृषि बिकास रणनिती तर्जुमा भएको छ । यो रणनिती नेपालमा संघीयता लागु हुने अगाबै लागु भएको अबस्था भएकोले यसलाई संघीयता समेटिने गरी आबश्यक परिमार्जन गर्नु पर्ने देखिन्छ तर यस रणनितीले अबलम्बन गरेको कार्यसूची कृषिका हरेक क्षेत्रमा लागु गर्नु पर्ने हुन्छ । नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको प्रधान्यता यहाँको वास्तविकता हो । कृषि क्षेत्रको विकास र विस्तारले देश विकासमा महत्वपूर्ण योगदान गर्दछ । कृषि लगायत प्राकृतिक स्रोतको समुचित उपयोग गरी तुलनात्मक लाभको आधारमा कृषि बालीको प्रतिस्पर्धी क्षमता बढाएर उत्पादन वृद्धि गरी मुलुकलाई खाद्यान्नमा आत्मनिर्भर बनाउनु हाम्रो प्राथमिकता हुनुपर्छ ।

तुलनात्मक लाभका नगदे बालीहरुमा व्यवसायीकरण, कृषि मार्फत आयात प्रतिस्थापन र आम किसानहरुको आर्थिकस्तर वृद्धि गर्दै समृद्ध नेपाल बनाउने नै हाम्रो परिकल्पना हुनुपर्दछ । कृषिमा औद्योगकीकरण नभएसम्म देशको समृद्धिको कल्पना पनि गर्न सकिदैंन र हुन सक्दैन । कृषिमा व्यवसायीकरण, विविधीकरण,आधुनिकीरण गरी यस क्षेत्रको योगदान बढाउने र विदेश पलायन भएका र वैदेशिक रोजगारीमा गएका यूवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गरी कृषिलाई आत्मनिर्भर बनाउनु अहिलेको आवश्यकता हो । यसै कुरालाई दृष्टिगत गरी कृषि क्षेत्रमा जलवायु परिवर्तनका असर कम गर्ने, सिंचाई सुविधा सर्वसुलभ बनाउने, सीमान्त भूमिमा कृषिको लागि चाप घटाउने, किटनाशक विषादीको अनुपयुक्त र असुरक्षित प्रयोगबाट वातावरण र जनस्वास्थमा नकारात्मक प्रभाव घटाउने, उपलब्ध कृषि प्रविधिहरु पर्याप्त रुपमा कृषकको थलोमा पुऱ्याउने, रासायानिक मल आयात र वितरण व्यवस्था सुनिश्चित तुल्याउने, यूवा जनशक्तिलाई कृषि पेशामा आकर्षित गर्न, कृषि उपजको प्रशोधन प्रविधिको विकास र विस्तार गर्ने, कृषि एवं पशुजन्य उत्पादन, वितरण, आयात एवं निर्यातमा गुणस्तर एवं स्वच्छताको नियमन कार्य प्रभावकारी तुत्याउने, कृषि उत्पादकत्व बढाउन कृषक समूह र सहकारीको संस्थागत विकास, गरिब, महिला, जनजाति, दलित र दुर्गम क्षेत्रका कृषकहरुको कृषि तथा पशु सेवा कार्यक्रममा पहुँच वृद्धि गर्ने यो कृषि बिकास रणनितीको आबश्यकता भएको हो ।

#### ३.१.१.१ कृषि बिकास रणनिती को दूरदृष्टि (VISION OF THE ADS)

एडीएसको कार्ययोजना एवं मार्गचित्र सरोकारवालाहरूवाट तर्जुमा गरिएको हो । आर्थिक वृद्धिलाई गति दिने, जीवनस्तरलाई माथि उकास्ने र खाद्य तथा पोषण सुरक्षामा योगदान दिने,खाद्यसंप्रभुता उन्मुख “आत्मनिर्भर, दिगो, प्रतिस्पर्धी तथा समावेशी कृषि क्षेत्र” एडीएसको दूरदृष्टि (Vision) रहेको छ । कार्यान्वयनका क्रममा एडीएस सोच अनुरूपको प्रगति अनुगमन गर्नका लागि तय गरिएका विभिन्न सूचक तथा लक्ष्यहरू तालिका १ मा प्रस्तुत गरिएको छ ।

**तालिका २ :** एडीएस सोचका लागि सूचकहरु र लक्ष्यहरु (Indicators and targets for ADS Vision)

| सोचका अबयबहरु Vision Components | सूचकहरु Indicators | २०१० को अबस्था Existing Situation of 2010 | अल्पकालीन लक्ष्य ( ५ बर्ष ) Short term target | मध्यकालीन लक्ष्य ( १० बर्ष) Medium Term target | दीर्घकालीन लक्ष्य ( २० बर्ष) Long term target |
|---|---|---|---|---|---|
| आत्मनिर्भरता Self -Reliant | खाद्यान्नमा आत्मनिर्भरता | खाद्यान्मा ५ प्रतिशत ब्यापार घाटा | शून्य प्रतिशत ब्यपार घाटा | ०.५ प्रतिशत अतिरिक्त निर्यात ब्यपार | ५ प्रतिशत अतिरिक्त निर्यात ब्यपार |
| दिगोपन Sustainable | बर्षभरि सिँचाई | १८ प्रतिशत | ३० प्रतिशत | ६० प्रतिशत | ८० प्रतिशत |
| | माटोमा प्रांगारिक पदार्थ | १ प्रतिशत | २ प्रतिशत | ४ प्रतिशत | ४ प्रतिशत |
| | कमसल जमिनको क्षेत्रफल Degraded land | ३.२ मिलियन हेक्टर | २.८८ मिलियन हेक्टर | २.५६ मिलियन हेक्टर | १.६ मिलियन हेक्टर |
| | जंगलले ढाकेको क्षेत्रफल | ४० प्रतिशत | ४० प्रतिशत | ४० प्रतिशत | ४० प्रतिशत |
| | जमिनको उत्पादकत्व ( कृषि क्षेत्रको कुल ग्राह्स्थय, उत्पादन प्रति हेक्टर | १,८०४ अमेरिकी डलर | २,३०३ अमेरिकी डलर | २,९३८ अमेरिकी डलर | ४,७८७ अमेरिकी डलर |
| | कुल ग्राह्स्थ्य उत्पादनमा कृषि ब्यापारको प्रतिशत | १० प्रतिशत | १२ प्रतिशत | १४ प्रतिशत | २० प्रतिशत |
| प्रतिस्पर्धी Competitive | कृषि ब्यापार सन्तुलन | ब्यापार घाटा ३५० मिलियन अमेरिकी डलर | ब्यापार घाटा ३१० मिलियन अमेरिकी डलर | ब्यापार घाटा १८१ मिलियन अमेरिकी डलर | अतिरिक्त ब्यापार ६९० मिलियन अमेरिकी डलर |
| | कृषि जन्य निर्यात | २४८ मिलियन अमेरिकी डलर | ४१८ मिलियन अमेरिकी डलर | ७०४ मिलियन अमेरिकी डलर | १९९९मिलियन अमेरिकी डलर |
| समाबेशी Inclusive | महिलाको वा संयुक्त स्वामित्वमा रहेको कृषि जग्गा | १० प्रतिशत | १५ प्रतिशत | ३० प्रतिशत | ५०प्रतिशत |
| | कृषि कार्यक्रमको पहुँच भित्रका कृषक प्रतिशत | १२ प्रतिशत | १७ प्रतिशत | २२ प्रतिशत | ३० प्रतिशत |

| | | | | | |
|---|---|---|---|---|---|
| बृद्धि<br>Growth | कृषि क्षेत्रको कुल ग्राहस्थय उत्पादनको औसत बृद्धि दर | ३ प्रतिशत | ४ प्रतिशत | ५ प्रतिशत | ६ प्रतिशत |
| जीबिकोपार्जन<br>Livelihood | कृषि क्षेत्रको कुल ग्राहस्थ्य उत्पादन प्रति कृषि श्रमिक | ७९४ अमेरिकी डलर | ९७९ अमेरिकी डलर | १२०६ अमेरिकी डलर | १८३३ अमेरिकी डलर |
| | ग्रामीण क्षेत्रहरुमा गरीबी | २७ प्रतिशत | २१ प्रतिशत | १६ प्रतिशत | १० प्रतिशत |
| खाद्य तथा पोषण सुरक्षा<br>Food and Nutrition Security | खाद्यान्न जनित गरीबी | २४ प्रतिशत | १६ प्रतिशत | ११ प्रतिशत | ५ प्रतिशत |
| | पोषण | पुडकोपन क्तगलतष्लन ४१.५ प्रतिशत | पुडकोपन क्तगलतष्लन २९ प्रतिशत | पुडकोपन क्तगलतष्लन २० प्रतिशत | पुडकोपन क्तगलतष्लन ८ प्रतिशत |
| | कम तौल<br>Under weight | ३१.१ प्रतिशत | २० प्रतिशत | १३ प्रतिशत | ५ प्रतिशत |
| | सुकेनास, ख्याउटेपन लागेका जनसंख्या<br>Wasting | १३.७ प्रतिशत | ५ प्रतिशत | २ प्रतिशत | १ प्रतिशत |
| | BMI कम भएका महिलाको प्रतिशत | १८ प्रतिशत | १५ प्रतिशत | १३ प्रतिशत | ५ प्रतिशत |

### ३.१.१.२ कृषि बिकास रणनितीको रणनितीक रुपरेखा



### ३.१.१.३ रुपरेखका सम्भागहरु (Components of the ADS Framework)

१. **सुशासन** ( Improved Governance) एडीएसमा सुशासन भन्नाले नीतिहरूको तर्जुमा गर्ने, परिमार्जन गर्ने र कार्यान्वयन गर्ने सन्दर्भमा सरकारको क्षमतालाई बुझाउँछ । यस्तो क्षमताको अभावमा एडीएस सफलतापूर्वक कार्यान्वयन हुन सक्ने छैन । सुशासनका प्रमुख तत्वहरू अन्तर्गत जवाफदेहीता, सहभागिता, पूर्वानुमान क्षमता र पारदर्शिता पर्दछन् ।

२.**उत्पादकत्व बृद्धि** ( Higher Productivity) जमिन र श्रमको उत्पादकत्व बृद्धि नै एडीएसको आधारशिला हो । कृषि उत्पादकत्व वृद्धिका लागि उपयुक्त प्रविधिहरूको अवलम्वन गर्नु आवश्यक हुन्छ । साथै बजारको माग र आश्रित किसानहरूको खाद्य सुरक्षाको आवश्यकतासँग सामञ्जस्य राख्दै कसरी कृषि उत्पादनको सामर्थ्य र दिगोपन बढाउने भन्ने जान्नु आवश्यक हुन्छ । कृषिजन्य उत्पादकत्व बढाउनका लागि अपनाइने उपायहरू अन्तर्गत (क) प्रभावकारी कृषि अनुसन्धान र प्रसार, (ख) कृषिजन्य सामग्रीहरूको प्रभावकारी उपयोग, (ग) प्राकृतिक स्रोत-साधनहरू (जमिन, पानी, माटो र बनजंगल) को कुशल तथा दिगो परिचालन र उपयोग र (घ) जलवायु परिवर्तन र प्राकृतिक प्रकोपहरूबाट बचाउन सक्ने क्षमता पर्दछन्

**३ नाफामूलक व्यवसायीकरण** (Profitable Commercialization) एडीएसमा नाफामूलक व्यवसायिकरणबाट प्राप्त हुने उपलब्धि कृषिको रूपान्तरणबाट हासिल हुने उपलब्धिको एक हिस्साका रूपमा रहने छ । यो रूपान्तरण प्रक्रियामा, अधिकांश हिस्सा केवल जीविकाका लागि मात्र खेतीपाती गरिँदै आएको कृषि, मूलतः निर्वाहमुखी (अन्य जीविका वा घरपरिवारको खाद्य सुरक्षाको विकल्पहरू उपलब्ध नभएको) अवस्थाबाट अधिकांश हिस्सा व्यवसायीकरणको उद्देश्य लिएको कृषितर्फ उन्मुख हुनुको साथै स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारसँग जोडिएको हुनेछ ।

४ **प्रतिस्पर्धात्मकतामा बृद्धि** (Increased Competitiveness) द्रुत गतिमा बृद्धि हुने कृषिले अझैसम्म पनि गरिबीको रेखा मुनि रहेका नेपालका लाखौं जनतालाई गरिबीबाट माथि उठाउने सबैभन्दा राम्रो उपायको प्रतिनिधित्व गर्दछ । एसियाली अर्थतन्त्रको अनुभवबाट के देखिएको छ भने, कृषिको बृद्धिमा उत्प्रेरणा जगाउने उपायहरूमध्येको एउटा सबैभन्दा सफल उपाय भनेको कृषिगत उद्यमीहरूलाई लगानीका लागि अनुकूल वातावरण सिर्जना गर्नु र ज्ञान तथा उत्पादन सामग्रीमा पहुँच बढाएर उच्चतम उत्पादकत्व हासिल गर्नु हो । दिगो बृद्धिका लागि संरचनागत परिवर्तनहरू र सुधारहरू आवश्यक छन्जसलाई विश्वव्यापी मूल्यको उतार- चढावले प्रभाव पार्दैन, जुन वृद्धि एउटा खराब/प्रतिकूल मनसुनले पनि कम हुदैन र वाह्य लगानीमा मात्र निर्भर रहदैन । त्यसैले एडीएसले प्रतिस्पर्धात्मकतालाई मुख्य जोड दिएको छ । सक्षम, मेहेनती र दक्ष मानव श्रोत, विश्व बजारमा नेपाललाई चिनाउन सक्ने एउटा स्पष्ट पहिचान भएको र उत्पादकत्वलाई बढाउनसक्ने र मुलुकको प्राकृतिक अवसरहरूमा आधारित नयाँ उत्पादनहरू र प्रक्रियाहरूसँगै नवीनता ल्याउन सक्ने नेतृत्वदायी खुवी र दृढ इच्छाशक्तिमा प्रतिस्पर्धात्मकताको जग रहेको हुन्छ ।

**५ किसानहरूका अधिकार** (Farmers Rights) एडीएसले योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, र रणनीतिको कार्यान्वयनमा किसानहरूको सहभागिता सुनिश्चित गर्न संस्थागत संयन्त्र प्रदान गर्दछ । खासगरी एडीएसले केन्द्रीय तहहरूमा हुने समन्वय समितिहरूमा, कार्यान्वयन समितिको निर्देशक समितिहरूमा र नेपाल कृषि

अनुसन्धान परिषद् (नार्क) समितिमा, करिब ४ हजार गाविस स्तरिय सामुदायिक कृषि प्रसार सेवा केन्द्रहरू (CAESC)को समितिमा कृषक प्रतिनिधिहरूको सुनिश्चितता गरेको छ । यसैगरी, उनीहरू व्यवसायिक कृषि सञ्जालहरू र मूल्य शृंखला विकास सञ्जालहरूमा पनि आवद्ध हुनेछन्। कृषि क्षेत्रको नीति तर्जुमाका का साथै अनुगमनका क्रममा उनीहरूसँग परामर्श गरिनेछ । उनीहरू जिल्ला तहमा रहने खाद्य सुरक्षा कार्यसञ्जालको सदस्यहरू रहनेछन् । यी सबै संस्थाहरूमा आफ्ना प्रतिनिधिहरूको उपस्थिति गराएर किसानहरूले एडीएसमा आफ्ना अधिकारहरू सुदृढ र सुनिश्चित भएको पाउन सक्नेछन्।

**६ व्यावसायिक किसान, निर्वाहमुखी किसान र भूमिहीनहरू (**Commercial farmers, Subsistence farmers, and the Landless) बेग्ला बेग्लै कृषि-पर्यावरणीय क्षेत्रहरूका लागि बेग्ला बेग्लै प्रकारको कृषि बर्गीकरणको पद्धति अवलम्बन गरिनु पर्दछ भन्ने तथ्यलाई एडिएसले पहिचान गरेको छ । एडीएसले विज्ञान तथा प्रविधिको विकेन्द्रीकरणलाई प्रोत्साहन गर्दछ र समुदायलाई उनीहरूका आवश्यकता पूर्ति गर्न प्रविधि विस्तार, अनुसन्धान र शिक्षा प्रणालीलाई पुनः अभिमुखीकरणको अवसर प्रदान गर्दछ। साना व्यावसायिक किसानहरूलाई समेट्ने सेवाहरू साधारणतया निर्वाहमुखी किसानहरूका लागि अनुपयुक्त हुन्छ । साना व्यावसायिक किसानहरूप्रति लक्षित संस्थाहरूको सन्दर्भमा (उदाहरण मूल्य शृंखला), साना व्यावसायिक किसानहरूका लागि अपनाइएको पद्धतिलाई आत्मसात गर्न सक्ने जति समेटिन सक्नेछन् भने त्यस बाहेकका अन्य निर्वाहमुखी कृषकहरू छुट्नेछन् । त्यसकारण एडीएसले समुदायमा आधारित प्रसार सेवा केन्द्रहरू CAESCमार्फत् र मूल्य शृंखला विकासमा खासगरी विपन्नका लागि बजार पद्धतिमार्फत् निर्वाहमुखी किसानहरू र व्यावसायिक किसानहरूका लागि उपयुक्त विभिन्न तौरतरिकाहरू प्रवर्द्धन गर्दछ । खाद्य तथा पोषण सुरक्षामा प्रत्यक्ष योगदान, ग्रामीण क्षेत्रमा गैर-कृषि क्षेत्रको रोजगारी विस्तार र कृषिमा आधारित उद्यमहरूको विकासको समष्टिगत स्वरूपले ग्रामीण क्षेत्रका भूमीहीन घरपरिवारहरू एडीएसबाट परोक्ष रूपमा लाभान्वित हुनेछन्।

### ३.१.२ नेपाल सरकारको पन्ध्रौं पन्चबर्षीय योजना

तालिका ४ : पन्ध्रौ पन्चबर्षिय योजनाको लक्ष्य

| **क्र.स.** | **राष्ट्रिय लक्ष्य** | **ईकाई** | **२०७४।०७५ ( आधार बर्ष )** | **२०८०।०८१ सम्म** |
|---|---|---|---|---|
| **१** | आर्थिक बृद्धि दर | प्रतिशत | ६.८ | १०.३ |
| **२** | प्रति ब्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डालर | १,०४७ | १,५९५ |
| **३** | गरीबी रेखा मुनि रहेको जनसंख्या | प्रतिशत | १८.७ | ११ |
| **४** | सम्पतिमा अधारित जिनी गुणक | गुणक | ०.३१ | ०.२९ |
| **५** | अपेक्षित आयु | बर्ष | ६९.७ | ७२ |
| **६** | साक्षरता (१५ बर्ष माथि) | प्रतिशत | ५८ | ९० |
| **७** | युबा साक्षरता (१५ देखि २४ बर्ष सम्म) | प्रतिशत | ८५ | ९९ |
| **८** | श्रम सहभागिता दर ( १५ बर्ष माथि) | प्रतिशत | ३८.५ | ४८.५ |
| **९** | बेरोजगारी दर | प्रतिशत | ११.४ | ६ |

| | | | | |
|---|---|---|---|---|
| **१०** | रोजगारी औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३६.५ | ५० |
| **११** | राष्ट्रिय र प्रादेशिक लोकमार्ग (स्तरोन्नति तथा कालोपत्रे) | कि.मी. | ६९७९ | १५००० |
| **१२** | ३० मिनेट सम्मको दुरी यातायात पहुँच भएको परिबार | प्रतिशत | ७ड.९ | ९५ |
| **१३** | बिद्युत पहुँच प्राप्त परिबार | प्रतिशत | ९०.७ | ९९ |
| **१४** | आधारभूत खानेपानी सुबिधा पुगेको जनसंख्या | प्रतिशत | ८८ | ९९ |
| **१५** | इन्टरनेट प्रयोगकर्ता (कूल जनसंख्या) | प्रतिशत | ५५.४ | ८० |
| **१६** | अर्थतन्त्रमा प्राथमिक क्षेत्र ( कृषि, बन, खानी) योगदान | प्रतिशत | २७.६ | २३.० |
| **१७** | अर्थतन्त्रमा द्धितीय क्षेत्र (उत्पादनमुलक, उद्योग, बिद्युत, ग्यास र पानी निर्माण) | प्रतिशत | १४.६ | १८.१ |
| **१८** | तृतीय क्षेत्र | प्रतिशत | ५७.८ | ५८.९ |
| **१९** | बस्तु तथा सेवाको निर्यात (कूल ग्राहस्थ्य उत्पादनको) | अनुपात | ९.० | १५.७ |
| **२०** | बस्तु तथा सेवाको आयात ( कूल ग्राहस्थ्य उत्पादनको ) | प्रतिशत | ५०.८ | ५१ |
| **२१** | श्रम उत्पादकतव | रु.हजार | १८४.६ | २७६ |
| **२२** | कृषि उत्पादकत्व ( प्रमुख बाली) | मे.टन | २.९७ | ४.० |
| **२३** | जैबिक बिबिधता संरक्षण तथा पर्याबरणीय सन्तुलन (लोपोन्मुख, संकटापनन तथा जोखिममा परेका) | सं | ५८९ | ५८९ |
| **२४** | जलबायु परिबर्तन अनुकुलनशीलता ( अनुकुलन योजना तयार भई कार्यान्वियन भएका स्थानीय स्तर) | सं | २१७ | ५५० |
| **२५** | कानूनी शासन सूचकांक | सूचकांक | ०.५३ | ०.५८ |
| **२६** | भ्रष्टाचार अनुभुति सुचकांक | सूचकांक | ३१ | ४१ |
| **२७** | कुल आयातमा अत्याबश्यक बस्तु (कृषि उपज, जीबजन्तु र खाद्य पदार्थ)कोअंश | प्रतिशत | १४.७ | ५ |

स्रोतः राष्ट्रिय योजना आयोग, २०२०

### ३.१.२.१ पन्ध्रौ पन्चबर्षीय योजनाको राष्ट्रिय उद्धेश्य

(१) सर्बसुलभ, गुणस्तरीय, आधुनिक पुर्बाधार निर्माण, उत्पादनशील र मर्यादित रोजगारी अभिबृद्धि, उच्च दिगो र समाबेशी आर्थिक बृद्धि तथा गरीबी निबारण गर्दे समृद्धि को आधार निर्माण गर्ने ।

(२) गुणस्तरीय स्वास्थ्य, शिक्षा, स्वस्थ्य तथा सन्तुलित बाताबरण,सामाजिक न्याय र जबाफदेही सार्बजानिक सेवा कायम गरी संघीय शासन ब्यबस्थाको सुदृढीकरण गर्दै नागरिकलाई मर्यादित र परिस्कृत जीबनयापनको अनुभुति दिलाउने ।

(३) सामाजिक, आर्थिक रुपान्तरण तथा स्वाधीन राष्ट्रिय अर्थतन्त्र निर्माण गरी देशको स्वाभिमान, स्वतन्त्रता र राष्ट्रिय हितको संरक्षण गर्ने ।

### ३.१.२.२ पन्ध्रौ पन्चबर्षीय योजनाको राष्ट्रिय रणनिती

(१) तीब्र , दिगो र रोजगारमुलक र आर्थिक बृद्धि गर्ने ।

(२) सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चित गर्ने ।

(३) आन्तरिक तथा अन्तरदेशीय आबद्धता एबम् दिगो । शहर बस्ती बिकास गर्ने ।

(४) उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने ।

(५) पुर्ण, दिगो र उत्पादनशलि, सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गर्ने ।

(६) गरीबी निबारण र आर्थिक सामाजिक र समानता सहितको न्याय पूर्ण समाज निर्माण गर्ने ।

(७) प्राकृतिक श्रोत संरक्षण र परिचालन तथा उद्यमशीलताको बिकास गर्ने ।

(८) सार्बजानिक सेवाको सुदृढीकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता सम्बर्धन गर्ने ।

### ३.१.३ कृषि क्षेत्रमा देखिएका समस्या तथा चुनौतीहरु

कृषि क्षेत्रको समस्या करिव ८३ प्रतिशत ग्रामिण जनताको मुख्य जिविकोपार्जनको श्रोतका रुपमा रहेको नेपालको कृषि क्षेत्रले तेस्रो आवधिक योजनाबाट नै विकासको प्राथमिकतामा पर्न सफल भएता पनि अपेक्षाकृत विकास हुन सकेको छैन । कृषि क्षेत्रको विकास नीतिर रणनीतिहरुमा प्राथमिकतामा परे पनि राज्यबाट हुने लगानीको प्राथमिकतामा कहिल्यै परेन । एकातिर कृषि विकासका लागि बजेटको अपर्याप्तताको विषय सदैव टड्कारो रुपमा आउँछ भने अर्कातिर कृषि विकासका योजना कार्यान्वयन गर्ने निकायबाट समयमा बिनियोजित बजेट खर्च गर्न नसकेको र भएको वजेटको कार्यान्वयन पनि प्रभावकारी नवनेको अवस्था छ ।

कृषि विकासको जिम्मा पाएका निकायहरुको समयानुकूल क्षमता अभिबृद्धि हुन नसक्दा र सुशासन सुनिश्चित गर्न नसक्दा कृषि विकासका परियोजनावाट परिलक्षित उपलब्धिहरु हासिल हुन सकेका छैनन। जसको परिणाम विगतमा खाद्यान्न निर्यात गर्ने मुलुक आज खाद्यान्न आयात गर्नु पर्ने अवस्थामा पुगेको छ । राष्ट्रिय कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रले गरेको योगदानका आधारमा यस क्षेत्रको लागि हाल आवश्यक लगानीको करिव १० प्रतिशत मात्र राज्यबाट प्राप्त गरेको छ । भु-खण्डीकरण, प्राकृतिक प्रकोपलाई व्यवस्थापन गर्न सक्ने राज्यको अपर्याप्त क्षमता, राज्यको अस्थिर भू-नीति जस्ता कारणले कृषि क्षेत्रमा पर्याप्त मात्रामा निजी क्षेत्रको लगानी आकर्षित हुन सकेको छैन । पर्याप्त नीतिगत पुर्वाधारहरुको अभावमा व्यवसायिक कृषि तथा यसको औद्योगिकरणमा अन्तर्राष्ट्रिय लगानी समेत आकर्षित हुन सकिरहेको छैन । हालसम्म पनि कृषि क्षेत्र व्यवसाय वा

उद्यमको रुपमा स्थापित हुन सकेको छैन। प्राकृतिक प्रकोप तथा अन्य खतराबाट हुने क्षतिलाई परिपूर्ति गर्नका लागि विमा र क्षतिपूर्तिको उचित व्यवस्था एवं विमामा सवै कृषकहरुको सहज र सरल पहुँच हुन सकेको छैन ।

नेपालमा कृषि अनुसन्धानको क्षेत्रमा राज्यको लगानी कृषि गार्हस्थ उत्पादनको करिव ०.४ प्रतिशत छ, जुन अत्यन्त न्यून हो । कृषि अनुसन्धान कृषकहरुको माग, राष्ट्रिय आवश्यकता र भौगोलिक सम्भावनाहरुलाई सम्वोधन गर्ने गरी केन्द्रीत हुन सकिरहेका छैनन् भने अर्कोतिर अनुसन्धानबाट सृजित प्रतिफलहरु सही समयमा सही ढंगले कृषक समक्ष प्रसारित हुन सकिरहेको छैन । कृषि अनुसन्धान, कृषि प्रसार र कृषि शिक्षाका विचमा समन्वय हुन सकेको छैन। कृषि अनुसन्धान र प्रसार विकेन्द्रीकरण हुन सकिरहेको छैन। कृषि उत्पादनको मुख्य आधारको रुपमा रहेको विउ र नश्लहरुको विकास र विस्तार हुन नसक्दा र आवश्यक पूर्वाधार एवं मलको उपलव्धताको अभावले उत्पादन र उत्पादकत्व बृद्धि गर्ने राष्ट्रिय लक्ष्य हासिल हुन सकिरहेको छैन ।

प्रचूर मात्रामा पानी भएता पनि सीमित खेतीयोग्य जमिनमा मात्र सिंचाईको सुविधा छ। अधिकांश खेती योग्य जमिन आकासे पानीमा निर्भर छ । कृषि उत्पादन तथा उत्पादकत्व बृद्धिको सिंचाईको अभाव नै मुख्य व्यवधानको रुपमा देखापरेको छ । यसका अलावा सिंचाई परियोजनाको ढाँचा, बजेट विनियोजन तथा व्यबस्थापनले पनि समयमै परियोजना सम्पन्न हुने/नहुने निर्धारण गर्छ । कृषि क्षेत्रको पुर्वाधारका लागि वजेट निक्षेपण भए तापनि अन्य विभिन्न सरकारी निकाय वीच समन्वयको अभावका कारण कृषि क्षेत्रको नयाँ पूर्वाधार निर्माणको जिम्मेवारीका सन्दर्भमा द्विविधा देखिन्छ । अपर्याप्त प्राविधिक तथा व्यबस्थापन क्षमताका कारण स्थानीय स्तरमा सिंचाई परियोजना हस्तान्तरण गरिदैन अनि केन्द्रीकृत निर्णय प्रणालीले ठूला परियोजनालाई मात्र केन्द्र विन्दुमा राखेको पाइन्छ।

कृषि सडकका नाममा ग्रामीण सडकलाई प्राथमिकता दिए पनि उत्पादन सामग्रीको पहुंच र कृषि उपजको सहज बजारीकरणमा नकारात्मक प्रभाव पर्न गई उत्पादनशील जमिनहरु बाँझो रहन गएको छ। आन्तरिक र वाह्य आप्रवासनका कारण कृषि क्षेत्रमा कृषि मजदुरहरुको अभाव देखिन थालेको छ । ग्रामीण विद्युतीकरणको अभावमा व्यावसायिक तथा औद्योगिक कृषिका लागि अत्यावश्यक उर्जाको अभावमा कृषि व्यवसाय सफल बन्न सकिरहेको छैन । कृषि क्षेत्रको उत्पादन लागत न्यूनीकरण गर्नका लागि कृषि यान्त्रीकरण गर्न समेत विद्युत अभावका कारण नकरात्मक असर पर्न गई उत्पादन लागत बढ्न गईरहेको छ। कृषि उपजहरु जस्तै धान प्रशोधन गर्न प्रशोधनशालाहरु पर्याप्त र नविन प्रविधिका नहुँदा धान भारत निकासी हुने र सोही धान प्रशोधन पश्चात् अत्यन्तै महंगो मूल्यमा आयात हुने अवस्था श्रृजना भएको छ । आलु, प्याज, तरकारी तथा फलफूल जस्ता कृषि उपजहरुको लागि उचित भण्डारण सुविधा नहुँदा उत्पादन हुने मौसममा सडेर जाने वा न्यून मूल्यमा निर्यात हुने तथा बेमौसममा अत्यन्तै महंगो मूल्यमा आयात हुँदा कृषि उत्पादनमा अपेक्षित विकास नहुनुका साथै राष्ट्रको व्यापार घाटा समेत दिनानुदिन बढ्दै  गईरहेको छ । गुणस्तरीय कृषि उपजहरुको उत्पादन, प्रशोधन तथा प्याकेजिङ्ग प्रविधिको विकास, बिस्तार र नियमन हुन नसक्दा निर्यात भैईरहेका कृषि उपजहरु समेत निरन्तर घटदै गएका र निर्यात हुनबाट बन्चित हुन थालेका छन् ।

राज्यले विगत केही बर्षहरुबाट मलमा अनुदान उपलब्ध गराउन शुरु गरे तापनि राष्ट्रिय आवश्यकताको सानो अंशलाई मात्र सम्वोधन गर्न सकेको छ । मल वितरण प्रणाली समानुपातिक तथा समतामूलक बन्न सकेको छैन।

दूर दराजमा रहेका कृषकहरु यस सुविधाबाट बञ्चित भएका छन् । राज्यले उचित परिमाणमा, उचित समयमा र उचित स्थानहरुमा मल वितरण गर्न नसक्दा कृषि उत्पादनमा अपेक्षाकृत बढोत्तरी हुन सकेको छैन । देशमा मलको अपर्याप्तताले गर्दा भारत बाट महंगोमा चोरी निकासीका माध्यमबाट मल आयात हुने र त्यस्तो मलको गुणस्तर कमसल हुने तथा म्याद गुज्रिसकेका मलहरु भित्रिने समस्या रहेको छ। मलको गुणस्तरीयतालाई नियमन गर्ने निकाय तथा प्रकृया प्रभावकारी नहुँदा राज्य तथा कृषकहरुको सीमित श्रोत र मेहनत खेर गईरहेको छ।

ग्रामीण क्षेत्रमा कृषि बाहेकको बैकल्पिक रोजगारीको अवसर नहुनु, कृषि क्षेत्रले समेत पर्याप्त रोजगारी श्रृजना गर्न नसक्नु र कृषि प्रतिष्ठित पेशा हुन नसक्दा ग्रामीण भेगका यूवाहरुको विदेश पलायनले हालका दिनमा कृषि व्यावसायलाई महिला, बृद्ध तथा बालबालीकाको पेशाका रुपमा रुपान्तरण भएको देखिन्छ । कृषिको विकास नै ग्रामिण क्षेत्रको दिगो आर्थिक रुपान्तरणको प्रमुख आयाम भएता पनि कृषि क्षेत्रमा नीतिगत तथा पुर्वाधार विकेन्द्रीकरण हुन नसक्दा समग्र ग्रामीण विकासलाई नै प्रभावित गरेको छ । राज्यका तर्फबाट कृषि सेवा प्रदान गर्ने निकाय र विज्ञ जनशक्तिहरुको ठूलो जमात राजधानी र जिल्ला सदरमुकाममा सीमित भएर बस्ने हालको व्यवस्थाले नविनर वैज्ञानिक कृषि प्रविधिहरु ग्रामीण क्षेत्रमा पुग्न सकिरहेको छैन । अनुगमन तथा मुल्याङ्कन प्रणाली मार्फत राज्यबाट भएको लगानी देखिने गरी सेवा प्रवाहको उचित प्रतिफल झल्किन नसक्दा कृषि विकासको समग्र सेवा प्रवाह, पारदर्शिता र सुशासनमा समेत प्रश्न उठ्न थालेको छ ।

अहिले राष्ट्रिय, प्रादेशिक एबम् कतिपय स्थानीय तहको कृषि विकास रणनीतिको तयारी गरी रहँदा विगतका कमी कमजोरी नदोहोरिने गरी गर्न सकेको खण्डमा यो दस्तावेजले कृषिमा नयाँ क्रान्ति ल्याउन सक्छ । रणनीति प्राज्ञिक निश्कर्ष र अन्तर्राष्ट्रिय अनुभवका साथै किसानमुखी हुनुपर्छ, समस्त किसानमा सकारात्मक प्रभाव पार्ने किसिमको हुनु पर्छ । नेपालको कृषि विकास रणनीति तयार गर्दा कृषि उत्पादनका आधार जल, जमिन, जंगल, जैविक विविधता र कृषि पूर्वाधारको विकास, अनुसन्धान, वास्तविक प्रसार, प्रविधि, लगानी र बजारको न्यायोचित सम्वर्धनबाट नै कृषिको रुपान्तरण हुनसक्छ ।

कृषिको असफलता ऐन, नियमसँग पनि जोडिएको विषय हो, नीतिको आधारमा समयाअनुकूल ऐन, कानूनको संशोधन र किसान अनुकूल, कृषक ऐन र कृषि विकास ऐन आजसम्म बनाउन नसक्नु पनि यस क्षेत्रको विकास नहुनुको एउटा कारण हो। उत्पादनलाई पनि विविधीकरण, प्रतिस्पर्धी र बजारमुखी बनाउन सकिएको छैन ।

### ३.१.४ खाद्य तथा पोषण सुरक्षा

संयुक्त राष्ट्र संघको १९९६ को बिश्व सम्मेलन ले खाद्य सुरक्षा लाई प्रत्येक व्यक्तिको सक्रिय र स्वस्थ्य जीबनयापनको लागि आफ्नो चाहना र आबश्यकता अनुरुप स्वच्छ र पोषणयुक्त खाना माथि भौतिक , सामाजिक र अत्याबश्यक पहुँच भएको अबस्था हो भनी परिभाषित गरेको छ । खाद्यान्नको सर्बसुलभ उपलब्धता (Availability), यसको पहुँच (Affordability) , उपयोग ( Utilization) र स्थिरता (Stability) खाद्य सुरक्षाका महत्वपुर्ण आयाम वा स्तम्भहरु हुन । नेपालको खाद्य अधिकार तथा खाद्य सम्प्रभूता ऐन, २०७५ अनुसार खाद्य सुरक्षा भन्नाले सक्रिय र स्वस्थ्य मानब जीबन यापन गर्न आबश्यक हुने खाद्यमा प्रत्येक ब्यक्ति को भौतिक र आर्थिक पहुँच भएको सममझनु पर्छ भनिएको छ । International Food Policy Research Institute

(IFPRI)द्धारा बिश्वका ११३ देशहरुमा सर्बे गराएको एक अध्ययनबाट प्रकाशन बिश्व भोकमरी प्रतिबेदन (Global Hunger Index 2019) अनुसार नेपाल खाद्य सुरक्षा को ४६ स्कोर सहित ७९ औं स्थानमा रहेको छ । राष्ट्रिय योजनाको १५ औं योजनामा उल्लेख भए अनुसार नेपालमा २१ प्रतिशत जनसंख्या अफै पर्याप्त खाना खान पाईरहेको छैन। सामान्य मानिसलाई दैनिक सक्रिय रहन लगभग दैनिक २२०० किलो क्यालोरी शक्तिको आबश्यकता पर्दछ । १८०० किलो क्यालोरी भन्दा कम हुने अबस्थामा खाद्य असुरक्षा भनिएको छ । बिश्व बैंक सर्बेक्षण अनुसार नेपालमा कूल जनसंख्याको ७.८ प्रतिशत गम्भीर खाद्य असुरक्षामा रहेको जनाएको छ ।
त्यस्तै नेपालमा अफै पनि १५.८ प्रतिशत जनसंख्या गरीबीको रेखा मुनि रहेको अनुमान गरिएको छ । खाद्य उपलब्धताको हिसाबले प्रति ब्यक्ति प्रति बर्ष ३८१ के .जी. खाद्यान्न उत्पादन भएको छ र बिऊ, पशु आहारा, भण्डारन तथा प्रशोधन नोक्सानी कटाएर अनुमानतः प्रति ब्यक्ति २४७ केजी उपलब्ध भएको छ ।यो सरदर प्रति ब्यक्ति को दरले २२५० किलो क्यालोरी मात्र पुग्न आँउछ , खाद्य सुरक्षा बिश्व ब्यापी मापदण्ड अनुसार २६०० किलो क्यालोरी आबश्यक पर्छ । यो अवस्था पुरयाउन बास्तबमा अहिलेको धान, मकै, गहुँको उत्पादन दोब्बर गर्नुपर्ने हुन्छ ।सन् २०१६ को सर्बेक्षण अनुसार नेपालमा पाँच बर्ष भन्दा मुनिका बालबालिकामा ३६ प्रतिशतमा पुड्कोपन, २७ प्रतिशतमा न्यून तौल र ९.७ प्रतिशतमा ख्याउटोपन एबम् २.१ प्रतिशतमा मोटोपन देखा परेको छ। त्यस्तै महिलाहरुको हकमा अत्यधिक तौल र मोटोपनाले गर्दा पिडीत २२ प्रतिशत एबम् १७ प्रतिशतका प्रजनन उमेरका मलिलाई जीर्ण किसिमको शक्तिको कमी फेला परेको छ । यसले गर्दा कुल ग्राहस्थ उत्पादनमा ११ प्रतिशत ले कमी भएको अनुमान गरिएको छ ( बिश्व बैंक, २०१८)।

नेपालमा हुने धान, मकै, गहुँ, कोदो, जौ, र फापर मुख्यतः ५ वटा खाद्यान्न बाली उत्पादन हुन्छ । यी सबै बालीको कुल उत्पादन लगभग १०६०८००० मे.टन रहेको छ । यस उत्पादन बाट बीउ, पशु आहारा, भण्डारन तथा प्रशोधन नोक्सानीआदि कटाएरर फण्डै ७३ लाख १२हजार मे.टन खाद्यान्न उपलब्ध हुने अबस्था रहेको देखिन्छ । जिबन निर्बाह र बाँच्न मात्रको लागि २२५० किलो क्यालोरी शक्ति प्राप्तको लागि २०१ केजी प्रशोधित खाद्यान्न को आबश्यकता पर्दछ । नेपालमा भएको जनसंख्याको हिसाब गर्ने हो भने कुल ५६ लाख १९ हजार मे.टन प्रशोधित खाद्यान्नको आबश्यकता रहेको छ । यसरी देख्दा हामीलाई १६ लाख ९३ हजार मे.टन खाद्यान्न बचत नै देखिन्छ । तर अर्को तिर करीब २१ प्रतिशत जनता दैनिक २२५० किलो क्यालोरी भन्दा कम खाद्यान्नमा बाँच्नु पर्ने अबस्था छ । तर असन्तुलित आहार, उपलब्धता नहुनु, तराइमै कतिपया जिल्लामा खाद्यान्न पुग्न नसक्नु , काठमाण्डौमा जनसंख्याको चाप, दुर्गम जिल्लाहरुमा खाद्यान्न पुरयाउन नसक्नुका कारणले गर्दा खाद्य असुरक्षाको अबस्था बिद्यमान छ । भुगोल र असन्तुलित उत्पादनका कारण फण्डै ५ लाख ६९ हजार मेटिक टन खाद्यान्न अपुग छ । साथै बिडम्बना के छ भन्दा गत बर्ष करीब ३२ अर्ब र यस बर्षको हालस्मम ५० अर्ब बराबरको चामल मात्र आयात भएको छ । प्रतिबेदन मा प्रस्तुत भए अनुसार नेपालमा मसिनो चामल ४३ केजी, मोटा चामल ६८.९ केजी, चिउरा ५.९ केजी गरी कुल ११८ केजी चामल प्रति ब्यक्तिले उपभोग गर्ने गरेको देखिन्छ ।
नेपाली लाई चाहिने कुल क्यालोरी मध्ये ७० प्रतिशत बनस्पतिजन्य र ३० प्रतिशत पशुजन्य पदार्थ बाट खाद्य तथा पोषण सुरक्षाको अबस्था रहेको छ। खाद्य तथा गुण नियन्त्रण बिभाग को प्रतिबेदन अनुसार प्रति ब्यक्ति प्रति दिन

अन्नबाली ४०० देखि ६०० ग्राम, दाल ७५ देखि ९० ग्राम, हरियो र अन्य तरकारी २५० देखि ३५० ग्राम, कन्दमूल७५ देखि १०० ग्राम,दुध तथा दुध जन्य पदार्थ २०० देखि ३०० ग्राम, माछा मासु ३० ग्राम, अण्डा ३० ग्राम आवश्यक पर्ने उल्लेख छ। यसरी हिसाब गर्ने हो भने अन्नबाली, कन्दमूल,र तरकारी पुर्णरुपेण उपलब्ध हुने अवस्था छ तर दलहन, मासु, दुध र अण्डा को उत्पादन बढाउनु पर्ने देखिन्छ। समग्रमा अहिलेको उत्पादनमा एक तिहाई उत्पादन थपिएमा खाद्य तथा पोषण सुरक्षा पुर्णरुपेण गर्न सकिने हुन्छ। खाद्य तथा पोषण सुरक्षाको लागि जनचेतना अभिबृद्धि गर्ने देखि लिएर पोषण सुरक्षाको हिसाबले पहिलो बच्चा तौल कम नहुन, परम्परागत मान्यताहरुलाई समेत सुधार गर्ने, गरीब र न्यून आय भएका परिबारलाई बिशेष रुपले खाद्यान्न उपलब्ध गराउने, कृषि उत्पादनमा तीब्रतर बृद्धि गर्ने , खाद्यान्नको बिबिधिकरण गर्ने, रैथाने बालीको उपलब्धता बढाउने,जस्ता कार्यक्रमहरु अगाडी लैजानुपर्ने देखिन्छ।

बिषादी तथा एन्टीबायोटिक्सको जथाभाबी प्रयोग लाई रोक्नुपर्ने, खाद्यान्नको उपलब्धतामा बिशेष जोड दिने, पशुजन्य पदार्थको उत्पादनमा समेत जोड दिने, आम बालबालिकाको पोषणमा बिशेष कार्यक्रम लग्नुपर्ने, त्यस्तै मुख्तया  आइरन, क्याल्सियम, आयोडिन जस्ता तत्वहरुको आपुर्तिमा बिशेष जोड दिनु पर्ने हुन्छ । बाल बालिकालाई खासगरी हरियो सागपात, चना, केराउ, तथा दुध, माछा, मासु, अण्डा को आपुर्तिमा बिशेष पहल गर्नु पर्ने हुन्छ । हाल नेपालमा खाद्य तथा पोषण सुरक्षाको लागि संचालनमा रहेका कार्यक्रमहरु बिभिन्न किसिमका उल्लेख भएको छः

१. खास जनजाति, बर्ग , समुदायर भुगोलमा लक्षित खाद्य तथा पोषण सुरक्षा कार्यक्रम,

२. शिक्षा, बिज्ञान तथा प्रबिधि मन्त्रालय बाट संचालित बिद्यालय दिबा खाजा कार्यक्रम

३.बलियो नेपाल र पोषण प्रबर्द्धन कार्यक्रम

४. कृषि पर्याबरण तथा पोषण प्रबर्द्धन परियोजना

५.बाल बचाउ खाद्य तथा पोषण सुरक्षा कार्यक्रम

६.बाली बिबिधता तथा खाद्य तथा पोषण सुरक्षा कार्यक्रम

७.खाद्य तथा पोषण सुरक्षाको लागि पारिबारीक खेती

८. खाद्य तथा पोषण सुरक्षा आयोजना

ग्रामीण क्षेत्रमा माथि का कार्यक्रम लगायत खाद्य तथा पोषण सुरक्षाको कार्यक्रमहरु ग्रामीण क्षेत्रमा पछि परेको गर्भबती वा दुध चुस्ने बच्चा भएका आमा, जनजाति, दलित, भौगोलिक रुपमा पछि परेका कर्णाली क्षेत्रमा लागु भएका छन् ।यस्ता कार्यक्रमबाट खासगरी तपसिलका परिणाम आउने गरी लक्षित गरिएका छन्:

१) नेपालमा कृषि को उत्पादकत्व र दिगो प्राकृतिक श्रोत उपयोग गर्ने गरी खाद्यान्नको परिमाण बृद्धि गर्ने ।

२) कृषकले भोग्नु परेका प्राकृतिक प्रकोपलाई न्यूनीकरण गरी खाद्यान्न, पशु आहारा, बिउ को संचय ब्यबस्थापन गर्ने, खाद्यान्नको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने ।

३) त्यस्तै जलबायु मैत्री स्मार्ट कृषि पेशालाई  नाफामुलक, ब्याबसायिक कृषिमा प्रबर्द्धन गर्ने र किसानको आम्दानीमा बृद्धि गर्ने

४) कृषि जन्य उत्पादनलाई बिक्रीको लागि बजार को पहुँच पुरयाउने ।

५) उत्पादन, संकलन, संचय लगाायत प्रशोधनमा हुने खाद्यान्न को नोक्शानीमा कमी ल्याउने ।

६) खाद्य स्वच्छता बृद्धि गर्ने ।

७) कृषि ब्यापार घाटालाई न्यूनीकरण गर्ने एबम् खाद्यान्नलाई बिबिधीकरण गर्ने ।

८) कृषिमा अधारित साना, मझौला कृषि ब्यबसाय प्रबर्द्धन गर्ने र यसमा महिला, पछि परेका जनजाति, युबा समुहलाई संलग्न गराउने ।

खाद्य सुरक्षाका प्रमुख ४ स्तम्भहरु उपलब्धता, पहुँच, उपयोग र स्थिरता मध्ये प्रथम आधारस्तम्भ उपलब्धता पूर्णतः कृषिमा निर्भर गर्दछ । अतः पोषण र खाद्य सुरक्षाका पक्षलाई उचित तवरले संवोधन गर्न कृषि नीतिले यस सम्बन्धमा ध्यान दिनु अनिवार्य हुनजान्छ । यसै परिप्रेक्ष्यमा हाम्रो पन्ध्रौं योजनाले समेत खाद्य तथा पोषण सुरक्षाका सबै पक्षहरुलाई सबल पार्दै नागरिकको खाद्य सम्प्रभूता अधिकार सुनिश्चित गर्ने दीर्घकालिन सोच राखेको सन्दर्भलाई समेत ख्याल गर्दा नीतिमा खाद्य सुरक्षा सम्बन्धी सवालहरुलाई प्राथमिकताका साथ उल्लेख गरिनुपर्दछ ।

### ३.१.५ गरीबी न्युनीकरण

समग्रमा अझै पनि कुल जनसंख्याको २१ प्रतिशत जति मानिसहरु गरीबीको चपेटामा परेका छन् । यस्ता जनसंख्या खासगरी ग्रामीण दुर्गम क्षेत्रमा बसोबास गर्छन् । यस्ता जनताको जिबिका आधार नै कृषिमा अधारित छन् । अझै पनि ६० प्रतिशत भन्दा बढी जनता कृषि मै रहेर जिबिका संचालन गरेको भन्ने छ । कृषिले अझै पनि १ करोड भन्दा बढी जनताको रोजगारी प्रदान गरेको तथ्यांक ले देखाएको छ ।

गरीबी न्यूनीकरणमा कृषि मात्रले नभई अहिले को अबस्थामा अन्य कारणहरु समेत रहेको छ, जस्तै शहरी क्षेत्रमा भएका रोजगारी, बिप्रेषण तथा प्राप्त रकम, उद्योग स्थापना, पर्यटन बिकास आदि जसले कुनै न कुनै रुपले कुल ग्राहस्थ्य उत्पादनमा योगदान गरेको हुन्छ । सरकारी तथा गैरसरकारी संस्थाहरुबाट सन्चालित कार्यक्रमहरुले गरीबीका प्रतिशत घटाएको छ तर पनि एउटा ठुलो जनसंख्या गरीबीको रेखा मुनि रहन बाध्य छन् । नेपाल सरकार को मिलिनेयिम बिकास लक्ष्य एबम् दिगो बिकास लक्ष्य लाई प्राप्ति गर्न गरीबी न्युनीकरण आबश्यक हुन्छ र यस तर्फ पनि सरकारको बिशेष पहल भएको छ । नेपाल सरकारको सन् २०१३ को मिलेनियम लक्ष्यको प्रगतिले गरीबी को दर घटेको इंगित गरेको छ, जीर्ण खाद्यान्न असुरक्षाबाट ग्रसित जनसंख्या समेत घटेको छ । त्यस्तै पछिल्ला परिणामले बेरोजगारी, लैंगिक असमानता कमी भएका प्रतिबेदनमा उल्लेख छ, प्राइमरी स्कूल भर्नाको बृद्धि भएको छ । सरकारी श्रोत साधनमा गरीब र पछि परेका समुहहरुको पहुँच बढेको छ । बाताबरणीय संरक्षण तथा जलबायु परिबर्तनबाट परेको प्रभाब लाई न्युनीकरण गर्न आबश्यक उपायहरु अपनाइएको छ ।

नेपाल मा राखिएको दिगो बिकासका लक्ष्य पुग्न कृषि क्षेत्रलाई ब्यबस्थित गर्नु पर्ने हुन्छ । यसका लागि तपसीलका केही कार्यहरु गर्नु पर्ने हुन्छः

१) कृषिमा प्रदान गरिने अनुदानमा गरीबको पहुँच बढाउनु पर्ने हुन्छ । त्यस्तै कृषि क्षेत्रलाई बिशेष रुपमा संरक्षित बनाउन कृषि को उत्पादकत्व र उत्पादन बृद्धि गर्नु पर्ने, ब्यापार घाटालाई न्युनीकरण गर्ने, बिउलाई पेन्टेन्ट गर्ने,

बिउ, पशुपन्छी, बनस्पतिको अनुबांशिकलाई संरक्षण गर्नुपर्ने हुन्छ । त्यस्तै पानीमा आधारित इकोसिस्टम, जंगली पशुपन्छी समेतलाई संरक्षण गर्नु पर्ने हुन्छ ।

२) बिभिन्न कार्यक्रमहहरुबाट गरीब बर्गको आर्थिक श्रोतमा पहुँच पुरयाउने, न्यूनतम सेवाको पहुँच बनाउने, जग्गा लगायतका सम्पतिहरु, अनुबांशिक, प्राकृतिक श्रोत उपयुक्त प्रबिधि एबम् बैंकिंग सेवामा बृद्धि गर्नु पर्ने हुन्छ । गरीबहरुलाई भोग्नु पर्ने जोखिमको अबस्था, जलबायु परिबर्तनबाट पर्ने असर, यसबाट पर्ने आर्थिक, सामाजिक एबम् बाताबरणीय नोक्शानलाई न्युनीकरण गर्नु पर्ने हुन्छ ।

३) भोकमरी निर्मुल गर्ने, खाद्य तथा पोषण सुरक्षाको ब्यबस्थापन गर्नुपर्ने , सबै किसिमको कुपोषणलाई अन्त गर्नु पर्ने र बर्षैभरि नै खाद्यान्न पुरयाउने गर्नु पर्छ ।

४) कृषि क्षेत्रको उत्पादकत्व र आम्दानीलाई दोब्बर बनाइनु पर्छ । खासगरी साना कृषि उत्पादक, घुम्ती पशुपालक कृषक, माछा पालक र गरीब जनताको पहुँचलाई बढाइनु पर्छ ।

५) साना र गरीब कृषकको जमीनमा पहुँच बनाउने, उत्पादकका श्रोत र सेवा पुरयाउने कृषि सामाग्री, ज्ञान, आर्थिक कारोबार, बजार बिकास, मुल्य श्रृंखला र कृषि फार्म बाहिर समेत यस्ता किसिमको मान्छेहरुको अबसर बढोतरी गर्नु पर्छ।

६) पानीमाथिको पहुँच र यसको स्वच्छता कायम राख्ने र दिगो रुपमा ब्यबस्थापन गर्न सक्ने हुनुपर्छ ।

७) बनको दिगो रुपमा ब्यबस्थापन गर्नुपर्ने,जलक्षेत्र, नदीनाला, तलाव, पहाड र सुख्खा क्षेत्रलाई समेत ब्यबस्थापन हुनुपर्ने देखिन्छ

८) जैबिक बिबिधतालाई समेत संरक्षण र दिगो उपयोग भएको हुनुपर्छ ।

### ३.१.६ खाद्य सम्प्रभुता तथा किसान अधिकार

नेपालको संबिधान, २०७२ ले देशका हरेक नागरिकलाई खाद्य सम्प्रभुताको अधिकार सुनियोजित गरेको छ । यसले गर्दा कुनै पनि जनता भोका नरहने संबिधान ले प्रत्याभुति दिएको बिषयबस्तु पनि हो । सँगै खाद्यान्न तथा कृषि जन्य उत्पादक को हक हित संरक्षण गर्ने , उत्पादित बस्तुको बजार बिक्रीको ग्यारेन्टी गर्ने समेत दायित्व सरकारको रहन जान्छ । यस सम्बन्धी ऐन तथा नियमाबली निर्माण गरी आबश्यक कार्यान्वयन गर्ने समेत सरकारी पक्षलाई दिएको छ । गरीब, पिडित, श्रोत बिहीन ब्यक्तिको पहिचान गरी खाद्य सम्प्रभुताको अनुभब गराउने काम स्थानीय सरकारको दायित्व भित्र पर्दछ । नेपाल सरकारले खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ भनी तर्जुमा भएको अबस्था हो । नेपालको संबिधान बमोजिम प्रदत नागरिकको खाद्य, खाद्य सुरक्षातथा खाद्य सम्प्रभुता, सम्बन्धी मौलिक हकलाई कार्यान्वयन गर्ने र त्यसको लागि उपयुक्त सयन्त्र निर्माण गर्न  तथा खाद्यमा नागरिक पहुँच सुनिश्चित गर्ने सम्बन्धमा कानुनी ब्यबस्था गरिएको छ ।

यस ऐनले किसान भन्नाले कृषिलाई मुख्य पेशा वा ब्यबसाय बनाई त्यसबाट आफ्नो जीबिकोपार्जन गर्ने नागरिक सम्फनु पर्छ र सो शब्दले त्यस्तो नागरिकमा आश्रित परिबारका सदस्य वा बर्षको ६ महिना वा सो भन्दा बढी अबधि कृषि कार्यमा श्रम गर्ने वा परम्परागत कृषि औजार निर्माण गर्ने नागरिक वा त्यस्तो नागरिकमा आश्रित परिबारका सदस्यलाई समेत जनाउँदछ ।

खाद्य भन्नाले जैबिक श्रोत बाट प्राप्त सांस्कृतिक रुपमा स्वीकार्य प्रशोधित, अर्धप्रशोधित वा अप्रशोधितमानब उपभोग्य पदार्थ सम्झनु पर्छ  र सो शब्दले त्यस्तो पदार्थको तयारी, प्रशोधन, वा उत्पादनमा प्रयोग हुने कच्चा पदार्थलाई समेत जनाउँदछ ।

खाद्य सम्प्रभुता भन्नाले खाद्य उत्पादन तथाबितरण प्रणालीमा किसानले उपभोग वा अभ्यास गर्ने देहायका अधिकार सम्झनु पर्छ :

१) खाद्य सम्बन्धी नीती निर्माण प्रक्रियामा सहभागी हुने,

२) खाद्य उत्पादन वा बितरण प्रणालीसँग सम्बन्धित कुनै पनि ब्यबसाय रोज्ने

३) कृषि योग्य भुमि , श्रम, बीउ बिजन, प्रबिधि, औजारको छनौट गर्ने,

४) कृषि ब्यबसायको बिश्व ब्यापारीकरण वा ब्यपारीकरण प्रतिकुल प्रभाब बाट मुक्त रहने

त्यस्तै खाद्य अधिकार तथा खाद्य असुरक्षाबाट संरक्षण गर्न यसले खाद्य सम्बन्धी अधिकार को सम्मान, संरक्षण र परिपुर्ति सम्बन्धी ब्यबस्था गरेको छ । त्यस्तै भोकमरी रोकथाम र नियन्त्रण का उपायहरु अबलम्बन गरेको छ । यो ऐनले लक्षित घरपरिबारको पहिचान गर्ने ब्यबस्था गरेको छ । यसरी पहिचान गरेकालाई खाद्य सहायता परिचयपत्रको ब्यबस्था हुनुपर्छ  भनेको छ । साथै निशुल्क वा सहुलियत मुल्यमा खाद्य सहायता उपलब्ध गराउने सम्बन्धी ब्यबस्था गरेको छ । सँगै खाद्य पोषण तत्वको मापदण्ड तोक्ने र आपत्कालीन खाद्य तथा पोषण सुरक्षा गर्ने भनिएको छ । यस ऐन बिशेष अबस्थामा खाद्य सकंटग्रस्त क्षेत्र घोषणा गर्न सक्ने अधिकार समेत दिएको छ । स्थानीय खाद्यलाई प्राथमिकता दिने, खाद्य सम्प्रभूताको अधिकारको सम्मान, संरक्षण र परिपुर्ति , कृषि पेशाको संरक्षण र किसानको जीबनस्तर प्रबर्द्धन गर्ने सम्बन्धी ब्यबस्था गरेको छ । किसानको पहिचान र सम्मान, कृषि योग्य भूमिको दिगो उपयोग, स्थानीय कृषि बाली तथा पशुजन्य उत्पादनको प्रबर्द्धन , कृषि योग्य भूमिको दिगो ब्यबस्थापनको जिम्मेबारी सम्बन्धी ब्यबस्था गरेको छ। लक्षित कृषि बिकास कार्यक्रम संचालन , जलबायु परिबर्तनबाट हुन सक्ने असरको न्युनीकरण, क्षतिपुर्ति दिनुपर्ने उल्लेख छ ।

खाद्य अधिकार कार्यान्वयन गर्न राष्ट्रिय खाद्य योजना बनाउन, खाद्य तथा पोषण सुरक्षा कार्यक्रम संचालन गर्ने, खाद्य अधिकारको अनुगमन गर्न सूचकांक बनाउने, खाद्य तथा पोषण शिक्षा र सुचनाको ब्यबस्था हुनुपर्ने एबम् अनुसन्धान तथा बैज्ञानिक प्रबिधिको बिकास गर्नुपर्ने उल्लेख छ ।

त्यस्तै खाद्यको उपलब्धता । आपुर्ति तथा बितरण प्रणाली सम्बन्धी खाद्यको भण्डारन तथा संचिति ब्यबस्था, खाद्य खरीद, खाद्यको ढुवानी तथा बितरण, आधारभुत खाद्यको मुल्य स्थिरता, खाद्य बितरण को ब्यबस्था, बिबरण सार्बजानिक गर्ने ब्यबस्था गरेको छ । राष्ट्रिय खाद्य परिषद, प्रदेश खाद्य परिषदतथा स्थानीय खाद्य समन्वय समितिको ब्यबस्थापन गर्न सोको गठन गर्ने, अनुगमन र सुपरिबेक्षण गर्ने, सो को काम, कर्तब्य, र अधिकार तोक्ने ब्यबस्था भएको छ । सो समितिको सहयोगको लागि उपसमिति वा कार्यदल वा बिज्ञ समुह गठन गर्न सक्ने, अधिकार प्रात्योजन गर्ने । कर्मचारी सम्बन्धी ब्यबस्था गर्ने उल्लेख छ । साथै कसूर तथा सँजायको ब्यबस्था हुने, मुद्याको अनुसन्धान र दायरी को ब्यबस्था, क्षतिपुर्तिको ब्यबस्था, निरीक्षण अधिकृत नियुक्त गर्न वा तोक्न सक्ने,नेपाल सरकारसँग सम्पर्क र नियम बनाउन सक्ने एबम् कार्यबिधी तथा निर्देशिका बनाउन सक्ने ब्यबस्था भएको छ ।

### ३.१.७ समाबेशी तथा दिगो कृषि बिकास

कृषिका निती, योजना तर्जुमा गर्दा प्रमुख सरोकारवालाहरू (सरकार र नागरिक समाज दुबै) लाई योजना तर्जुमा र कार्यान्वयनमा सहभागी गराउनु पर्छ र उपयुक्त तथा नियमित रूपमा अनुगमन गर्नु पर्ने छ। समावेशी पक्षहरू (लैंगिक, पिछडिएका वर्गहरू, भौगोलिक रूपमा पिछडिएकाहरू) लाई उपयुक्त संयन्त्रहरूको माध्यमबाट समावेश गरिनेछ। यसले पनि सरोकारवालाहरूको सहभागिता सुनिश्चित गर्ने, योजना निर्माण, कार्यान्वयन र अनुगमनमा नागरिक समाजलाई जवाफदेही बनाउनेछ। सरकार र नागरिक समाजभित्रबाट छानिएका संघसंस्थाहरू (जस्तै, किसानहरू, निजी क्षेत्र र सहकारीहरूका संघसंस्थाहरू) का मानव संसाधनको क्षमताले कृषि कार्यक्रम सञ्चालन व्यवस्था सुदृढ गराउनमा समष्टिगत रूपमा योगदान दिनेछन्।

### ३.१.८ सुशासन

सुशासन (Improved Governance)भन्नाले नीतिहरूको तर्जुमा गर्ने, परिमार्जन गर्ने र कार्यान्वयन गर्ने सन्दर्भमा सरकारको क्षमतालाई बुझाउँछ। यस्तो क्षमताको अभावमा कृषि बिकासका कार्यक्रम सफलतापूवर्क कार्यान्वयन हुन सक्ने छैन। सुशासनका प्रमुख तत्वहरू अन्तर्गत जवाफदेहीता, सहभागिता, पूर्वानुमान क्षमता र पारदर्शिता पर्दछन्। सुशासनका उपलब्धि हासिल गर्नका लागि प्रभावकारी समन्वय र योजना निर्माण मुख्य प्रतिफल(Output) हुनेछन।

कृषि बिकास रणनिती को समष्टिगत लक्ष्यहरूमध्ये एउटा खाद्य तथा पोषण सुरक्षाको सुधार गर्नु हो। यो एउटा दीर्घकालीन लक्ष्य हो जसका लागि अन्य सबै अवयवहरूले योगदान गर्छन्। यद्यपी, अल्पकालीन अवधिका लागि,सुशासनको कार्यान्वयन भएको मुख्य कसी भनेको सर्वाधिक पिछडिएका समूहहरूका सबैभन्दा जरूरी आवश्यकताहरू पूरा गर्ने सरकारको क्षमता नै हो। सुशासनको यो पक्ष पूरा भए/नभएको परीक्षणलाई सम्वोधन गर्न सुशासन अवयव अन्तर्गत रहने गरी समन्वय गर्नेछ।

### ३.१.९ सरकारी, नीजी तथा उत्पादक साझेदारी (Public, Private and Producers Partnership),4P

मुलुकले खुला अर्थतन्त्रको नीति अवलम्बन गरेदेखि नै निजी क्षेत्रलाई उत्पादन, बितरण र रोजगारी सृजनाको क्षेत्रमा साझेदार बनाउने अभ्यास निरन्तर रुपमा भइरहेको छ। एकातिर सरकारी तथा निजी क्षेत्रको साझेदारीमा ठूलाठूला विकास निर्माणका कार्यहरु संचालन भइरहेको अवस्थामा छ भने अर्कोतर्फ निजी क्षेत्र तत्काल लाभ हुने क्षेत्रमा बढी आकर्षित हुने र दीर्घकालिन लाभ प्राप्त हुने पूर्वाधार निर्माण एवं औद्योगिक क्षेत्रको विकासमा कमै मात्र केन्द्रित भएको विद्यमान अवस्थामा कृषि उद्यम तथा व्यवसायमा निजी क्षेत्रको आकर्षण बढाउने खालका नीति अबलम्बन गर्नु जरुरी छ।कृषि कार्यमा निजी क्षेत्रको अपनत्व भावमा अभिवृद्धि गर्न र लगानीको वातावणको सुनिश्चितताको लागि एचष्खबतभ क्भअतयच को भूमिका Action Plan मा नै स्पष्ट पारिनुपर्दछ।कृषि क्रमशः

ब्याबसायिकरण हुँदै जादाँ कृषिमा अधारित उद्योगमा स्थापना गर्नु अनिबार्य हुन जान्छ । उद्योग स्थापना हुँदै जादाँ यसले रोजगारी बृद्धि गराउँछ, कृषि उत्पादनको परिमाण समेत बढ्दै जान्छ, ग्रामीण क्षेत्रमा बसोबास गर्ने जनताको समेत आम्दानी बृद्धि हुँदै जान्छ । युवा पलायन रोक्न समेत यसले मद्दत पुग्दछ । यस किसिमको कार्यमा सरकारी,गैर सरकारी नीजी तथा उत्पादक किसानको साझेदारी गर्दा कम जोखिम एबम् लगानीमा समेत सहजता हुन्छ ।

## ३.२ राष्ट्रिय किसान आयोगको गठन

अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रलाई आधुनिकीकरण, ब्यबसायीकरण र बिबिधीकरण गरी किसानको हक हित संरक्षण एबम् प्रबर्द्धनका लागि कृषि सम्बन्धी नीती, ऐन, कानून तथा योजना तर्जुमाका साथै कृषि अनुसन्धान र प्रसारलाई किसान मैत्री बनाई किसानहरुको हक, हित र अधिकारको रक्षा गर्दै कृषि उत्पादनमा नेपाललाई आत्मनिर्भर बनाउन बान्छनीय भएको तथ्य लाई आत्मसात गर्दे कृषि बिकास रणनिती (सन् २०१५ देखि २०३५ सम्म) ले परिलक्षित गरे बमोजिमका उद्देश्य हासिल गर्न नेपाल सरकारबाट २०७३ ।१० । ६ मा जारी राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश , २०७३ अनुसार राष्ट्रिय किसान आयोग गठन भएको हो ।

### ३.२.१ राष्ट्रिय किसान आयोगलाई प्रदत काम, कर्तब्य र अधिकार

नेपाल सरकार मन्त्री परिषद को मिति २०७३ ।१०।०६ गतेको निर्णय बमोजिम राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश , २०७३ अनुसार कृषि उत्पादन , उत्पादकतव अभिबृद्धि गरी किसानको हक , हित र अधिकारको संरक्षण एबम् प्रबर्द्धन गर्ने कार्य सँग सम्बन्धित बिषयमा नेपाल सरकारलाई सहयोग पुरयाउन राष्ट्रिय किसान आयोग गठन भएको हो । कार्यकारी आदेश अनुसार यस आयोगको काम, कर्तब्य र अधिकार निम्नानुसार रहेको छः ।

(१) कृषि बिकास निर्ता रणनिती सफल कार्यान्वयन गर्न का लागि कृषि बिकास मन्त्रालय लगायत कृषि क्षेत्र सँग सम्बनिधत निकायहरु समक्ष समय सापेक्ष सुधारका सम्बन्ध नेपाल सरकारलाई सुझाव दिने ।

(२) किसानहरुको हक हित लाई प्रबर्द्धन गर्न किसान कल्याणकारी योजना (Farmers welfare scheme) तर्जुमा गर्रा नेपाल सरकारलाई सिफारिस गर्ने ।

(३) नेपाल सरकारले जारी गरेका बिद्यमान निती, ऐन, नियममा किसान अधिकारमा रहेको नितीगत भिननता (Policy Gap) को सम्बन्धमा अध्ययन तथा बिश्लेषाण गर्रा सुधारको लागि नेपाल सरकारलाई सुझाव दिने ।

(४) किसानको हक, हित अधिकार एबम् किसानहरुको राज्य प्रतिको कर्तब्य र दायित्वका लागि नयाँ निर्ता , ऐन, वा नियमाबली बनाउन नेपाल सरकारलाई सहयोग गर्ने ।

(५) किसान अधिकारको अनुगमन, सुपरिबेषण गर्ने र सुधारका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

(६) कृषि कार्यमा प्रयोग हुने प्राकृतिक श्रोत साधनमा किसानहरुको पहुच बढाउने र अधिकार स्थापन गर्ने ठोस कार्य योजना नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

(७) बिभिन्न बाली बस्तुहरुको बजार सरलीकरण गुणस्तर तथा लागत प्रतिस्पर्धात्मकता अभिबृद्धि र मुल्य अभिबृद्धिको आधारमा किसानले उचित मुल्य पाउने उपायको बारेमा नेपाल सरकारलार्य सुझाव दिने ।

(८) बस्तुगत संघ, उत्पादक सहकारी संघ तथा किसान सन्जाल एबम् संगठन हरुको क्षमता अभिबृद्धि गरी किसानहरुको हक अधिकारको संरक्षण र प्रबर्द्धन गर्ने उपायहरु सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने ।

(९) किसानहरुको परम्परागत ज्ञान, सिप, प्रबिधि, रैथाने जात , बिउ, नश्ल तथा किसानहरुले बिकास गरेका बाली र पशु नश्लमा उनीहरुको पहुच र प्रयोग बढाउन तथा त्यसमा किसानहरुको अधिकार स्थापना गर्न नेपाल सरकारलाई आबश्यक सुझाव दिने ।

(१०) कृषि पेशा लाई आकर्षित बनाउन अबलम्बन गनुपर्ने किसान अधिकार सम्बन्धी निती तथा कार्यक्रमका सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने गराउने ।

(११) संबिधानले ब्यबस्था गरेका किसानहरुका हक , हित र अधिकारहरु कार्यान्वयन भए नभएको सम्बन्धमा अध्ययन गरी नेपाल सरकारलाई आबश्यक सिफारिस गर्ने ।

(१२) किसान संघ, संगठनहरु ( समुह, सहकारी, गै.स.स.बाहेक) लाई दर्ता गरी नियमन गर्ने ।

(१३) सरकारी तथा गैरसरकारी एबम् निजी क्षेत्रबाट संचालित निती तथा कार्यक्रम र आयोजनाहरुबाट किसानहरुको अधिकार हनन भएमा सम्बन्धित निकाय र नेपाल सरकारलाई जानकारी गराई आबश्यक सिफारिस गर्ने ।

(१४) नेपाल सरकारले समय समयमा तोकेको अन्य काम गर्ने ।

### ३.२.२ किसान आयोगले संचालन गर्ने गरेका कार्यक्रमहरु

सरोकारवाला किसान संघ, संगठन, संस्था तथा सञ्जालहरूसँग "राष्ट्रिय कृषि नीति, २०७७" को प्रारम्भिक मस्यौदा, कोरोना भाइरस (कोभिड-१९) का कारण कृषि क्षेत्रमा परेको असर, सलह कीराले पुऱ्याएको नोक्सानी, "खाद्य अधिकार तथा खाद्य सम्प्रभुता नियमावली, २०७७" विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ अनुसार कृषि क्षेत्रमा हुने वैदेशिक लगानी, आ.व २०७७/७८ को नीति तथा कार्यक्रमको ११९ नम्बर बुँदामा समावेश भएको भूमि बैङ्कको स्थापना र उल्लिखित विषयमा किसान संघ/संस्था, सञ्जाल तथा पेशागत संघ/संगठनहरूको भूमिका, दुग्ध विकास नीति, २०७७ को मस्यौदा विषयहरूमा छलफल तथा अन्तरक्रिया गरी प्राप्त सुझावहरूसमेत संलग्न गरी सरोकारवाला निकायलाई पठाइएको । सरोकारवाला निकायहरू (किसान संघ संस्था, सञ्जाल तथा पेशागत संघ संगठन) हरूको क्षमता विकासका लागि प्रदेशस्तरमा क्षमता अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गरिएको । उक्त कार्यक्रमबाट प्रदेशमार्फत सञ्चालन हुने कृषि कार्यक्रम तथा सेवा र सुविधा सम्बन्धमा सुसूचित गराइएको र महिला शसक्तिकरणमा टेवा पुगेको । राष्ट्रिय किसान आयोगमा परेका उजुरी तथा आयोगलाई प्राप्त कार्यादेश तथा जिम्मेवारी बमोजिम आयोगका पदाधिकारी तथा सचिवालयबाट कृषि

तथा पशुपन्छी विकास मन्त्रालयबाट सञ्चालन भएका विभिन्न आयोजना तथा कार्यक्रमहरू तथा निकायहरू जस्तैः प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतका जोन र सुपरजोनहरू, कृषि ज्ञान केन्द्रहरू, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, विभिन्न सरकारी फार्म केन्द्रहरू, व्यवसायिक किसानका फर्महरू, तथा विभिन्न कृषिजन्य उद्योगहरू साथै विभिन्न आयोजनाबाट सञ्चालित कार्यक्रमहरूको अनुगमन गरी आवश्यक सुझाव र सल्लाहहरू दिइएको ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदन, २०७८ रासायनिक मल (यूरियाको) र उत्पादित कृषि उपजको बजारीकरणको सहजता नभएको सम्बन्धी विज्ञप्ति जारी गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालय लगायत अन्य सरोकारवाला निकायलाई आवश्यक पहल गर्न अनुरोध गरिएको । बाढी, पहिरो र डुवानबाट भएको क्षतिको यथार्थ विवरण सङ्कलन गरी कृषकहरूलाई राहत कार्यक्रम, कृषि व्यवसायको पुर्नस्थापना, रोजगारीको व्यवस्था र कृषकहरूलाई प्रोत्साहनको विशेष कार्यक्रम घोषणा गर्न राष्ट्रिय किसान आयोगले नेपाल सरकार र सबै सरोकारवाला निकायहरूसँग अनुरोध गरिएको । राष्ट्रिय किसान आयोगको कामलाई प्रभावकारी बनाउनको लागि साथै कृषकहरूका कृषि तथा पशुपन्छीजन्य उत्पादन, बजारीकरण र कृषिसँग सम्बन्धित अन्य क्रियाकलापहरूसँग सरोकार राख्ने क्षेत्रहरूमा भएका गुनासोहरूलाई व्यवस्थित गरी सम्बन्धित निकायमा पुऱ्याई सुनुवाई गर्नका लागि तयार गरिएको कृषक गुनासो व्यवस्थापन कार्यविधि, २०७८ स्वीकृतिको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पेश गरिएको ।

कोरोना भाइरस (कोभिड-१९) का कारण भएको बन्दाबन्दी तथा निषेधाज्ञाका कारण कृषि तथा पशुपन्छीजन्य उत्पादन तथा बजारीकरणमा भएका समस्याहरू समाधानको लागि कृषक, कृषि उद्यमी र सरोकारवाला निकायहरूसँग बीउ तथा मल उपलब्धता र वितरण प्रणाली, दुग्ध उत्पादन र बजारीकरण, कुखुरा तथा अण्डाको उत्पादन तथा बजारीकरणमा भएका समस्याहरू, तरकारी (आलु र च्याउसमेत), फलफूल, पुष्पको उत्पादन तथा बजारीकरण, चिया, कफी, अलैचीको उत्पादन र बजारीकरण तथा माछाको उत्पादन तथा बजारीकरणमा भएका समस्याहरू विषयक छलफल/अन्तरक्रिया सञ्चालन गरिएको । कोरोना भाइरस (कोभिड-१९० का कारण भएको बन्दाबन्दी तथा निशेधाज्ञाका कारण कृषि तथा पशुपन्छीजन्य उत्पादन तथा बजारीकरणमा भएका समस्याहरू सम्बन्धी छलफल र अन्तरक्रियाबाट प्राप्त सुझावहरूलाई समेटी सम्बन्धित सरोकारवाला निकायलाई नीतिगत तथा कार्यक्रमिक व्यवस्थाको लागि अनुरोध गरिएको । कृषि विज्ञहरूसँग बैठक तथा अन्तरक्रिया गरी सान्दर्भिक विषयहरूका (ऐन, नियामावली, निर्देशिका, नीति) सम्बन्धमा मन्त्रालयलाई पृष्ठपोषणको लागि राय सुझाव उपलब्ध गराइएको । मुलुकभर फैलिएको कोरोना भाइरस (कोभिड-१९) को महामारीका कारण जारी भएको बन्दाबन्दी र निषेधाज्ञाको कारण कृषि तथा पशुजन्य उत्पादनको बजारीकरण र कृषि उत्पादनमा प्रयोग हुने सामग्रीहरूमा सहजता भए नभएको बारे अनुगमन गरिएको । कृषिको व्यवसायिकरणका लागि प्रदान गरिने सहुलियतपूर्ण कर्जाको प्रभावकारी कार्यान्वयन गरी कृषि पेशा, उद्यम र व्यवसायमा कर्जाको पहुँच अभिवृद्धि गर्दै कृषि उत्पादनमा आत्मनिर्भर हुँदै खाद्य सुरक्षा कायम गर्न र आयआर्जन तथा रोजगारीको अवसर जुटाउन सवर्सुलभ रूपमा कृषक, उद्यमीलाई कर्जा उपलब्ध गराउन आवश्यक सुझावलाई आगामी मौद्रिक नीतिमा

समावेश गरी कर्जा प्राप्तिमा आवश्यक सरलीकरण गर्न नेपाल राष्ट्र बैङ्कलाई अनुरोध गरिएको । (राष्ट्रिय किसान आयोग, २०७८)

### ३.२.३ आयोगको दुरदृष्टि, लक्ष्य र ध्येय

**आयोगको दुरदृष्टिः**
आम किसानको हक, हित र अधिकारको संरक्षण र प्रबर्द्धन गर्ने मूल मर्मलाई आत्मसात गर्दै कृषि नै बिकास र समृद्धिको आधार हो भन्ने मान्यताका साथ किसान अधिकार संस्कृतिको बिकास गर्ने ।

**आयोगको लक्ष्य**
किसान अधिकार मैत्री वातावरण निर्माण मार्फत सेवा किसानले आफुलाई प्राप्त अधिकारको निर्बाध उपभोग गर्न पाउने स्थिति निर्माण गर्ने ।

**आयोगको ध्येय**
विश्वब्यापी रुपमा आत्मसात गरिएका किसान अधिकार का सिद्धान्त, मुल्य मान्यतालाई अबलम्बन गर्दै स्वतन्त्र, निष्पक्ष, बिश्वसनीय, तथा नेतृत्वदायी राष्ट्रिय किसान अधिकार सम्बर्धन र प्रबर्द्धन गर्ने संस्थाको रुपमा आयोग रहनेछ ।

**आयोगको मुल्य मान्यताहरु**
खाद्य सम्प्रभुता सहितको किसानमुखि र आत्मनिर्भर कृषि , समानता र न्याय, निष्पक्षता, खाद्य तथा कृषि उत्पादनका साधन स्रोत मा सबै किसानको पहुँच र लाभांशका समन्यायिक बाँडफाड , जबाफदेहिता, पारदर्शिता, स्वतन्त्रता र स्वायतता, सहभागिता र समाबेशकिरणको सम्मान आयोगको मूलभुत मान्यताहरु हुन् ।

### ३.२.४ नेपालमा किसान अधिकार सम्बन्धी ब्यवस्थाहरु

#### ३.२.४.१ नेपालको संबिधान,२०७२ मा कृषि र किसान सम्बन्धी अधिकारहरु

**(१) भाग ३ मौलिक हकः** नेपालको संबिधान , २०७२ मा कृषि र किसान सम्बन्धी निम्न बमोजिमका मौलिक हकहरुको ब्यबस्था गरिएको छः।

**धारा ३६ खाद्य सम्बन्धी हकः** (१) प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुनेछ । (२) प्रत्येक नागरिकलाई खाद्यबस्तुको अभाबमा जीबन जोखिममा पर्ने अबस्थाबाट सुरक्षित हुने हक हुनेछ । (३) प्रत्येक नागरिकलाई कानुन बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ ।

**धारा ४० दलितको हकः** (५) राज्यले भुमिहिन दलितलाई कानून बामेजिम एक पटक जमिन उपलब्ध गराउनु पर्नेछ ।

**धारा ४२ सामाजिक न्यायको हकः:** (१) सामाजिक रुपले पछाडि परेका महिला, दलित, आदिबासि, जनजाति, मधेशी, थारु, अल्पसंख्यक , अपांगता भएका ब्यक्ति, सिमान्तकृत , मुस्लिम, पिछडा बर्ग, लैंगिक तथा यौनिक अलपसंख्यक, युबा, किसान, श्रमिक, उत्पीडित वा पिछिडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले बिपन्न खस

आर्य लाई समाबेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुने छ । (२) आर्थिक रुपले बिपन्न तथा लोपोन्मुख समुदायका नागरिक को संरक्षण, उत्थान, सशक्तिकरण र बिकासका लागि शिक्षा, स्वास्थ्य, आबास, रोजगारी , खाद्यान्न र सामाजिक सुरक्षामा बिशेष अबसर तथा लाभ पाउने हक हुने छ । (३) प्रत्येक किसानलाई कानुन बमोजिम कृषि कार्यका लागि भुमिमा पहुँच , परम्परागत रुपमा प्रयोग र अबलम्बन गरिएको स्थानीय बिउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षण को हक हुने छ ।

**धारा ५१** राज्य नितीहरुः नेपालको संबिधान २०७२ मा कृषि र भमिसुधार सम्बन्धी निम्न बमोजिमका नितीहरुको व्यबस्था गरिएको छः

**कृषि तथा भुमि सुधार सम्बन्धी नितीहरुः** (१) भुमिमा रहेको दोहरो स्वामित्व अन्त्य गर्दे किसानको हितलाई ध्यानमा राखि बैज्ञानिक भुमिसुधार गर्ने, (२) अनुपस्थित भु स्वामित्व लाई निरुत्साहित गर्दै जग्गाको चाक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्ने (३) किसानको हक हित संरक्षण र सम्बर्धन गर्दे कृषिको उत्पादन र उत्पादकतव बढाउन भु उपयोग नितीको अबलम्बन गरी भुमिको व्यवस्थापन र कृषिको व्यबसायीकरण , औद्योकिकरण, बिबिधीकरण र आधुनिकीकरण गर्ने (४) भुमिको उत्पादनशलिता , प्रकृति तथा बाताबरणीय सन्तुलन समेतका आधारमा नियमन व्यबस्थापन गर्दे सोको समुचित उपयोग गर्ने । (५) कृषकका लागि कृषि सामाग्री , कृषि उपजको उचित मुल्य र बजारमा पहुँचको व्यबस्था गर्ने ।

**नागरिकका आधारभुत आबश्यकता सम्बन्धी नितीः** कृषि क्षेत्रमा लगानी अभिबृद्धि गर्दै खाद्य सम्प्रभुता को मान्यता अनुरुप जलवायु र माटो अनुकुलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्न को दिगो उत्पादन, आपूर्ति , सन्चय, सुरक्षा,र सुलभ तथा प्रभाबकारी वितरणको व्यबस्था गर्ने ।

**सामाजिक न्याय र समाबेशीकरण सम्बन्धी नितीः** मुक्त कमैया, कम्हलरी, हरुवा, चरुवा, हलिया, भुमिहिन, सुकुम्बासिहरुको पहिचान गरी बसोबासका लागि घर, घडेरी तथा जिबिकोपार्जनका लागि कृषि योग्य जमिन वा रोजगारीको व्यबस्था गर्ने ।

**पेशागत रुपमा किसानका बिशेष अधिकारहरु** :: सदियैं देखि कृषिलाई मुख्य पेशा र माटोलाई जिबिकोपार्जन र आय आर्जनको मुख्य साधन मान्दै आएका नेपाली किसानहरु आफ्ना पेशागत बिशेषाधिकारबाट प्राय बन्चित छन् । जीबनभर माटोमा पसिना सिँचेर पनि भरपेट खान र बाल बच्चाको पालन पोषण गर्न नसकि कष्टकर जीबन बिताउन बाध्य छन् । किसानका अिधिकारहरु निर्बाध रुपले प्राप्त भएमा कृषि व्यवसाय फस्टाउन का साथै किसानको जीबनस्तर माथि उठाउन सहज हुनेछ ।

**भुमि र प्राकृतिक श्रोतहरु मथि किसानको अग्राधिकार :** भुमि उत्पादनको प्रमुख साधन हो । भुमि , वन र कृषि बिना किसानको परिकलपना गर्न सकिदैन । तर हाम्रो बिद्यमान भुमि प्रशाासन र भुमिमा पहुँचका हिसाबले बिश्लेषण गर्दा बास्तबिक श्रमजिबी किसानको पहूचमा भुमि छैन । यसले राष्ट्रिय उत्पादकत्वमा नै प्रतिकुल असर पारेको छ । उत्पादकत्व बृद्धि गर्न भुमि र श्रमको उचित संयोजन आबश्यक छ । नेपालको संबिधान , २०७२ मा बैज्ञायिनक भुमि सुधार मार्फत किसानको पहुँचमा भुमिको सम्बन्ध बिस्तार गर्ने कुरा उल्लेख भए पनि यो हाल सम्म ब्यबहारमा आउन सकेको छैन । यसलार्य यथाशक्य चाँडो कार्यान्वयन गरी भुमिमा श्रमजिबी किसानको

अधिकार स्थापित गर्न बाञ्छनीय छ । त्यस्तै उतपादकत्व बृद्धिमा जमिन, जल, जंगल, जैबिक बिबिधता र चरी चरनको बीचमा अन्योन्याश्रित सम्बन्ध रहन्छ । तसर्थ तिनको प्रयोगमा अग्राधिकार स्थापित हुनु पर्दछ ।

**कृषि पुर्बाधारहरु माथि किसानको अधिकार::**कुनै पनि उद्योग ब्यबसाय फस्टाउन र सफल हुनका लागि त्यसको निश्चित पुर्बाधार  पहिलो शर्त हुन्छ । किसान बास्तबमा कृषि ब्यबसायी हुन । यो ब्यबसाय सफल हुनका लागि पनि पुर्बाधारको ठुलो महत्व रहन्छ । सिंचाई , गुणस्तरीय नश्ल, मल , बिउ, कृषि सडक, बजारको उचित ब्यबस्थापन र भण्डारन, कृषि यन्त्र, सुलभ कृषि ऋृण, कृषि प्रबिधि, सुचना र संचार आदि कृषि बिकासका प्रमुख पूर्बाधारहरु हुन् । यस्ता पुर्बाधारहरुको उचित ब्यबस्थापन नभई कृषि ब्यबसाय र किसानको उन्नति हुदैन । किसानहरुलाई राज्यले यी पुर्बाधारहरुको ब्यबस्था गरिदिनु पर्छ ।

**बिउ, बिजन, नश्ल,र अनुबांशिक श्रोतहरु माथि को अधिकार:** शताब्दियौ देखि किसानहरुको एकल र सामुहिक प्रयासबाट गरिएका बाली तथा पशुपन्छीका जाति, प्रजाति,तथा नश्लको आफ्नै बिशेषाता र महत्व छ । आज बिभिन्न बर्णशंकर पद्धतिबाट भित्रिएका बिउ बिजन र नश्ल आदिले अनुबंशीय श्रोत र मौलिक खेतीपातीको परम्परामा ठुलो चुनौती देखिएको छ ।यो अनुबंशीय श्रोत र कृषि पद्धतिमा निरन्तरता दिदै यसलाई किसानको मौलिक बौद्धिक सम्पति को रुपमा सुरक्षित राख्नु पर्छ ।

**कृषि उपजको मुल्य निर्धारण गर्न पाउने अधिकार:** कुनै पनि उद्योग ब्यबसायीले उत्पादित वस्तुको मुल्य निर्धारण लागत लाभको आधारमा आफुले गर्ने गर्दछ  तर किसानले आफ्नो उपजको मुल्य निर्धारण आफैले गर्न पाउदैन । उक्त परिस्थिति अन्त्य गर्दै अन्य उद्योगीहरु सरह किसानले पनि आफ्नो कृषि उपजको मुल्य निर्धारण  लागत लाभ को आधारमा गर्न पाउने ब्यबस्थाका लागि सरकारले कृषि बस्तुको न्युनतम समर्थन मुल्य तोक्दा उत्पादक किसानको सहभागितामा गराउनु पर्दछ ।

**शिक्षा र रोजगारको अधिकार:** कृषि उत्पादनमा संलग्न किसान र नबयुबाहरुलाई कषि सम्बन्धी बयाबसायिक तालिम प्रशिक्षण को उचित ब्यबस्था गरी ब्याबहारिक र सैद्धान्तिक शिक्षाको ब्यब्सथा गरिनु पर्दछ । किसानका छोरा छोरीलाई रोजगारीको सुनिश्चितताता हुनुपर्दछ । कृषि उत्पादनमा महतवपुर्ण योगदान गरेका किसानलाई रोजगारीको ब्यबस्था राज्यले मिलाउनु पर्दछ ।

**सुचना, नयाँ प्रबिधि र प्रसारको हक:**कृषि सँग सम्बन्धित नयाँ प्रबिधि, बजार बिस्तार र बजार मुल्य लगायत का बिभिन्न सूचना र जानकारी पाउनु हरेक किसानको अधिकार हो । बिभिन्न पत्रपत्रिका, रेडियो, टेलिभिजन, अनलाईन तालिम, प्रशिक्षण, गोष्ठि, भ्रमणका माध्यमबाट किसानहरुका बीचमा सुचना प्रबिधिहरुको प्रचार प्रसार गरिनु पर्दछ ।

**संरक्षण को अधिकार:** २३ अप्रिल , २००४ मा नेपाल बिश्व ब्यापार संगठन को सदस्य बने पश्चात नेपाली किसानहरु अबिकसित देशहरु सँग खुल्ला प्रतिस्पर्धा गनुपर्ने अबस्था आएको छ । बिकसित देशहरुमा उन्नत प्रबिधि, यान्त्रीकरण,र राज्यबाट संरंक्षित किसानहरु द्धारा उत्पादित कृषि बस्तुको लागत मुल्य न्यून हुन्छ । त्यसको तुलनामा हाम्ा किसानहरुको उत्पादन लागत मूल्य बढी छ । त्यसैले किसानको प्रतिस्पर्धी क्षमता अभिबृद्धि गर्न राज्यले उनीहरुलाई संरक्षण दिनु पर्दछ । देशको करीब ६० प्रतिशत जनसंख्या ओगेटेको किसानलाई संरक्षण का

लागि कृषि उत्पादनका  साधन र कृषि सामाग्रीमा अनुदान साथै अन्य सेवा सुबिधा बिस्तार गर्नु पर्दछ । यसरी संरक्षित हुन पाउनु किसानको अधिकार हो ।

**राहत, क्षतिपूर्ति , बीमा, र बितीय अधिकारः** कृषि बिशुद्ध रुपमा प्रकृति सँग जोडिएको पेशा भएकोले बातावरणीय प्रभाव र प्राकृतिक हिसाबले कृषि अत्यन्त जोखिम पेशा हो । बाताबरणीय तथा प्राकृतिक प्रकोपका कारणले कृषि बाली वस्तुमा क्षति पुगेमा नोक्शानी हेरी राहत र क्षतिपुर्ति पाउनु किसानको अधिकार हो । राज्यले राहत र क्षतिपुर्तिका लागि बिपद ब्यबसथापन कोष स्थापना गरी तत्काल क्षतिपुर्ति दिने कार्यलाई अगाडि बढाउनु पर्ने साथै बाली तथा पशुपन्छी बिमालाई प्रभाबकारी बनाउनु पर्छ ।

**जलबायु र बाताबरणीय प्रभाबका न्यायिक अधिकारः**:जलबायु परिबर्तनका कारणले अतिबृष्टि, अनाबृष्टि, बाढी पहिरो, आदि प्रकोपबाट पिसानहरु बढी प्रभाबित हुने गरेका छन् । त्यस्ता किसानलाई राज्यले उचित क्षतिपुर्ति उपलब्ध गराउनु पर्दछ । किसानकै कृषि कर्मले बाताबरणीय सन्तुलनमा योगदान पनि पुगी राखेको हुन्छ । यसरी बाताबरणीय सन्तुलनमा योगदान पुरयाउने किसानलाई न्यायसंगत थप सेवा सुबिधा र अनुदानको ब्यबस्था राज्यले मिलाउनु पर्दछ । कृषिलाई बाताबरणीय अनुकुलनका अधारमा थप कार्यक्रमहरु सन्चालनमा ल्याउनु पर्दछ ।

**स्वास्थ्य सेवाको अधिकार :** स्वस्थ्य जीबन बाँच्न पाउनु किसानको अधिकार हो । किसान स्वस्थ्य नभएमा उसको योगदान गर्ने क्षमतामा कमी आई कृषि बस्तुको उत्पादन नै कम हुँदै जान्छ । तसर्थ किसालनलाई निःशुल्क स्वास्थ्य सेवाको ब्यबस्था राज्यले मिलाउनु पर्दछ ।

**खाद्य सम्प्रभुताको अधिकारः** पोषणयुक्त, सांस्कृतिक परम्परा र बैयीक्तक रुचि अनुसारको भरपेट खान पाउने खाद्य अधिकार सबै नागरिकको नैसर्गिक अधिकार हो । राज्यले नागरिकको खाद्यान्को प्रत्याभुति  गर्नु पर्दछ । नेपालको संबिधान , २०७२ यसलाई प्रत्याभुत गरेको छ । संबिधानमा खाद्य सम्प्रभुता सुनिश्चित गर्न नेपालका बिभिन्न राजनैतिक पार्टीसँग सम्बद्ध किसान संघ , संगठन  सन्जाल हरुको अहम् भुमिका हुन्छ ।

**सम्मान र परिचयको अधिकारः** समग्र नागरिकको खाद्य तथा पोषण को जिम्मेबारी बोकेको किसान बर्ग आफैमा मर्यादित बर्ग हो । तर हाम्रो बिद्यमान परम्पराले किसानलाई अपहेलित गरेको छ । सरकारी कार्यालय लगायत अन्य बिभिन्न कार्यालयकहरु तथा संस्थाहरुमा किसानको उचित मर्यादा हुने अबसथा नभएकाले उनीहरु प्रति स्वाभिमानका साथ अन्य बर्गका मानिसहरु जस्तै मर्यादित हुन पाउने अधिकारको ब्यबस्था गरिनु पर्दछ ।

**सहभागिताको अधिकारः** कृषि बिकास रणनिती (२०१५ देखि २०३५ सम्म) ले कृषिको हरेक निती निर्माण तहमा किसानको सहभागितालाई अनिबार्य गरेको छ । अहिले देश संघीय, प्रदेश र स्थानीय तह गरी तीन तहमा ब्यबस्थित छ । यी तीन तहबाट गरिने कृषि बिकास तथा खाद्य पोषण सम्बन्धी निती निर्माण , कार्यानवयन र अनुगमन तहमा किसान प्रतिनिधीको सहभागिता अनिबार्य हुनु पर्दछ । यसरी आफ्ना लागि तयार तथा तर्जुमा हुने निती तथा कार्यक्रमहरुमा किसानको सहभागी हुन पाउने अधिकार किसानको महत्वपुर्ण पाटो हो ।

**सामाजिक सुरक्षा र निबृतिभरणको अधिकार :**किसानहरुलाई राज्यका सरकारी सेवा लगायत अन्य सेवामा भएका ब्यबस्था बमोजिम सामाजिक सुरक्षा र निबृतिभरणका अधिकारका लागि लामो अबधि सम्म कृषि पेशामा लागेका श्रम गर्न नसक्ने , आय श्रोतको कुनै बिकल्प नभएका किसानहरुलाई राज्य ले तिनीहरुलाई सामाजिक सुरक्षा र निबृतिभरणको अधिकार सुनिश्चित गर्न आबश्यक ब्यबस्था गर्नुपर्दछ ।

# परिच्छेद– ४

## ४ तथ्याङ्क प्रस्तुति र विश्लेषण :

राष्ट्रिय किसान आयोग को आबधिक रणनितीक योजना तयार गर्न गरिएको सर्बेक्षणको **देहाए अनुसार विश्लेषण तथा प्रस्तुत गरिएको छ ।**

### ४.१ राष्ट्रिय किसान आयोग गठन समबन्धमा

बि.सं. २०७३ सालमा राष्ट्रिय किसान आयोगको गठन पश्चात निरन्तर रुपमा यस आयोगले किसानका समस्याहरुलाई उजागर गर्ने एबम् सो समाधानका उपायहरु खोजी नेपाल सरकार र अर्न्तगतका निकायहरुलाई सिफारिस गर्ने गरेको छ । यो रणनिती तयार गर्न गरिएको सर्बेक्षणमा ५३ प्रतिशत किसान र कृषि ब्यबसायी ले राष्ट्रिय किसान आयोगको गठन बारे अनभिज्ञता प्रकट गर्नु भएको छ भने ४७ प्रतिशतलाई जानकारी भएको सर्बेक्षणले देखाएको छ ।

तालिका ५ : राष्ट्रिय किसान आयोगको गठन सम्बन्धमा

| | | Frequency | Percent | Valid Percent |
|---|---|---|---|---|
| Valid | थाहा छ | 39 | 47.0 | 47.0 |
| | थाहा छैन | 44 | 53.0 | 53.0 |
| | Total | 83 | 100.0 | 100.0 |

Source: Field survey 2023




चार्ट : राष्ट्रिय किसान आयोगको गठन भएको सम्बन्धी

### ४.२ राष्टिय किसान आयोगलाई सबल बनाउन कानुनी ब्यबस्था सम्बन्धमा

सर्बेक्षणमा कृषक एबम् सरोकारबाला निकायहरुले राष्ट्रिय किसान आयोगलाई सबल बनाउन कस्ता कानुनी ब्यबस्था गनु पर्छ , भनी प्रश्न गर्दा सो को नतीजा तपसिल अनुसारको रहेको छः । जसमा ४८.८ प्रतिशतले

राजनैतिक बिभेद हुने गरेको कुरा उठाएका थिए भने २४.४ प्रतिशतले आयोगलाई समाबेशी बनाउनु पर्ने कुरा उठाएका थिए ।

तलिका ६ : कानुनी व्यबस्था सम्बन्धी

| कानुनी व्यवस्था | प्रतिशत |
|---|---|
| कृषकको हित हुने निती बनाएर | ७.३ |
| राजनितिक विभेद नभएको | ४८.८ |
| निति चुस्त र पारदर्शि | २.४ |
| समावेशी | २४.४ |
| ऐन, निति, नियम बनाई | १७.१ |




चार्ट :कानुनी व्यबस्था सम्बन्धी

### ४.३ आबधिक रणनिती तयार हुँदाका सबल पक्ष सम्बिन्धमा

आयोगको आबधिक रणनिती तयार हुँदै गरेको जानकारी गराए  सँगै यसका सबल पक्षहरु तपसिल अनुसार रहने भनी सर्बेक्षणका नतीजाले प्रष्ट पारेको छ

तलिका ७ ::आबधिक रणनीति तयार हुदाका सवल पक्ष

| आवधिक रणनिती तयार हुँदाका सबल पक्ष | |
|---|---|
| सबल पक्ष | प्रतिशत |
| कृषकको हक अधिकारको सुनिश्चितता | ३६.१ |
| रोजगार वृद्धि | १३.९ |
| समयमा मल, बिउ उपलब्ध गराई उत्पादन वृद्धि | ३३.३ |
| आधुनिक कृषि र कृषि बजारीकरण | १६.७ |




चार्ट : आबधिक रणनीति तयार हुदाका सवल पक्ष

### ४.४ आबधिक रणनितीको कार्यान्वयनमा चुनौतीहरु सम्बन्धमा

आयोगको आबधिक रणनिती तयार गर्दै गर्दा यसका कार्यान्वयनमा चुनौतीहरु बारे प्रश्न गर्दा , त्यस्ता चुनोतीहरु निम्नानुसार रहन सक्ने भनी जबाफ उल्लेख गरिएको छ :

तलिका ८ : रणनीति कार्यान्वनमा चुनौतिहरु

| आवधिक रणनितीको कार्यान्वयनमा चुनौतीहरू | |
|---|---|
| चुनौतीहरू | प्रतिशत |
| निती बन्ने तर कार्यान्वयन नहुने | ५८.८ |
| आर्थिक र राजनितिक समस्या | ३२.४ |
| टाठाबाठाको मात्र पहुँच- | ८.८ |




चार्ट : :रणनीति कार्यान्वनमा चुनौतिहरु

### ४.५ श्रोतको बाँडफाँडमा किसान आयेगको भुमिका सम्बन्धमा

कृषि क्षेत्रको बजेट बिनियोजन एबम् बाँडफाँड मा किसान आयोगको भुमिका बारे प्रश्न राख्दा निम्नानुसार भएको सर्वेक्षण रिपोर्टले देखाएको छः ।

तालिका ९ : :श्रोतको बांडफांड

| श्रोतको बाँडफाँडमा किसान आयोगको भूमिका | |
|---|---|
| श्रोतको बाँडफाँडमा भूमिका | प्रतिशत |
| पार्दर्शि | ४४.६ |
| सबै किसानले पाउने गरि | २४.६ |
| समान रूपले बाँड्ने | २७.७ |
| वडा स्तरमा उपलब्ध हुने गरि | ३.१ |




चार्ट : :श्रोतको बांडफांड

### ४.६ आयोगले सहकारीसँग गर्ने सहकार्य सम्बधमा

राष्ट्रिय किसान आयोगको तोकिएका बिभिन्न कार्य क्षेत्रहरुमा आयोगले कृषि सम्बन्धित सहकारीहरु सँग सहकार्य गर्ने भनी उल्लेख छ, आयोगले सहकारी सँग गर्ने सहकार्यहरुको प्रश्नाबली को जबाफलाई बिश्लेषण गर्दा यसको नतीजा तपसिल अनुसार भएको देखिन्छः:




चार्ट : :आयोगले सहकारी सग गर्ने सहकार्य

### ४.७ राष्ट्रिय किसान आयोगले रणनिती तयार गर्दा अपनाउने कार्य सम्बन्धमा

राष्ट्रिय किसान आयोगले रणनिती तयार गर्दा अपनाउने कार्यनितीहरु तपसिल अनुसारको हुने सर्बेक्षणले देखाएको छः




चार्ट : :रणनीति तयार गर्दा अपनाउने कार्य

### ४.८ भुमि व्यबस्थापनका बिभिन्न उपायहरुका बारेमा किसानको जानकारी:सम्बन्धमा




चार्ट : :भुमि व्यबस्थापनका बिभिन्न उपायहरु बारेमा किसानको जानकारी

### ४.९ कृषि भुमि संरक्षण ऐन निर्माण प्रति किसानको धारणा




चार्ट : :कृषि भुमि संरक्षण ऐन निर्माण प्रति किसानको धारण

### ४.१० उत्पादनका बजार मुल्य निर्धारण सम्बन्धी किसानको सुझाव




चार्ट : :उत्पादनको बजार मुल्य निर्धारण सम्बन्धी किसानको सुझाव

### ४.११ प्रांगारिक मलको उत्पादन , व्यबस्थापन र बजारीकरण सम्बन्धमा




चार्ट : प्राङ्गारिका मल उत्पादन, व्यबस्थापन र बजारीकरण

### ४.१२ साना किसानको उत्थान गर्ने सम्बन्धमा




चार्ट : साना किसानको उत्थान गर्ने सम्बन्धी

### ४.१३ कृषिलाई सम्मानजनक पेशामा रुपान्तरण गर्ने सम्बन्धमा




चार्ट : कृषिलाई सममानजनक पेशामा रुपान्तरण गर्ने सम्बन्धमा

### ४.१४ मल उत्पादन, खरीद तथा बितरणमा किसानका सुझाव




चार्ट : मल उत्पादन खरिद र बितरणमा किसानको सुझाव

### ४.१५ उत्पादन बृद्धि तथा बजार मुल्य निर्धारणका उपायहरु




चार्ट : उत्पादन बृद्धि तथा बजार मुल्य निर्धारणका उपायहरु

### ४.१६ किसान सूचकिरण , बर्गीकरण र सुबिधाहरु सम्बन्धमा




चार्ट : किसान बर्गिकरण सुचिकरण र सुबिधाहरु सम्बन्धमा

### ४.१७ खाद्य अधिकार, अनुबांशिक श्रोत संरक्षण तथा प्रांगारिक खेती सम्बन्धमा




चार्ट : खाध्य अधिकार, अनुबशिक श्रोत सरंक्षण तथा प्राङ्गारिक खेती

# परिच्छेद– ५

## ५ आयोगको प्रस्तावित आबधिक रणनीतिक योजना :

यस अध्ययनको मुख्य लक्ष्य आम किसानको हक हित र अधिकारको संरक्षण र प्रबर्द्धन गर्न आयोगको १० बर्षे आबधिक रणनीतिक योजना तयार गर्नु रहेको छ ।अध्ययनको उद्धेश्यहरु र सोही अनुसार प्रत्येक उद्धेश्यका रणनीति, सो को कार्यनिती एबम् प्राथमिकताका कार्यक्रमहरुको बिश्लेषण निम्नानुसार उल्लेख गरिएको छः:

**१) अध्ययनको उद्धेश्य नं.(१) राष्ट्रिय किसान आयोगको कार्य क्षेत्रको बिश्लेषण सहित रोडम्याप तयार गर्नु**

**१.१ दीर्घकालीन सोच, लक्ष्य एबम् उद्धेश्यः**

**सोचः**

“सबल आयोग, सक्षम किसान”

**लक्ष्यः**

“राष्ट्रिय किसान आयोगको संगठन संरचनालाई समसामयिक परिबर्तन गरी किसानको हक, हित र अधिकारको संरक्षण गर्ने ”

**उद्येश्यः**

(क) राष्ट्रिय किसान आयोगको कार्य क्षेत्रलाई बिश्लेषण गर्ने ( सबल पक्ष, कमजोर पक्ष, अवसर र जोखिम बिश्लेषण)

(ख) राष्ट्रिय किसान आयोगलाई स्वायत निकायको रुपमा काम, कर्तब्य र जिम्मेबारी दिने गरी संगठन संरचना प्रस्ताब गर्ने

(ग)राष्ट्रिय किसान आयोगको प्रस्ताबित संगठन संरचना अनुरुप आयोगका अध्यक्ष, सदस्यहरु एबम् कार्यरत कर्मचारीहरुको कार्य बिभाजन प्रस्ताबित गर्ने

(घ) राष्ट्रिय किसान आयोगको कार्य क्षेत्रलाई सबल रुपमा सन्चालन गर्न एबम् किसानका समस्याहरु समाधान गर्दे अधिकारहरु स्थापित गर्न केन्द्रिय, प्रादेशिक एबम् स्थानीय समन्वय समिति गठन गर्न संरचना प्रस्ताब गर्ने

**१.२ उद्‌देश्य अनुसारका रणनिती तथा कार्यनिती**

**उद्येश्य (क) राष्ट्रिय किसान आयोगको कार्य क्षेत्रलाई बिश्लेषण गर्ने**

(१) राष्ट्रिय किसान आयोगको कार्य क्षेत्र बिश्लेषणः सबल पक्ष, कमजोर पक्ष, अबसर र जोखिम बिश्लेषण देहाए अनुसार प्रस्तुत गरिएको छः

| **सबल पक्ष** | **कमजोर पक्ष** |
|---|---|
| १.कृषि बिकास रणनिती (२०१५ देखि २०३५ ) ले लक्षित गरेका लक्ष्य र उद्देशहरु पुर्तिका लागि राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश , २०७३ मा ब्यबस्था भए अनुसार आयोग मा एक जना अध्यक्ष, पाँच सदस्यहरु र सदस्य सचिब सहित सात जना पदाधिकारी हरु नेपाल सरकारबाट नियुक्ति गर्ने ब्यबस्था भएको छ ।<br>२) यस आयोगले कृषि सम्बन्धी बिषयबस्तुमा कृषि तथा पशुपन्छी बिकास मन्त्रालय र अन्तर्गतका निकायसँग | (१) कार्य आदेशले तोकेको काम, कर्तब्य र अधिकार अनुसार कृषि सम्बन्धी बिषय कृषि तथा पशुपन्छी बिकास मन्त्रालय सित समन्वय, सहकार्य र सिफारिस गर्नेछ तर कृषि का बिषयबस्तु अन्य मन्त्रालय हरु जस्तैः सिंचाई, अर्थ ब्यबस्था, सडक, बन तथा बाताबरण सँग समेत समन्वय गर्न बाधक देखिन्छ ।<br>(२) नेपाल सरकारको बिद्यमान नीति, ऐन, नियममा किसानको अधिकारमा रहेको नितीगत भिन्नताको |

| | |
|---|---|
| सहकार्य, समन्वय एबम् सिफारिस गर्न सक्दछ । <br> )३) किसान कल्याणकारी योजना किसान वा सो को संघ, संगठन, सन्जाल सँग छलफल गरी सरकारलाई सिफारिस गर्ने एबम् पैरबी गर्ने काम आयोग को रहेको छ, यस सम्बन्धी कामगर्ने अन्य कुनै निकाय नेपालमा भएको देखिदैन । <br> (४) नेपाल सरकारको बिद्यमान ऐन, नियम, निती, कायृबिधीमा किसानको अधिकार सुरक्षित गर्न सुझाव दिने एबम् किसानको हक, हित एबम् अधिकार संरक्षण गर्ने गरी नयाँ ऐन, नियम , निती बनाउन नेपाल सरकारलाई सहयोग गर्न सक्ने अबस्था छ । <br><br> (५) प्राकृतिक श्रोत साधनमा साना, दलित, श्रमिक , गरीब किसानको समन्यायिक पहुच बढाउने गरी निती नियम निर्माण गर्ने एबम् सो को लागि संघीय सरकार, प्रदेश सरकार उबम् स्थानीय सरकार सँग पहल गरी किसानको आर्य आर्जन एवम् जीबन स्तरमा आमुल परिबतृन गनृ सकिन्छ । <br> (६) नेपालका किसानले बर्षेनी भोग्नु परेको प्राकृतिक प्रकोप जस्तै बाढी, अतिबृष्टि, अनाबृष्टि, गर्मी तथा चिसोको चपेटा, पहिरो, हुरी बतास, जलबायु परिबर्तनका असरहरु ले गर्दा हुने क्षतिको बारे अनुगमन र बिश्लेषण गरी क्षतिपुर्ति तथा राहतको कार्यको लागि सरकारलाई सिफारिस गर्ने र किसानको क्षतिलाई न्युनीकरण गर्न सकिन्छ । <br> (७) आयोग दोश्रो चार बर्षीय कार्यकालमा रहेको अबस्थामा किसानहरु, यसका संघ, संस्था एबम् सन्जाल हरु सँग घनीभुत रुपमा छलफल हुनु एबम् अबलोकन तथा सुपरिबेक्षणले गर्दा किसान को समस्यालाई समाधानको लागि पहल गर्न सक्ने क्षमता बिकास हुँदै जानाले किसानको हक, हित र अधिकार क्रमश स्थापित हुदै गएको अबस्था हो । <br> (८) संबिधानले ब्यबस्था गरेका र आयोगलाई प्रदान गरिएको कार्यआदेशमा उल्लेख नभएको बिषय बस्तु तर किसान हक, हित एबम् अधिकारको लागि आबश्यक ठानेमा सो को अध्ययन गरी नेपाल सरकारलाई सुझाव र सिफारिस गर्न सक्ने छ । <br> (९) किसान संघ, संगठनहरुलाई कार्यबिधी तयार गरी दर्ता प्रक्रिया अबलम्बन गर्न सक्ने, नियमानुसार नियमन गर्न सक्ने एबम् दण्ड , सजाय र पुरस्कृत गर्न सक्ने छ । <br> (१०) आयोगले सरकारी , गैर सरकारी एबम् निजी क्षेत्र तथा कार्यक्रम र आयोजनाबाट किसानको अधिकार हनन भएको अबस्थामा आबश्यक सुझाव तथा सिफारिस गर्ने दायित्व आयोग ले हेर्ने भनेको छ । | सम्बनधमा अध्ययन तथा बिश्लेषण गरी सिफारिस गर्ने अधिकार प्राप्त भए पनि सिफारिस कार्यान्वयनको गारेन्टि गर्न सक्ने अबस्था देखिदैन, साथै कतिपया अबस्थामा सम्बन्धित मनत्रालयको बिरुद्धमा पैरबीगर्ने अबस्था आउन सक्छ, जसले गर्दा कार्यक्रम अबरुद्ध हुने अबस्था सिर्जना हुन सक्छ । <br> (३) नेपालमा बिद्यमान निती, ऐन, नियममा भएको नितीगत भिन्नता लाई बिशलेषण गर्ने एबम् नयाँ कानुन बनाउन वा सहयोग गर्न सो सम्बन्धी जानकार भएको कानुन अधिकृत वा कानुन ब्यबसायी को दरबन्दी आयोगमा रहेको देखिदैन । <br> (४) प्राकृतिक श्रोत साधनमा साना, गरीब, श्रामिक किसानहरुको पहुचलाई अभिबृद्धि गर्न गैर कृषि क्षेत्रका ऐन, नियम - बन, सिंचाई, गृह, उद्योग आदि बाधक हुन सक्छ र यसमा सिफारिस गरिए पनि कार्यानव्यन नहुन सक्छ । <br> (५) आयोगलाई बिभिन्न बाली बस्तुको बजार सबलीकरण गर्ने, गुणस्तर तथा लागतमा प्रतिस्पर्धात्मकता अभिबृद्धि र मुल्य अभिबृद्धिको आधारमा किसानले उचित मुल्य पाउने एबम् न्युनतम समर्थन मुल्यको लागि आबश्यक बिश्लेषण र संयोजन गर्ने जनशक्तिको अभाब छ । <br> (६) आयोगको कार्य आदेशमा किसानको हक, हित एबम् अधिकार संरक्षण गर्न काम , कर्तब्य र अधिकार तोकिए पनि सो को कार्यान्वयन गर्ने पक्षहरु कृषि तथा गैर कृषि क्षेत्रमा निहित भएकोले सुझाव अनुसार कार्यान्वयन गर्न सकिएन भने आयोगले दण्डित गर्ने अधिकार राख्दैन । <br> (७) आयोगको कार्य आदेशमा तोकिएको कार्य गर्न पनि आयोगको संगठन संरचनामा जनशक्ति वा श्रोत साधनको खासै ब्यबस्था भएको देखिदैन । |
| **अवसर** | **जोखिम** |
| (१) किसानको अधिकारको अनुगमन गर्ने, सुपरिबेषण गर्ने र सुधारको लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने काम आयोगको रहेको छ । यसले गर्दा किसानका समस्याहरुलाई उजागर गर्ने, किसानको समस्यालाई समाधान गर्न छलफल बाट समाधानका उपाय पता लगाउने एबम् सरकार र किसानको अधिकार सित सम्बन्धित भिन्नता वा दुरीलाई कम गर्न सक्ने अबसर प्राप्त छ । <br> (२) अन्य मुलुकमा ब्यबस्था भए अनुसार नेपालका किसानलाई उत्पादन गरेका बाली बस्तु, कृषि जन्य पदार्थहरुको उचित मुल्य पाउने अबस्था छैन । यस सम्बन्धमा आयोगले कृषि बस्तुको बजारसँग संलग्न, सरकारी, सहकारी एबम् निजी क्षेत्रका संस्थाहरु सित बजार | (१) राष्ट्रिय किसान आयोग नेपाल सरकारको कार्य आदेशबाट गठन भएकोले यसको स्थायित्वमा प्रश्न उठन सक्छ, तसर्थ यस सम्बन्धी ऐन यथासक्य चाँडै तर्जुमा गर्नु पर्ने हुन्छ । <br> (२) राष्ट्रिय किसान आयोगमा राजनैतिक क्रियाकलाप बढने, किसानको समस्यालाई उठान गर्न नसक्ने, गरे पनि सुनवाई नहुने, श्रोत , साधन एबम् जनशक्तिले परिपुर्ण गर्न सकिएन भने किसान आयोगको स्थायित्वमा समस्या आउन सक्छ । <br> (३) किसानको अबस्था सुधार्न सकिएन एबम् कृषि बिकास रणनितीले लिएको उद्धदेश्य अनुरुप काम गर्न सकिएन, कृषि लाई ब्यबसायीकरण, आधुनिकिकरण , औद्योगिकिकरण |

| | |
|---|---|
| सरलीकरण, गुणस्तर तथा लागत प्रतिस्पर्धात्मकता अभिबृद्धि र मुल्य अभिबृद्धिको आधारमा किसानले उचित मुल्य पाउने अबस्था निर्माण गर्न सक्ने अबसर हुन सक्छ ।<br>(३) किसानले उत्पादन गर्ने कृषि बाली, पशुपन्छी का उत्पादनहरको लागत लाभ बिश्लेषण गरी न्युनतम समर्थन मुल्य तोक्न सरकारसँग सिफारिस गर्न सक्दछ, साथै किसानको उत्पादित बस्तु बालीलाई खरीद गर्न, सन्चय गर्न र अबस्था अनुसार बिक्री बितरणको ब्यबस्थापन गर्न प्रदेश एबम् स्थानीय सरकारसँग सहकार्य गर्न सकिन्छ ।<br>(४) किसान बस्तुगत संघ, उत्पादक सहकारी संघ तथा किसान सन्जाल एबम् संगठनहरुको क्षमता बिकास गर्न सरकारलाई सुझाव दिने, किसानको हक अधिकार संरक्षित गर्न बिभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सभा, सम्मेलन, गोष्ठी, अर्न्तक्रिया एबम् छलफल आयोजना गरी समस्या समाधान गर्न आबश्यक पहल गर्ने र किसानहरुको सामीप्यताले हक हित तथा अधिकार प्राप्त गर्न सहज हुने ।<br>(५) किसानहरुको परम्परागत ज्ञान, सिप, प्रबिधि, रैथाने जात, बिउ, नश्ल आदि बारे जानकारी प्राप्त हुने, रैथाने बाली तथा पशु संरक्षण एबम् जैबिक बिबिधताको संरक्षणमा सहयोग पुग्ने हुन्छ ।<br>(६) किसानहरुले बिकास गरेका बाली र पशु नश्लमा उनीहरुको पहुँच र प्रयोग बढाउन र अधिकार स्थापना गर्न सहयोग पुग्ने हुन्छ ।<br>(७) कृषि पेशालाई आयमुलक, रोजगारमुलक बनाउनाले कृषि पेशाा आकर्षक पेशााको रुपमा स्थापित हुन सहयोग पुग्ने हुन्छ ।<br>(८) कृषि क्षेत्रमा सरकार तथा अन्य संघ, संस्थाबाट समेत कमै चासो रहेको, अनुसन्धानमा कम लगानी भएको अबस्थालाई बिश्लेषण भई अनुसन्धानलाई किसानमुखी बनाउन सकिन्छ ।<br>(९) आयोगलाई दिएको कार्य आदेश बमोजिम किसानको घर दैलोमा गरिने अबलोकन , साथै कृषक संघ, संस्था एबम् सन्जालको सहकार्यले हाल कृषि सेवामा देखिएको भिन्नतालाई किसानको सहभागिताले कृषि प्रसार, अनुसन्धान एबम् कृषि शिक्षालाई किसानको घरदैलोमा पुरयाई सेवालाई एकद्धार प्रणालीबाट सहज र सरल बनाउन सहयोग पुग्ने हुन्छ ।<br>(१०) कार्य आदेशमा उल्लेख नभए पनि सरकार वा सम्बन्धित मन्त्रालयले आवश्यक ठानेमा एबम् आयोग ले किसानको हक हित को लागि आबश्यक भएको ठानेमा सिफासि गर्ने, सुझाव दिने, समन्वय गर्ने, क्षमता बिकास गर्ने अन्य कामहरुमा समेत आयोग ले काम गर्न सक्दछ । | ,बिबिधीकरण एबम् रुपान्तरण गर्न सकिएन भने अरुका कारणले पनि आयोग जोखिममा पर्न सक्छ । |

## उद्देश्य (ख) राष्ट्रिय किसान आयोगलाई स्वायत निकायको रुपमा काम, कर्तब्य र जिम्मेबारी दिने गरी संगठन संरचना प्रस्ताब गर्ने

### (१) राष्ट्रिय किसान आयोगको रोड म्याप

(१) कृषि बिकास रणनिती ( २०१५ देखि २०३५ सम्म) तयार गर्दा कृषक संघ, संगठन, संस्था र सन्जालको प्रत्यक्ष सहभागिता रहेको, यसमा उल्लेख भएका लक्ष्य, उद्येश्य, रणनितीहरु सँग किसानहरु प्रत्यक्ष संलग्न भएको अबस्थामा यस रणनिती अनुसार कृषि क्षेत्र बिकास गरी देशलाइ प्रगति पथमा लैजानु सबैको कर्तब्य हो । सोही रणनिती अनुसार राष्ट्रिय किसान आयोग गठन भएको अबस्थामा यस आयोगलाई स्वतन्त्र रुपले काम गर्ने गरी **स्वायत निकायको** रुपमा आयोगको ऐन तर्जुमा गर्न आबश्यक छ ।

(२) हाल राष्ट्रिय किसान आयोग कृषि तथा पशुपँन्छी बिकास मन्त्रालय सँग समन्वय गर्ने , सुझाव दिने, सिफारिस गर्ने जस्ता कामहरुले गर्दा किसानका अधिकांश समस्याहरुलाई सम्बोधन गर्न  सक्ने अबस्था रहदैन । तसर्थ कृषकका हक, हित, अधिकार संरक्षणको लागि आवश्यक सिंचाई, उर्जा, आर्थिक मामिला, बैंकिंग, बिमा, भन्सार, ब्यापार , उद्योग, बाणिज्य क्षेत्र आदि सँग पनि समन्वय र सहकार्य गर्नु पर्ने हुन्छ । तसर्थ यस आयोगलाई **प्रधानमन्त्री तथा मन्त्री परिषद कार्यालय अन्तरगत** राखी सोही अनुसार ऐन तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

(३) किसान हक, हित एबम् अधिकार संरक्षण गर्न किसान आयोगको संगठन संरचनामा बिभिन्न बिधाका बिज्ञ, निती नियम सँग संलग्न, किसान कल्याणकारी योजना लागु गर्न चाहिने प्रशासनिक एबम् प्रशाासकिय जनशक्ति, कृषि बजार, लागत, लाभ, प्रबिधिसँग जानकार हुने **बैज्ञानिक तथा बिज्ञहरुको** आबश्यकता पर्दछ, तसर्थ संगठन संरचना समाबेशी किसिमको हुनु पर्छ ।

(४) राष्ट्रिय किसान आयोगलाई संघीय सरकारसँग मात्र समन्वय, सहकार्य र सिफारिस गर्ने काममा सिमित गरिएमा यसले देश भरिका लाखौ किसानहरुको समस्या सम्बोधन गर्न सक्ने हुदैन, तसर्थ किसान आन्दोलनबाट स्थापित यस आयोग को समन्वय र **सहकार्य प्रदेश सरकार एबम् स्थानीय सरकारसँग हुने** गरी किसानको नेतृत्वमा समन्वय समिति गठन गरी कार्य सम्पादन गर्नु पर्छ ।

**(२) प्रस्तावित संगठन संरचना  :**



## महाशाखा अन्तरगत रहने शाखाहरु देहाए अनुसार रहने छन् :

(१)

१).किसान निती ,ऐन, नियम तर्जुमा तथा सुझाव महाशाखा -(उप सचिव कानुन)

- दर्ता तथा नियमन शाखा ( प्रशासन शा.अ, लेखा अधिकृत)
- सुचना , संचार तथा प्रबिधि प्रसार शाखा ( आई. टि.अधिकृत, ईन्जीनीयर )
- किसान सम्मान तथा गुनासो ब्यबस्थापन शाखा ( शा.अ. कृषि सेवा)

(२)

२.किसान कल्याणकारी योजना महाशाखा ( उपसचिब, कृषि सेवा)

- बजार सरलीकरण तथा न्युनतम मुल्य समर्थन शाखा ( शा.अ., कृषि सेवा)
- किसान संरक्षण तथा भुमि ब्यबस्थापन शाखा (शा.अ, प्रशासन सेवा )
- कृषि रोजगार तथा ब्यबसाय प्रबर्द्धन पैरबी शाखा शा.अ., कृषि सेवा )

(३)

३.किसान योजना महाशाखा ( उपसचिब, कृषि सेवा)

- एक द्वार कृषि सेवा -प्रसार, अनुसन्धान तथा कृषि शिक्षा समन्वय तथा सहजीकरण शाखा (शा.अ., कृषि बैज्ञानिक, शा.अ., कृषि सेवा ,)
- योजना, अध्ययन, अनुसन्धान तथा कार्यक्रम कार्यान्वयन ( शा.अ., कृषि बैज्ञानिक, कृषि सेवा)
- प्राकृतिक श्रोत साधन, जलबायु परिबर्तन तथा जैबिक बिबिधता शाखा ( शा.अ. कृषि सेवा)

(४)

४.किसान समस्या सम्बोधन तथा अनुगमन महाशाखा ( उपसचिब, कृषि सेवा)




## ३ संगठनात्मक संरचना अनुसार काम, कर्तब्य

### ३.१ किसान निती ,ऐन, नियम तर्जुमा तथा सुझाव महाशाखा

- यस महाशाखाले किसानको हक, हित र कानुन प्रदत अधिकार संरक्षणको लागि ऐन, नियम, निती , कार्यबिधि तर्जुमा गर्ने छ र स्वीकृतिको लागि पेश गर्नु पर्नेछ ।
- यसले नेपाल सरकारको बिद्यमान निती, ऐन, नियम, कार्यबिधीलाई किसान मैत्री बनाउन र परिमार्जन गर्न पैरबी गर्नेछ ।
- यस महाशाखा अन्तर्गत रहने गरी तपसिलका शाखाहरु कार्य सन्चालन गर्ने छः

#### ३.१.१ दर्ता तथा नियमन शाखा

- नेपाल सरकारले आयोगलाई तोकेको काम कर्तब्य र अधिकारमा रहने गरी कृषक समुह, समिति, सहकारी, संघ, संगठन, सन्जालको दर्ता र नियमन गर्ने छ ।
- आयोगले कृषि सम्बन्धी काम गर्ने सरकारी, गैरसरकारी संस्थाहरुको दर्ता गर्ने , अनुगमन गर्ने एबम् नियमन गर्ने छ ।

### ३.१.२ सुचना , संचार तथा प्रबिधि प्रसार शाखा

- डिजिटल कृषिको बढाबा दिन , कृषि संघ, संगठन, संस्था र सन्जालको तथ्यांक लगायत अभिलेखिकरण गर्ने ।
- ई कृषिका कार्यक्रम सन्चालन गर्न , किसानलाई समयमै बिभिन्न किसिमका सुचना प्रबाह गर्ने ।
- प्रबिधि बिस्तारमा सहयोग गर्ने

### ३.१.३ किसान सम्मान तथा गुनासो ब्यबस्थापन शाखा

- किसान देशको सर्बोपरि एबम् सम्मानित पेशा भएकोले किसान सम्मान कार्यक्रम सन्चालन गर्ने।
- आयोगमा आउने बिभिन्न गुनासोलाई दर्ता गर्ने, छलफल र अर्न्तक्रिया गर्ने, समस्या समाधानका लागि अनुगमन र अध्ययन ब्यबस्थापन गर्ने ।
- गुनासो ब्यबसथापनको प्रगति कम्पायल गर्ने , सिफारिस गर्ने, सम्बन्धित कृषक वा संघ, संगठन, संस्था ,सन्जाल लाई जानकारी गराउने

### ३.२ किसान कल्याणकारी योजना महाशाखा

- नेपाल सरकार एबम् गठन ऐन , नियम, नितीले निर्देशन गरे बमोजिम किसान को हक, हित र अधिकार संरक्षणको कार्य गर्ने छ ।
- किसानले भोगेका समस्याहरु समाधान गर्न , कृषकलाई पेशाबाट लाभ र बचत हुने गरी कल्याणकारी योजना तर्जुमा गर्ने छ ।
- किसान कल्याणकारी योजना महाशाखा अर्न्तगत रहने गरी तपसलिका शाखाहरु रहने छन्:

### ३.२.१ बजार सरलीकरण तथा न्युनतम मुल्य समर्थन शाखा

- यस शाखाले कृषि उपजलाई बजारसम्म पुरयाउन बिभिन्न निकाय सँग समन्वय गरी सहजीकरण गर्ने छ ।
- स्वदेशको कृषि उत्पादनलाई बढाबा दिन बिभिन्न निकाय सित समन्वय गरी आयात प्रतिस्थापन एबम् निर्यात प्रबर्द्धनका लागि पैरबी गर्ने छ ।
- किसानको उत्पादनलाई बजारमा सहज प्रबेश र नाफामुलक बनाउन, बिचौलियालाई न्युनीकरण गर्न आबश्यकता अनुसार अध्ययन र अनुसन्धान गरी कृषि, पशुपन्छी का उत्पादनको न्युनतम समर्थन मुल्य तोक्न समन्वय र सहजीकरण गर्ने छ ।

### ३.२.२ किसान संरक्षण तथा भुमि ब्यबस्थापन शाखा

- यस शाखाले नेपाल को कानुन एबम् नेपाल सरकारले तोकेको अधिकार प्रयोग गर्ने गरी किसान संरक्षणका बिभिन्न स्किमहरु जस्तैः किसान सामाजिक सुरक्षा, किसान बिमा सेवा, स्वास्थ्य सेवा, निबृतिभरण, किसान सुचीकरण, बर्गीकरण, किसान कार्ड, मा कामगर्ने र समन्वय गर्ने छ ।
- नेपालका कानुन तथा सरकारले तोकेको बमोजिमको अधिकार प्रयोग गर्ने गरी बिभिन्न भुमि ब्यबस्थापन हरु जस्तेः चाक्लाबन्दी, करार खेती, सहकारी खेती , भुमि बैंक, आदि स्किमहरुमा समन्वय र सन्चालन गर्नेछ ।

### ३.२.३ कृषि रोजगार तथा ब्यबसाय प्रबर्द्धन पैरबी शाखा

- युबाहरु बीच कृषि पेशालाई आकर्षक र रोजगारमुलक बनाउन कृषि उद्यमी, ब्यबसायी बनाउन प्रोत्साहन गर्ने, इन्क्युबेसन सेन्टर एबम् क्षमता बिकासका कार्यक्रम सन्चालन गर्ने, समन्वय गर्ने ।
- कृषि रोजगार कार्यक्रमलाई सफल बनाउन आयोजनामा सन्चालित, कृषि ब्यबसायीहरुको उद्यम स्टार्ट अप कार्यक्रम सन्चालन तथा समन्वय गर्ने
- कृषि ब्यबसाय प्रबर्द्धन , उत्पादकत्व तथा उत्पादन बृद्धिको लागि संघीय सरकार, प्रदेश सरकार एबम् स्थानीय सरकारसँग समन्वय तथा सहकार्य गर्ने

## ३.३ किसान योजना महाशाखाः

- राष्ट्रिय किसान आयोगलाई सक्रिय रुपमा देश भरि नै किसानको हक, हित तथा अधिकार संरक्षणमा कार्यगर्न कार्यक्रम तर्जुमा गर्ने, समन्वय गर्ने तथा पेश गर्ने
- आयोग एबम् किसानसम्बध अन्य सरकारी तथा गैरसरकारी निकायहरुको कार्यक्रम् सित सहकार्य र समन्वय गर्ने ।
- कार्यक्रम सन्चालन गर्दा देखापर्ने समस्यालाई समाधान गर्न किसान तर्फबाट सहजीकरण गर्ने, गुनासो ब्यबस्थापन गर्ने एबम् नेपाल सरकारलाई सुझाव पेश गर्ने
- यस महाशाखा अन्तर्गत रहने गरी तपसिलका शाखाहरु काम गर्ने छन

### ३.३.१ एक द्धार कृषि सेवा -प्रसार, अनुसन्धान तथा कृषि शिक्षा समन्वय तथा सहजीकरण शाखा

- कृषकलाई आबश्यक पर्ने न्युतम सेवा सुबिधाहरु जस्तैः भुमि, सिंचाई, मल, बिद्युत, बिउ, नश्ल, स्वास्थ्य, माटो परिक्षण, बिमा, कृषि ऋण, प्राबिधिक सेवा , अनुदान आदि किसानको घर दैलोमा पुग्ने गरी सहजीकरण गर्ने

- कृषि का सम्पुर्ण सेवालाई  एकै स्थानबाट सन्चालन हुने गरी सहजीकरण , समन्वय र अनुगमन गर्ने
- कृषि प्रसार, अनुसन्धान एबम् कृषि शिक्षाका सबै बिधालाई किसानको खेत, गोठ , घरमा कामगर्ने गरी सहजकिरण गर्ने
- कृषि उत्पादन देखि बजारीकरण सम्म कृषकलाई सहयोग हुने गरी मोडेलहरु तयार गर्ने र सफल मोडेलको कार्यान्वयन गर्न सहजीकरण  र सहयोग गर्ने

**३.३.२ योजना, अध्ययन, अनुसन्धान तथा कार्यक्रम कार्यान्वयन**

- आयोग को योजना तर्जुमागर्ने, पेश गर्ने एबम् किसान संरक्षणका योजना तर्जुमागर्न सहजीकरण गर्ने
  - समय सापेक्ष समस्याहरु बारे अध्ययन कार्यक्रम सन्चालन गर्ने र सोका लागि सम्बन्धित निकायहरु सित समन्वय र सहकार्य गर्ने
  - आबश्यकता अनुसार किसानको हक , हित संरक्षण गर्न एबम् किसानको मेत्री कार्यक्रम सन्चालन वा सहजीकरण गर्न बिभिन्न अध्ययन, अबलोकन वा अनुसन्धान गर्न पहल गर्ने
  - किसानको खेत , बारी , गोठ र पोखरी लगायात स्थानहरुमा अनुसन्धान सन्चालन गर्ने, समन्वय गर्ने एबम् नार्कको समन्वयमा अनुसन्धान कार्यको सहजीकरण गर्ने

**३.३.३ प्राकृतिक श्रोत साधन, जलबायु परिबर्तन तथा जैबिक बिबिधता**

- किसानको हक ,हित संरक्षण गर्न हरेक तप्काका कृषकको पहुच प्राकृतिक श्रोत साधनमा पुग्न समन्वय तथा पहल गर्ने
  - प्राकृतिक श्रोत साधनको संरक्षण , बिकास तथा समन्यायिक उपयोग एबम् बाँडफाँडको लागि ऐन परिमार्जन तथा नयाँ ऐन निर्माण गर्ने
  - जलबायु परिबर्तनका असरहरुबारे अनुसन्धान एबम् अध्ययनको लागि सघाउ पुरयाउने , निती नियाम तर्जुमा गर्ने, असर न्युनीकरण गर्ने उपायहरु बारे किसानमा जानकारी गराउने, अबलम्बन गर्न पहल गर्ने
  - नेपालमा बिद्यमान जैबिक बिधिता को अध्ययन र अनुसन्धानको पहल गर्ने, स्थानीय कृषि उपज एबम् पशुपन्छिलाई संरक्षण गर्न एबम् उत्पादन र उत्पादकत्व बृद्धि गर्न आबशयक पैरबी गर्ने, सिफारिस गर्ने
  - किसानको नाफामुलक ब्यबसायको रुपमा कृषिबनलाई बढाबा दिने

- प्राकृतिक नदीहरु खोला नाला मा नयाँ प्रबिधिको माछापालनको लागि पहल गर्ने, सिफारिस गर्ने
- किसानलाई बिभिन्न कारणले हुने क्षति बिबरण तयार गरी राहत, क्षतिपुर्तिका लागि , प्राकृतिक प्रकोपलाई न्युनीकरण गर्न सुझाव संकलन गरी सिफारिस गर्ने

**३.४ किसान समस्या सम्बोधन तथा अनुगमन महाशाखा**

- किसानको समस्यालाई अध्ययन गर्ने एबम् सम्बनिधत पक्षहरु सित छलफल एबम् अनर्तक्रिया गर्ने
- किसानको समस्यालाई पहिचान गर्न स्थलगत अनुगमन गर्ने एबम् अनुगमन प्रतिबेदन तयार गरी आयोगमा बिज्ञ सिहितको टोलीमा छलफल गर्ने
- अनुगमनबाट प्राप्त प्रतिबेदन अनुसार समस्या सम्बोधन गर्न सम्बन्धित निकायलाई समाधानको लागि सिफारिस गर्ने
- सम्बोधन भएको वा समाधान गरिएको हो होइन, फ्लो अप गर्ने

**यस महाशालखा अन्तर्गत रहने गरी तपसिलका शाखाहरु कार्य गर्ने छन्::**

**३.४.१ किसान गुनासो दर्ता तथा ब्यबस्थापन शाखा**.

- किसानबाट उठेका एबम् भोगेका समस्याहरुको दर्ता गर्ने
- किसानहरु फोन कल वा इलेक्ट्रोनिक माध्यमबाट आएका समस्या दर्ता गर्ने
- दर्ता भएका समस्याबारे गहन अधययन गर्ने, अन्य निकाय सित सोधपुछ गर्ने
- किसानको गुनासो बारे छलफल तथा अर्न्तक्रिया आयोजना गर्ने
- किसानको समस्या समाधानमा भएका प्रगति बिश्लेषण गर्ने र अन्य निकायमा पठाउने

**३.४.२ अनुगमन ब्यबस्थापन तथा प्रभाबकारिता बिश्लेषण शाखा.**

- किसानको समस्या दर्ता पश्चात एबम् प्रारम्भिक छलफल पश्चात आबश्यकता अनुसार स्थलगत अनुगमनको ब्यबस्थापन गर्ने
- स्थलगत अनुगमनको बेला आबश्यकता अनुसार अन्य सरकारी तथा गैरसरकारी, किसान सन्जाल , जनप्रतिनिधीहरुसँग समनवय तथा सहकार्य गर्ने
- स्थलगत अनुगमनको बेला बिषय बस्तु बारे तथ्य गत बिषयको टिपोट गर्ने र बिश्लेषण गर्ने
- ऋनुगमन पश्चातका छलफल एबम् अन्तृक्रियामा उठेका बिषयबस्तुको बिश्लेषण गर्ने , फ्लो अप गर्ने एबम् स्थलगत अनुगमनको प्रभाबकारिताको अध्ययनको प्रतिबेदन तयार गर्ने

**३.४.३ प्रदेश र स्थानीय सरकार समन्वय संयोजन शाखा**

- किसानको समस्या समाधान गर्न आबश्यकता अनुसार प्रदेश एबम् स्थानीय सरकार सँग सहकार्य र समन्वय गर्ने
- संघीय , प्रदेश एबम् स्थानीय तहमा गठित किसान समन्वय समितिसँग सहकार्य र समन्वय गर्ने र प्रगति प्रतिबेदन तयार गर्ने
- संघयि , प्रदेश , स्थानीय सरकारएबम् गैर सरकारी संघ सस्थाहरुबाट सन्चालित कार्यकमहरुको अभिलेखिकरण गर्ने, अनुगमन ब्यबस्थापन गर्ने , प्रगति प्रतिबेदन तयार गर्ने

**३.५ किसान क्षमता बिकास महाशाखा**

- किसान क्षमता बिकासका कार्यकमहरु तर्जुमागर्ने र सन्चालन गर्ने
- किसान क्षमता बिकासका कार्यकमहरु अन्य निकाय सित समन्वय र सहकार्य गर्ने
- किसान क्षमता बिकासका ब्याबसायिक कार्यकम सन्चालन गर्ने
- अन्य सरकारी तथा गैर सरकारी संघ, संस्थाहरुबाग सन्चालित कार्यकमको अनुगमन गर्ने
- किसान क्षमता बिकास कार्यकमको प्रगति तयार गरी बिश्लेषण गर्ने

**३.५.१ बाली तथा कृषि जन्य क्षमता बिकास शाखा.**

- बाली तथा अन्य कृषि जन्य कार्यमा रहेका साना मफौला तथा ब्याबसायिक किसानको क्षमता बिकास कार्यकम सन्चालन गर्ने
- किसानको तालिम आबश्यकताको बिश्लेषण गर्ने र सिफारिस गर्ने
- किसानको क्षमता बिकास, तालिम, गोष्ठी , अभिमुखिकरणको लागि तयारी गर्ने

**३.५.२ पशुपन्छी तथा उत्पादन जन्य क्षमता बिकास**

- पशुपन्छी तथा सोको उत्पादनमा अधारित किसान क्षमता बिकासका कार्यकम तर्जुमा र कार्यान्वयन गर्ने
- तालिम आबश्यकताका बिशलेषण र मागमा अधारित तालिम सन्चालन गर्ने
- पशुपन्छी सम्बन्ध तालिम, अभिमुखिकरण , गोष्ठी एबम् कार्य शाला सन्चालन गर्ने , सहभागी हुने र अन्य निकाय सित समन्वय गर्ने

**३.५.३ मत्स्य एबम् जलचर क्षमता बिकास शाखा**

- मत्स्य तथा जलचर क्षमता बिकास का कार्यकम तर्जुमा एबम् सन्चालन गर्ने

- मागका आधारमा तालिम संयोजन गर्ने
- मत्स्य तथा जलचर क्षेत्रका तालिम, अभिमुखिकरण, गोष्ठि एबम् कार्यशाला सन्चालन गर्ने , सहभागी हुने

**३.६ राष्ट्रिय किसान आयोग**

- आयोग नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्री परिषद कार्यालय अन्तर्गत रहने गरी एक स्वायत संबैधानिक निकायको रुपमा काम गर्ने ,
- आयोग ले आबश्यकता अनुसार प्रदेशहरुमा वा अन्य कुनै स्थानमा अस्थायी कार्यालय स्थापना गर्न सक्ने छ
- आयोगको काम , कर्तब्य र अधिकार नेपाल सरकारले तोके बमोजिम हुनेछ ।
- आयोगको गठन राष्ट्रिय किसान आयोग सन्चालन तथा ब्यबस्थापन ऐन बमोजिम हुनेछ ।
- आयोगलाई कार्यक्रम सन्चालन र किसानको हक , हित र अधिकार संरक्षणको लागि ५ वटा महाशाखाहरु हुनेछ र प्रत्येक महाशाखा अन्तर्गत रहने गरी ३ ।३ वटा शाखाहरु हुनेछन ।
- प्रत्येक एक महाशाखा का कार्यक्रम संयोजन ,अनुगमन एबम् कार्य सम्पन्न गर्ने काम आयोगको एक जना सदस्यले गर्ने छ, र
- ५ वटै महाशाखा को प्रशासनिक र प्राबिधिक ब्यबस्थापन कार्य सदस्य सचिब ले गर्ने छ ।

**३.७ प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय**

- राष्ट्रिय किसान आयोगका पदाधिकारीहरुको छनौट र नियुक्ति गर्ने
- आयोगले सिफारिस गरेका निती, ऐन , नियम, कार्यबिधि स्वीकृत गर्ने वा सिफारिस गर्ने
- राष्ट्रिय किसानले कृषि तथा पशुपन्छी बिकास मन्त्रालय, सिंचाई तथा उर्जा मन्त्रालय, अर्थ मन्त्रालय, बन तथा बाताबरण मन्त्रालय, उद्योग बाणिज्य तथा आपुर्ति मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार लगायात अन्य निकायहरु सित समन्वय गर्दा सहजीकरण गर्ने ।
- राष्ट्रिय किसान आयोगको गतिबिधी, कार्यक्रम, बजेट, श्रोत , साधन , जनशक्तिको ब्यबस्थापन गर्ने ,
- आयोगको क्रियाकलाप को अनुगमन गर्ने ।

**उद्बेश्य (ग) )राष्ट्रिय किसान आयोगको प्रस्ताबित संगठन संरचना अनुरुप आयोगका अध्यक्ष, सदस्यहरु एबम् कार्यरत कर्मचारीहरुको कार्य बिभाजन प्रस्ताबित गर्ने**

## १ आयोगको पदाधिकारी तथा कर्मचारी दरबन्दी बिबरण ( प्रस्ताबित)

### १.१.आयोगका पदाधिकारी

| क..स. | पद | दरबन्दी | कार्य क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | १ | अध्यक्षता तथा संयोजन | |
| २ | सदस्य | १ | किसान निती ,ऐन, नियम तर्जुमा तथा सुझाव | |
| ३ | सदस्य | १ | किसान कल्याणकारी योजना | |
| ४ | सदस्य | १ | किसान योजना | |
| ५. | सदस्य | १ | किसान समस्या सम्बोधन तथा अनुगमन | |
| ६ | सदस्य | १ | किसान क्षमता बिकास | |
| | जम्मा पदाधिकारी संख्या | ६ जना | | |

### १.२.आयोगको कर्मचारी दरबन्दी

| क्र.स. | पद | श्रेणी | सेवा | समुह | दरबन्दी | कार्य क्षेत्र |
|---|---|---|---|---|---|---|
| १ | सदस्य सचिब | रा.प.प्रथम | कृषि | समुहकृत नहुने | १ | सदस्य सचिब भई कामगर्ने |
| २ | उपसचिब | रा.प. द्धि | कानुन | कानुन | १ | किसान निती ,ऐन, नियम तर्जुमा तथा सुझाव महाशाखा |
| ३. | बरिष्ठ अधिकृत | रा.प. द्धि | कृषि | समुहकृत नहुने | १ | किसान कल्याणकारी योजना महाशाखा ) |
| ४ | बरिष्ठ अधिकृत | रा.प.द्धि | कृषि | समुहकृत नहुने | १ | किसान योजना महाशाखा |
| ५ | बरिष्ठ अधिकृत | रा.प.द्धि | कृषि | समुहकृत नहुने | १ | किसान समस्या सम्बोधन तथा अनुगमन महाशाखा |
| ६ | बरिष्ठ अधिकृत | रा.प.द्धि | कृषि | समुहकृत नहुने | १ | किसान क्षमता बिकास शाखा |
| ७ | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | प्रशासन | १ | दर्ता तथा नियमन शाखा |
| ८ | शाखा अधिकृत | रा.प.तृ | लेखा | लेखा | १ | आर्थिक प्रशासन |
| ९ | शाखा अधिकृत | रा.प.तृ | प्राबिधिक | ईन्जीनीयरिंग ( आईटी) | १ | सुचना , संचार तथा प्रबिधि प्रसार शाखा |
| १० | प्राविधिक | रा.प.तृ | कृषि | समुहकृत नहुने | १ | किसान सम्मान तथा गुनासो व्यवस्थापन शाखा |
| ११ | प्राविधिक | रा.प.तृ | कृषि | समुहकृत नहुने | १ | बजार सरलीकरण तथा न्युनतम मुल्य समर्थन शाखा |
| १२ | प्राविधिक | रा.प.तृ | कृषि | समुहकृत नहुने | १ | किसान संरक्षण तथा भुमि ब्यबस्थापन शाखा |
| १३ | प्राविधिक | रा.प.तृ | कृषि | समुहकृत नहुने | १ | कृषि रोजगार तथा ब्यबसाय प्रबर्द्धन पैरवी शाखा |
| १४ | प्राविधिक | रा.प.तृ. | कृषि | समुहकृत नहुने | १ | एक द्धार कृषि सेवा -प्रसार, अनुसन्धान तथा कृषि शिक्षा) समन्वय तथा सहजीकरण शाखा |
| १५ | प्राविधिक | रा.प.तृ. | कृषि | समुहकृत नहुने | १ | योजना, अध्ययन, अनुसन्धान तथा कार्यक्रम कार्यान्वयन शाखा |
| १६ | शाखा अधिकृत | रा.प.तृ. | कृषि | समुहकृत नहुने | १ | प्राकृतिक श्रोत साधन, जलबायु परिबर्तन तथा जैबिक बिबिधता शाखा, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७ | शाखा अधिकृत | रा.प.तृ | कृषि | समुहकृत नहुने | १ | किसान गुनासो दर्ता तथा व्यबस्थापन शाखा |
| १८ | शाखा अधिकृत | रा.प.तृ | कृषि | समुहकृत नहुने | १ | अनुगमन व्यबस्थापन तथा प्रभाबकारिता बिश्लेषण शाखा, |
| १९ | शाखा अधिकृत | रा.प.तृ. | कृषि | समुहकृत नहुने | १ | प्रदेश र स्थानीय सरकार समन्वय संयोजन शाख |
| २० | शाखा अधिकृत | रा.प.तृ. | कृषि | समुहकृत नहुने | १ | बाली तथा कृषि जन्य क्षमता बिकास शाखा |
| २१ | शाखा अधिकृत | रा.प.तृ. | कृषि | समुहकृत नहुने -पशुपन्छी समुह | १ | पशुपन्छी तथा उत्पादन जन्य क्षमता बिकास शाखा |
| २२ | शाखा अधिकृत | रा.प.तृ. | कृषि | समुहकृत नहुने - मत्स्य समुह | १ | मत्स्य एबम् जलचर क्षमता बिकास शाखा |
| २३ | कृषि । पशुसेवा । मत्स्य प्राबिधिक | रा.प.अन.प्र | कृषि | समुहकृत नहुने | २ | सहायक स्तर एबम् आबश्यकता अनुसार कार्य बिभाजन |
| २४ | सबारीचालक | श्रेणीबिहीन | प्रशासन | हलुका सबारी | ६ | सबारी चालक |
| २५ | कार्यालय सहयोगी | श्रेणी बिहीन | प्रशासन | प्रशासन | २ | कार्यालय सहयोगी |
| | | | | जम्मा | ३२ जना | |

**उद्बेश्य (घ) राष्ट्रिय किसान आयोगको कार्य क्षेत्रलाई सबल रुपमा सन्चालन गर्न एबम् किसानका समस्याहरु समाधान गर्दै अधिकारहरु स्थापित गर्न केन्द्रिय, प्रादेशिक एबम् स्थानीय समन्वय समिति गठन गर्न संरचना प्रस्ताब गर्ने**

### १.१ राष्ट्रिय किसान आयोग समन्वय समिति

| सि.न.. | संस्था | पद |
|---|---|---|
| १ | राष्ट्रिय किसान आयोग, अध्यक्ष | संयोजक |
| २ | राष्ट्रिय किसान आयोग, सदस्यहरु ५जना | सदस्य |
| ३ | प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय, सहसचिब | सदस्य |
| ४ | कृषि तथा पशुपन्छी बिकास मन्त्रालय, सह सचिब | सदस्य |
| ५ | अर्थ मन्त्रालय, सहसचिब | सदस्य |
| ६ | राष्ट्रिय योजना आयोग, सहसचिब | सदस्य |
| ७ | गृह मन्त्रालय, सहसचिब | सदस्य |
| ८ | उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, सहसचिब | सदस्य |
| ९ | उध्योग, बणिज्य आपुर्ति तथा आपुर्ति मन्त्रालय। सहसचिब | सदस्य |
| १० | नेपाल राष्ट्र बैंक, अधिकृत प्रतिनिधी | सदस्य |
| ११ | बिमा समिति, कार्यकारी अधिकृत | सदस्य |
| १२ | कृषक, संघ, संगठन । सन्जालबाट ३ जना मनोनीत प्रतिनिधी (नेपाल सरकारबाट मनोनित) | सदस्य |
| १३ | अन्य आमन्त्रित २ जना बिज्ञ (आबश्यकता अनुसार) | सदस्य |
| १४ | राष्ट्रिय किसान आयोग, सदस्य सचिब | सदस्य सचिब |

**१.२ राष्टिय किसान आयोगको प्रदेश स्तर समन्वय समिति**

किसानहरको हक, हित र अधिकार संरक्षण गर्न प्रदेश सरकारले प्रादेशिक किसान आयोग स्थापना गर्न सक्नेछ र सो आयोगको काम, कर्तब्य र कार्य क्षेत्र सम्बन्धित प्रदेश सरकारले तोके बमोजिम हुनेछ। यस किसिम ले स्थापित प्रादेशिक किसान आयोगले आबश्यकता अनुसार कार्यगत समन्वय गर्न सक्नेछ। यस्ता प्रादेशिक आयोग स्थापना गर्न नसकेको अबस्थामा प्रदेश सरकारले प्रादेशिक किसान आयोग समन्वय समिति गठन गर्न सक्छ एबम् सो समितिको काम, कर्तब्य , अधिकार प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

**२ अध्ययनको उद्धेश्य नं २ : किसानहरुको हक, हित प्रबर्द्धन का लागि योजनाबद्ध रुपले किसान कल्याणकारी योजना तर्जुमा गरी कार्यक्रम कार्यान्वयन गर्न आबधिक रणनिती योजना तयार गर्नु**

**२.१ दिर्घकालनि सोच, लक्ष्य, एवम् उद्धेश्य :**

**सोचः**

"सम्मानित किसान, समृद्ध नेपाल"

**लक्ष्यः**

किसानको सम्मान र हक, हित प्रबर्द्धनको लागि किसान कल्याणकारी योजना कार्यान्वयन गर्ने।

**उद्‌देश्यः**

(क) किसानलाई समृद्ध बनाउन नाफामुलक र प्रतिस्पर्धी कृषि ब्यबसायमा रुपान्तरण गर्न आबश्यक सुझाव पेश गर्ने।

(ख) किसानको हक, हित र अधिकार संरक्षण गर्न किसान कल्याणकारी योजना लागु गर्न सिफारिस गर्ने ।

(ग) किसानका लागि सरकारी तथा गैरसरकारी निकायबाट सन्चालन हुने गरी योजनाहरु प्रस्तुत गर्ने एबम् कार्यान्वयनको अबस्थामा अनुगमन गरी आबश्यक सुझाव पेश गर्ने

## २.२ उद्धेश्य अनुसारका रणनिती तथा कार्यनिती

| सि.नं. | **मुख्य कार्य क्षेत्र** | उद्देश्य | रणनिती | कार्यनिती |
|---|---|---|---|---|
| १. | **किसानहरुको हक, हित प्रबर्द्धन का लागि योजनाबद्ध रुपले किसान कल्याणकारी योजना तर्जुमा गरी कार्यक्रम कार्यान्वयन गर्न आबधिक रणनिती योजना तयार गर्नु** आयोगको उद्धेश्य नं. २ | (क) किसानलाई समृद्ध र कृषिलाई नाफामुलक र प्रतिस्पर्धी कृषि ब्यबसायमा रुपान्तरण गर्न आबश्यक सुझाव पेश गर्ने । | (१)बिभिन्न बाली बस्तुहरुको बजार सरलीकरण गुणस्तर तथा लागत प्रतिस्पर्धात्मकता अभिबृद्धि र मुल्य अभिबृद्धिको आधारमा किसानले उचित मुल्य पाउने उपायको बारेमा नेपाल सरकारलाई सुझाव दिने । | १)बिभिन्न बाली बस्तुहरको गुणस्तर सुधारका प्रक्रिया अपनाउन अध्ययन गरी सुझाव पेश गर्ने ।<br>२) बिभिनन बालि बस्तुहरुको बजार सहजीकरणका लागि आबश्यक सुझाव पेश गर्ने<br>३) कृषि क्षेत्रका बाली बस्तुहरुको लागत मुल्य प्रतिस्पर्धात्मक एबम् कम बनाउन अध्ययन गरी सुझाव पेश गर्ने<br>४)कृषकलाई नाफा हुने गरी लागत मुल्य एबम् मुल्य अभिबृद्धिको आधारमा किसानले न्युनतम मुल्य पाउने गरी आबश्यक पहल गर्ने |
| | | | (२)कृषि पेशा लाई आकर्षित बनाउन अबलम्बन गनुपर्ने किसान अधिकार सम्बन्धी निती तथा कार्यक्रमका सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने गराउने । | (१)उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि अध्ययन र अनुसन्धान गर्ने ।<br>(२) किसान अधिकार सम्बन्धी नर्ति तथा कार्यक्रमको अध्ययन र अनुसन्धान गर्ने<br>(३) किसान आधिकार सम्बन्धी निती तथा कार्यक्रममा सुधार गर्नुपर्ने भए नेपाल सरकारलाई सुझाव पेश गर्ने ।<br>(४) कृषि उपज बजार तथा भौतिक पुर्बाधार निर्माणको लागि पैरबी गर्ने<br>(५) कृषि जन्य पदार्थको गुणस्तर सुधार गर्न क्षमता अभिबृद्धि गर्ने<br>(६) आयात प्रतिस्थापन र निर्यात प्रबर्द्धन लागि आबश्यक पहल गर्ने<br>(७) किसानको सेवा प्रबाहको लागि अनुसन्धान , प्रसार र कृषि शिक्षालाई एकीकृत रुपमा सेवा प्रबाह गर्न लाई पहल गर्ने । |
| | | (ख)किसानको हक, हित र अधिकार संरक्षण गर्न किसान कल्याणकारी योजना लागु गर्न सिफारिस गर्ने । | (३)किसानहरुको हक हित लाई प्रर्बर्द्धन गर्न किसान कल्याणकारी योजना ९ Farmers Welfare scheme) तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने । | १) किसान सुचीकरण तथा बर्गीकरण गर्ने<br>२) किसानले पाउने सुबिधाको लागि परिचय पत्र र किसान कार्डको ब्यबस्थापन गर्ने<br>३) किसानले पाउने सामाजिक सुरक्षाहरु जस्तै स्वास्थ्य सेवा, बिमा सेवा, किसान पेन्सन, किसान बचत आदिको लबिंग गर्ने र लागु गर्न पहल गर्ने<br>(४) कृषिलाई सम्मानजनक पेशााको रुपमा रुपान्तरण गर्न किसान समृद्धिको कार्य योजना तयार गरी नेपाल सरकारमा पेश गर्ने<br>(५) उत्पादन र बजारको आधारमा अनुदान ब्यबस्थापनका उपायहरु अबलम्बन गर्न नेपाल सरकारमा सुझाव पेश गर्ने<br>(६) किसानलाई बैंकिग सुबिधासँग आबद्ध गर्न बिशेष पहल गर्ने |
| | | (ग)किसानका लागि | (४)सरकारी तथा गैरसरकारी | (१) सरकारी निकायबाट सन्चालित |

| | | | | |
|---|---|---|---|---|
| | | सरकारी तथा गैरसरकारी निकायबाट सन्चालन हुने गरी योजनाहरु प्रस्तुत गर्ने एबम् कार्यान्वयनको अबस्थामा अनुगमन गरी आबश्यक सुझाव पेश गर्ने | एबम् निजी क्षेत्रबाट संचालित निती तथा कार्यक्रम र आयोजनाहरुबाट किसानहरुको अधिकार हनन भएमा सम्बन्धित निकाय र नेपाल सरकारलाई जानकारी गराई आबश्यक सिफारिस गर्ने । | नीति तथा कार्यक्रमहरुबाट किसानहरुको अधिकार हनन भएमा वा संरक्षण भएको भए सो को अध्ययन, आंकलन र बिश्लेषण गर्ने ।२) गैर सरकारी निकाय वा राष्ट्रिय तथा अर्न्तराष्ट्रिय आयोजनाबाट सन्चालित कार्यक्रमहरुबाट किसानको अधिकार हनन भएको वा संरक्षित भएको अध्ययन, आंकलन र बिश्लेषण गर्ने ।<br>(३)नीजी क्षेत्रबाट सन्चालित कार्यक्रमहरुबाट किसान अधिकार हनन भएको वा संरक्षित भएको आंकलन र बिश्लेषण गर्ने ।<br>४) सरकारी , गैरसरकारी , राष्ट्रिय तथा अर्न्तराष्ट्रिय आयोजनाहरु वा नीजी क्षेत्रबाट सन्चालित कार्यक्रमहरुबाट किसानको हक, हित, अधिकार हनन भएको अबस्थामा अध्ययन, बिश्लेषण प्रतिबेदन तयार गरी सुधारको लागि सम्बन्धित निकाय र नेपाल सरकारमा पेश गर्ने |

### २.२.१ रणनीतिको बिश्लेषण, कार्ययोजना र आबधिक बांडफांढ

**(१) बिभिन्न बाली बस्तुहरुको बजार सरलीकरण गुणस्तर तथा लागत प्रतिस्पर्धात्मकता अभिबृद्धि र मुल्य अभिबृद्धिको आधारमा किसानले उचित मुल्य पाउने उपायको बारेमा नेपाल सरकारलाई सुझाव दिने**

**१.सबल पक्ष, कमजोर पक्ष, अबसरहरु एबम् जोखिम बिश्लेषण**

| **१) सबल पक्षः** | **२) कमजोर पक्षः** |
|---|---|
| १. बिभिन्न बाली बस्तुहरुको बजार बिकास एबम् मुल्य अभिबृद्धि बारे अधययन अनुसन्धान भएको ।<br>२.कृषि बाली बस्तु , पशुपन्छी , मत्स्य जन्य उत्पादनको बजार सरलीकरणको लागि भौतिक पुर्वाधार निर्माण भएको<br>३.कृषि जन्य बस्तुको प्रशोधन तथा बजारीकरणको लागि उद्योग स्थापना भई गुणस्तर सुधारका कामहरु भएको<br>४. बिभिन्न बाली बस्तुको लागत तथा लाभको प्रतिस्पर्धात्मक अध्ययन तथा अनुसन्धान भएको<br>५. बाली बस्तु को मुल्य अभिबृद्धि अध्ययन अनुसन्धान भएको<br>६. कृषि जन्य उत्पादन हरु मध्ये धान, गहुँ, उखुको समर्थन मुल्य तोकिने ब्यबस्था गरिएको | १.बाली बस्तुहरुको अध्ययन अनुसन्धान भए पनि बजार बिकास तथा मुल्य अभिबृद्धिका कामहरु तीब्रताका साथ कार्यान्वयन नभएको<br>२.हिमाल, पहाड, तराईमा बजार, कोल्ड स्टोरेज, वेयर हाउस, बिक्री बितरण, ढुवानी सेवाको पर्याप्त सुबिधा नभएको<br>३. कृषि बजारमा धेरै तहमा बिचौलियाहरुको हाली मुहाली रहेको, किसानले उत्पादन मुल्य पाउन नसकेको<br>४.कृषि जन्य उत्पादनका बस्तुहरु निर्यात योग्य रहे पनि गुणस्तरको आधारमा बिश्व बजारमा प्रतिस्पर्धा गर्न नसकेको<br>५.किसानले लागत मुल्य पाउन नसकेको एबम् सरकारबाट समर्थन मुल्य तोक्न नसकेको , तोकिए पनि कार्यान्वयन हुन नसकेको |
| **३. अबसरहरुः** | **४. जोखिम** |
| १. कृषि बजार, मुल्य अभिबृद्धि तथा भौतिक पुर्वाधारबारे अध्ययन र अनुसन्धान गर्न सक्ने<br>२. किसानको हक , हित, कृषि बचतको हकमा कृषि बाली एबम् उत्पादनको लागत न्युनीकरण का उपायहरु पहिल्याउन एबम् सुझाव दिन सक्ने<br>३.कृषि बजारमा रहेको बिचौलियाको तहलाई न्युनीकरण गरी कृषकको आम्दानी बृद्धि गर्न सक्ने | १.बजार बिकास सरकारी, निजी, आयोजना, गैर सरकारी संघ। संस्था एबम् किसानका सहकारीहरु बाट स्थापना भई सन्चालनमा रहेको अबस्थामा समन्वय र सहकार्य गर्न कठिन छ,<br>२. आयोगबाट प्राप्त सुझाव सम्बन्धित निकायले लागु नगर्न सक्छ । |

| | |
|---|---|
| ४.कृषि जन्य उत्पादनको गेणस्तर सुधार हुने, ब्राडिंग , प्याकेजिंग, लेबलिंगमा सुधार आई निर्यात गर्ने अबसर प्राप्त हुन सक्ने । | |

## २. कार्ययोजना

| क.सं | आयोजनाको नाम | सूचक | सूचक प्रमाणित गर्ने आधार | जोखिम | अनुमानित बजेट | कार्यान्वियन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| २. | बिभिन्न बाली बस्तुहरुको बजार सरलीकरण गुणस्तर तथा लागत प्रतिस्पर्धात्मकता अभिबृद्धि र मुल्य अभिबृद्धिको आधारमा किसानले उचित मुल्य पाउने उपायको बारेमा नेपाल सरकारलाई सुझाव दिने । | | | | | |
| २.१ | **लक्ष्य:** बिभिन्न बाली बस्तुको बाजार सरलीकरण गर्न भौतिक पुर्वाधार निर्माण, गुणस्तर सुधार हुने, लागत न्युनीकरणका उपाय बारे सहजीकरण गर्ने र कृषि उत्पादनको न्युनतम समर्थन मुल्य तोकिंदा किसानको आम्दानी बृद्धि हुने | १.बजारका भौतिक पुर्वाधारका लागि सिफारिस हुने २.लागत न्युनीकरण का उपाय जानकारी हुने ३.कृषिबाली बस्तुको न्युनतम मुल्य निर्धारण गर्न सहज हुने | १.पुर्बाधारको आंकलन र अध्ययन २.लागत न्युनकिरण गर्न छलफल ३.गुणस्तरको मापदण्ड | १.समन्वयको कमी २.सुझाव लागु नहुने | २५ लाख | ३ तहका सरकार, कृषि तथा पशुपन्छी बिकास मन्त्रालय र अन्तर्गतका निकाय, नीजी क्षेत्रका ब्यबसायी, किसान |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.२ | **उद्येश्यः** क) कृषि उत्पादनका सम्भाब्य क्षेत्रमा बजार पुर्वाधारको अध्ययन र अनुगमन गर्ने<br>ख) कृषि उत्पादनको गुणस्तर सुधारको लागि किसान एबम् सरोकारबालाई जनचेतना बृद्धि गर्ने<br>ग) उत्पादन लागतको आधारमा कृषि उपजको बजार मुल्य निर्धारण गर्न सहयोगी हुने | १.बजार बिकास बारे अधययन र अनुगमन रिपोर्ट<br>२. गुणस्तर सुधारका मापदण्ड तयार हुने<br>३.मुल्य अभिबृद्धिको बारे किसान र सरोकारबाला लाई जानकार्ी हुने<br>४. न्युनतम समर्थन मुल्य तोक्न टेबा पुग्ने | १.अध्ययन रिपोर्ट<br>२। मापदण्ड तयार<br>३.मुल्य अभिबृद्धिका अध्ययन र अनुसन्धान<br>४.न्युनतम समर्थन मुल्यको बैज्ञानिक बिशलेषण | १.सुझाव लागु गर्न आनाकानी हुने,<br>२. राजनैतिक नेतृत्व मन्त्रालयमा अस्थिर | | ३ तहका सरकार , कृषि तथा पशुपन्छी बिकास मन्त्रालय, राष्ट्रिय किसान आयोग, |
| २.३ | **प्रतिफलः** क) सुझाव अनुसारको बजार भौतिक पुर्बाधार निर्माण तथा सुधार<br>ख) कृषि बाली बस्तु गुणस्तर सुधारका लागि अध्ययन रिपोर्ट कार्यान्वियन गर्न सहज हुने<br>ग) बाली बस्तुको न्युनतम समर्थन मुल्य तोक्न प्रतिबेदा सहायक हुने। | १. बजार भौतिक पुर्वाधारका अध्ययन रिपोर्ट<br>२.गुणस्तर सुधारका सुझावहरु<br>३. न्युनतम समर्थन मुल्य तोक्न आधार हुने | १.रिपोर्ट र प्रतिबेदन<br>२. लाभ लागतको बिश्लेषण<br>३. गुणस्तर सुधारका मापदण्ड | कार्यान्वयनमा ढिला सुस्ती | | ३ तह कै सरकार, कृषि तथा पशुपन्छी मन्त्रालय र अन्तर्गतका निकायहरु |
| २.४ | **कार्यक्रमहरुः**<br>क) बजारका बिद्यमान भौतिक पुर्बाधारका आंकलन र अध्ययन<br>ख) कृषि उपजको बजार व्यबस्थापन तथा भौतिक पूर्बाधार | १.बिद्यमान भौतिक पुर्बाधारको आंकलन<br>२.भौतिक | १. तथ्यांक<br>२. प्रतिबेदन<br>३.मापदण्ड<br>४.लाभ लागत बिश्लेषण तथा | कार्यान्वयन पक्ष कमजोर हुने | | राष्ट्रिय किसान आयोग, ३ तहकै सरकार, कृषक, व्यबसायी, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | निर्माण सम्बन्धी सुझाव पेश गर्ने<br>ग) लागत मूल्यको आधारमा बजारको मूल्य निर्धारण तथा अनुगमन प्रतिबेदन पेश गर्ने<br>घ) कृषि, पशुपन्छी तथा मत्स्य जन्य पदार्थको गुणस्तर सुधार गर्न सुझाव पेश गर्ने<br>ङ.) कृषि बाली बस्तुको न्युनतम समर्थन मुल्य तोक्न प्रतिबेदन पेश गर्ने | पुर्वाधार निर्माण गर्न सिफारिस<br>३.लागत लाभको प्रतिस्पर्धात्मक बिश्लेषण<br>४.कृषि बाली बस्तुको समर्थन मुल्य तोक्न सहयोगी सामाग्री हुने | रिपोर्ट<br>५.न्युनतम समर्थन मुल्य तोक्न बैज्ञानिक रिपोर्ट | | | उद्योगी र अन्य संघ संस्था, |

### (३)आबधिक बाँडफाँडः

| क.स. | कार्यक्रम बिबरण | पहिलो बर्ष | दोश्रो बर्ष | तेश्रो बर्ष | चोथौ बर्ष | पाँचौ बर्ष | दश बर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | बजारका बिद्यमान भौतिक पुर्वाधारका आंकलन र अध्ययन | + | + | | | | |
| २ | कृषि उपजको बजार ब्यवस्थापन तथा भौतिक पूर्वाधार निर्माण सम्बन्धी सुझाव पेश गर्ने | + | + | + | + | + | + |
| ३ | लागत मूल्यको आधारमा बजारको मूल्य निर्धारण तथा अनुगमन प्रतिबेदन पेश गर्ने | + | + | + | + | + | + |
| ४ | कृषि, पशुपन्छी तथा मत्स्य जन्य पदार्थको गुणस्तर सुधार गर्न सुझाव पेश गर्ने | + | + | + | + | + | |
| ५ | कृषि बाली बस्तुको न्युनतम समर्थन मुल्य तोक्न प्रतिबेदन पेश गर्ने | + | + | + | + | + | + |

## (२) कृषि पेशा लाई आकर्षित बनाउन अबलम्बन गनुपर्ने किसान अधिकार सम्बन्धी निती तथा कार्यक्रमका सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने

### (१) सबल पक्ष, कमजोर पक्ष, अबसरहरु एवम् जोखिम बिश्लेषण

| **सबल पक्षहरुः** | **कमजोर पक्षहरुः** |
|---|---|
| १)कृषि पेशालाई आकर्षित बनाउन ब्यबसायीकरण, औद्योगिकीकरण, यान्त्रीकरण एबम् बिबिधीकरण गरी कृषि पेशालाई रुपान्तरण गर्न सकिन्छ ।<br>(२)कृषि उत्पादन लागत घटाई किसानको आयआर्जनमा बृद्धि गर्न सकिने<br>(३) कृषि उपजको उत्पादन लागत र गुणस्तरको आधार मानी | (१) कृषिमा भएका समस्याहरुलाई सरकार मात्रले समाधान गर्न नसकिने,<br>(२) कृषि उपजको न्युनतम समर्थन मुल्य तोकिए पनि सरकारले किसानको नोक्शान जोगाउन खरीद गर्न नसक्ने<br>(३) कृषि अनुसन्धान, प्रसार तथा कृषि शिक्षालाई एकीकृत रुपमा सेवा प्रबाह गर्न नसकेको |

| | |
|---|---|
| न्युनतम समर्थन मुल्य तोक्न सक्ने<br>(४) कृषि को उत्पादन देखि बजारीकरण सम्मका समस्याहरु लाई किसानको सहभागितामा निराकरण गरी संरक्षित कृषि सुरक्षित बचतको अबधारणा किसानको हक, हित एबम् अधिकारलाई संरक्षण गर्न सकिने | |
| **अबसरहरुः**<br>१) कृषि लाई ब्यबसायीकरण एबम् औद्योगिकीकरण गर्न सके देशको तीब्रतर आर्थिक बिकास हुने<br>(२) कृषिलाई ब्यबसायको रुपमा रुपान्तरण गरी आय आर्जनको रुपमा बिकास गर्न सके युबा आकर्षित हुने एबम् युबाको बिदेश पलायन रोकिने<br>(३) किसानमुखि निती एबम् कार्यक्रम ल्याउन सके किसानको अधिकार स्थापित गर्न सहयोग पुग्ने<br>(४) किसान संघ, संस्था, संगठन, ब्यबसायी, सहकारी एबम् किसान सन्जालको क्षमता अभिबृद्धि भई सहभागिता बढने | **जोखिमः**<br>(१)कृषि निती हरु चाँडो चाँडो परिबर्तन भईरहने |

## (२) कार्ययोजना

| क.सं | आयोजनाको नाम | सूचक | सूचक प्रमाणित गर्ने आधार | जोखिम | अनुमानित बजेट | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| २. | कृषि पेशा लाई आकर्षित बनाउन अबलम्बन गर्नुपर्ने किसान अधिकार सम्बन्धी निती तथा कार्यक्रमका सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने गराउने । | | | | | |
| २.१ | **लक्ष्यः** कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने, लागतको आधारमा बजार मूल्य निर्धारण हुने एबम् गुण स्तरमा सुधार ल्याई युबालाई यस पेशा प्रति आकर्षित गर्ने अध्ययन र अनुसन्धान गर्ने गराउने | उत्पादन तथा उत्पादकत्व बृद्धिका त्थ्यांकहरु, कृषि क्षेत्रमा रोजगार बृद्धिका सुचकहरु | तथ्यांक , लक्ष्य अनुसार उत्पादन तथा उत्पादकत्व बृद्धि, गुणस्तर सुधारको प्रमाणीकरण हुने | लागत मुल्य बढ्दै जांदा छिमेकी मुलुकसंग प्रतिस्पर्धा गर्न नसक्ने | १ करोड | ३ तहका सरकार, कृषि तथा पशुपन्छी बिकास मन्त्रालय, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.२ | **उद्येश्य:** क) उत्पादन तथा उत्पादकत्व बृद्धिको लागि कृषिको नबप्रबर्तन प्रबिधिमा अधारित कृषिको आधुनिकीकरण, ब्याबसायीकरण र यान्त्रीकरण हुने<br>ख) नब प्रबर्तन प्रबिधिले कृषि जन्य उत्पादनको लागत घटाउने<br>ग) उत्पादन लागतको आधारमा कृषि उपजको बजार मुल्य निर्धारण गर्ने<br>घ)कृषिको बजारीकरणको लागि पुर्वाधार निर्माण मा जोड दिने, बजार इन्टिलेजेन्स र सूचना प्रणाली बिकास गर्ने<br>ड.) किसानको उत्पादनलाई खरीद बिक्रीको गारेन्टी दिने र न्यूनतम नाफाको लागि प्रणाली ब्यबस्थापन गर्ने<br>च) निर्दिष्ट बाली बस्तुमा गुणस्तर सुधार भई निर्यात प्रबर्द्धन हुने | नबप्रबर्तन प्रबिधिको बिकास हुने, कृषिमा रुपान्तरणका असर देखिने, बाली तथा पशुपन्छी का उत्पादनको न्युनतम समर्थन मुल्य तय हुने, किसानलाई न्युनतम बचत हुने | तथ्यांक, प्रतिबेदन, कृषकको प्रतिक्रया | त्रुटीपूर्ण कृषि नितीले सम्पूर्णकाममा बाधा आउने | | ३ तहका सरकार , कृषि तथा पशुपन्छी बिकास मन्त्रालय एबम् अन्तर्गतका निकायहरु |
| २.३ | **प्रतिफल:** क)कृषि क्षेत्र ब्यबसायीकरण र औद्योगिकीकरण हुदा कृषि पेशा प्रति आकर्षण बढ्ने<br>ख) किसानको आय आर्जन बृद्धि भएमा कृषि क्षेत्रमा रोजगार प्रबर्द्धन हुने<br>ग) कृषि क्षेत्रको बिकास का लागि आबश्यकता अनुसार अध्ययन र अनुसन्धान गराई किसानलाई जानकारी हुने | खाद्यान्नमा आयात घट्ने, देश कृषि क्षेत्रमा आत्मनिर्भर हुने, प्रांगारिक एबम् केही कृषि बस्तु निर्यात हुने | भन्सार तथ्यांक, कृषिको आम्दानी | कार्यान्वयनमा असफलता | | ३ तह कै सरकार, कृषि तथा पशुपन्छी मन्त्रालय |
| २.४ | **कार्यक्रमहरु:**<br>क) उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि अध्ययन अनुसन्धान गर्ने गराउने<br>ख) नब प्रबर्तन प्रबिधि बिकासको लागि कृषि अनुसन्धानलाइ प्रेरित गर्ने<br>ग) कृषि उपजको बजार ब्यबस्थापन तथा भौतिक पूर्बाधार निर्माणको लागि पैरबीगर्ने<br>ड.) कृषि, पशुपन्छी तथा मत्स्य जन्य पदार्थको गुणस्तर सुधार गर्न किसानको क्षमता अभिबृद्धि गर्ने<br>च) आयात प्रतिस्थापन र निर्यात प्रबर्द्धनको लागि आबश्यक पहल गर्ने<br>छ) किसानको सेवा प्रबाहको लागि कृषि अनुसन्धान, प्रसार एबम् कृषि शिक्षालाई एकीकृत रुपमा सेवा प्रबाह गर्न आबश्यक पहल र पैरबीगर्ने | उत्पादन र उत्पादकत्व बृद्धि , लाभ लागत को हिसाबले बजार ब्यबस्थापन, गुणस्तर सुधार | तथ्यांक, प्रतिबेदन, भन्सार प्रतिबेदन, बजारको भौतिक पूर्बाधार निर्माण | कार्यान्वयन पक्ष कमजोर हुने | | राष्ट्रिय किसान आयोग, ३ तहकै सरकार, कृषक, ब्यबसायी, उद्योगी र अन्य संघ संस्था |

### (३) आबधिक बाँडफांड

| क.स. | कार्यक्रम बिबरण | पहिलो बर्ष | दोश्रो बर्ष | तेश्रो बर्ष | चाथौ बर्ष | पाँचौ बर्ष | दश बर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि अध्ययन अनुसन्धान गर्ने गराउने | + | + | + | + | + | + |
| २ | नब प्रबर्तन प्रबिधि बिकासको लागि कृषि अनुसन्धानलाइ्र प्रेरित गर्ने | + | + | + | + | + | + |
| ३ | कृषि उपजको बजार ब्यबस्थापन तथा भौतिक पूर्बाधार निर्माणको लागि पैरबीगर्ने | + | + | + | + | + | + |
| ४ | कृषि, पशुपन्छी तथा मत्स्य जन्य पदार्थको गुणस्तर सुधार गर्न किसानको क्षमता अभिबृद्धि गर्ने , गराउने | + | + | + | + | + | + |
| ५ | आयात प्रतिस्थापन र निर्यात प्रबर्द्धनको लागि आवश्यक पहल गर्ने | + | + | + | + | + | + |
| ६ | किसानको सेवा प्रबाहको लागि कृषि अनुसन्धान, प्रसार एबम् कृषि शिक्षालाई एकीकृत रुपमा सेवा प्रबाह गर्न आबश्यक पहल र पैरबीगर्ने | + | + | + | + | + | + |

## (३) किसानहरुको हक हित लाई प्रर्बर्द्धन गर्न किसान कल्याणकारी योजना (Farmers Welfare Scheme) तर्जुमा गरि नेपाल सरकारलाई सिफारिस गर्ने

### (क) सबल पक्ष, कमजोर पक्ष, अबसरहरु एवम् जोखिम बिश्लेषण

| | |
|---|---|
| **१ं सबल पक्षहरुः**<br>१) किसानको हक, हित एबम् अधिकार संरक्षणको लागि प्लेटफार्म तयार हुने ।<br>२) किसान कल्याण योजनाको लागि ऐन तर्जुमाको मस्यौदा तयार हुने ।<br>(३) किसान पेशा रोजगारमुलक, आयआर्जन गर्ने सम्मानित पेशाको रुपमा रुपान्तरण हुने<br>(४) युबा पिढी कृषि पेशा प्रति आकर्षित हुने, बैदेशिक पलायन घटने | **२. कमजोर पक्षहरुः**<br>१) किसान कल्याणकारी योजनाको ब्यबस्थापन कठीन हुने<br>(२)कल्याणकारी योजना लागु गर्न सरकारले प्रशस्त बजेट खर्चिनुपर्ने<br>(३)सबै कल्याणकारी योजना एकै पटक लागु गर्न नसकने<br>(४) योजना सहभागितात्मक नहुने |
| **३) अबसरहरुः**<br>१) कृषि पेशा प्रति आकर्षण हुने<br>(२) कृषि पेशा सम्मानित पेशाको रुपमा रुपान्तरण हुने<br>(३) कृषिको ब्यबसायीकरण, यान्त्रीकरण , आधुनिकीकरण गर्न सहज हुने<br>(४) कृषि ब्यबसायका अबसरहरु सृजना हुने | **४) जोखिमः**<br>(१) सिफारिस गरिएका कल्याणकारी योजना कार्यान्वयन नहुने |

### (२) कार्ययोजनाः

| क.सं | आयोजनाको नाम | सूचक | सूचक प्रमाणित गर्ने आधार | जोखिम | अनुमानित बजेट | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| २ | किसानहरुको हक हित लाई प्रबर्द्धन गर्न किसान कल्याणकारी योजना ( | | | | ५० लाख | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | Farmers Welfare Scheme) तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने । | | | | | |
